के देशभक्त नेपालीले सिंहदरबार जलाउँछन् ?

रसुवाको भोटेकोसी नदीमा हिमपहिरो गएको दुई महिना नाघ्यो । यतिबेला राष्ट्रिय योजना आयोगले नुवाकोट, रसुवा, धादिङ, गोर्खासमेतमा निजी आवास ६९.५७ अर्ब रुपैयाँ र व्यावसायिक र अन्य भवन ९.६० अर्ब रुपैयाँको क्षति भएको प्राथमिक तथ्याङ्क सार्वजनिक गऱ्यो । आयोगले चीनसँगको सिमानामा पूर्वाधार, कृषि, वातावरणीय र सामाजिक क्षेत्रमा भएका क्षतिको विवरण तयार भइरहेको बतायो । सर्वेक्षणअनुसार क्षति भएको ४१५१ भवनमध्ये ३०६७ घरको स्वामित्व पुष्टि भएको छ । रास्वपाले विपत्तिमा सरकार अलमलमा नपर्ने बरु काम गरेर देखाउने दाबी गर्दै आएको हो । हिमपहिरोबाट क्षति भएका निजी घर र अन्य पूर्वाधारको तथ्याङ्क त सम्बन्धित पालिकाको वडाकार्यालयबाट हप्ता दिनमा सङ्कलन हुनसक्थ्यो । तर, रास्वपा सरकार यहाँ पनि चुक्यो ।

रास्वपा सरकारले हेटौंडा कपडा उद्योग पुन: सञ्चालन गर्ने दाबी गऱ्यो । कपडा उद्योगलाई धागो उत्पादन गर्न २०२१ साल जेठ ३ गते स्थापना भएको बुटवल धागो कारखाना २०६६ सालदेखि बन्द छ । बर्दियाको सयौँ बिघामा सरकारको कपास खेती थियो । त्यो अहिले घाँसे मैदानमा परिणत भयो । यतिखेर नेपालबाट धागोको निर्यात व्यापार उल्लेख्य रूपमा बढेको र चालू आ.व.को पहिलो वर्षमा ३ अर्ब ५२ करोड ५८ लाख रुपैयाँको धागो निर्यात भएको सरकारी तथ्याङ्क सार्वजनिक भयो । तर, कपास खेती नेपालमा कहाँ कहाँ छन् खुलाइएन । भारतबाट कपास आयात गरी धागो उत्पादन र निर्यात गर्नु त 'बिचौलिया' भूमिका मात्र हो । नेपालको उर्वर भूमि भारतलाई मिच्न लगाउने र खेतीपाती गर्ने युवालाई वैदेशिक रोजगारीमा पठाउने सरकारको कामले देशभित्र कपास खेती कसरी विकास हुन्छ ? निजीले वार्षिक साढे १५ अर्ब रुपैयाँको कपास निर्यात गरेको दाबी गर्ने रास्वपा सरकारले के सिंहदरबार पनि निजीलाई नै सञ्चालन गराउने हो ? होइन भने बर्दियाको कपास खेती पुन: सञ्चालन गर्नु जरुरी छ । यसो गर्न सकेन भने रास्वपा सरकारको औचित्य कसरी होला ?

पैतीस वर्षयता सरकारमा गएका दल र तिनका नेता कार्यकर्ताहरूको

बाँकी पृष्ठ १२ मा

साप्ताहिक
श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३३ ✪ अङ्क ४१ ✪ १७ कार्तिक २०८३, मङ्गलबार ✪ 3 Nov. 2026, Tuesday ✪ मूल्य रू. १०।-

भक्तपुरमा चारदिने पुस्तक प्रदर्शनी सम्पन्न

देश विदेशी प्रभावबाट मुक्त हुनुपर्ने



भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले रोटरी क्लब अफ भक्तपुरको आयोजनामा कार्तिक १२ देखि १५ गतेसम्म विद्यार्थी निकेतन माध्यमिक विद्यालयको प्राङ्गणमा हुने पुस्तक प्रदर्शनी कार्तिक १२ गते समारोहबीच उद्घाटन गर्नुभयो । कार्यक्रममा अध्यक्ष बिजुक्छेंले देश विदेशी प्रभावबाट गम्भीर रूपमा पीडित भइरहेको चर्चा गर्दै विदेशी प्रभावबाट मुक्त हुनु जरुरी भएको बताउनुभयो ।

प्रियन्का चौगुठीद्वारा रचित बाल पुस्तक 'रिया' विमोचन गर्नुहुँदै कार्यक्रममा पुस्तकबारे उहाँले भन्नुभयो, "नेपाली लेखिकाले लेख्नुभएको पुस्तकमा उल्लिखित विषयका चित्रहरू नेपालको परिवेश र कला-संस्कृतिसँग मिल्दोजुल्दो भएको भए सुनमा सुगन्ध हुने थियो ।"

भक्तपुरको नवदुर्गाको मकुन्दो नाचमा भक्ति सन्देशमात्र नभई उक्त नाच मातृसत्तात्मक समाजको चित्रण भएको र त्यस नाचमा परिवारका सदस्यहरूको जिम्मेवारीबारे पनि चित्रण गरिएको धारणा अध्यक्ष बिजुक्छेंले व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "देशका निम्ति नि:स्वार्थपूर्वक काम गर्नु जरुरी छ । आत्मालोचना र आत्मसंयमको भावना विकास गर्नु पनि उत्तिकै जरुरी छ ।"

रोटरी क्लब अफ भक्तपुरका पूर्वअध्यक्ष नीलकृष्ण ताम्राकारले पुस्तक प्रदर्शनी आयोजना गरेर आयोजकले इतिहास रच्ने काम गरेको चर्चा गर्दै आगामी दिनमा पनि यस्ता कार्यक्रम हुने अपेक्षा व्यक्त गर्नुभयो ।

पुस्तक पढ्ने बानी बसाल्नु ज्ञान आर्जन गर्ने महत्त्वपूर्ण माध्यम भएको उहाँले बताउनुभयो ।

आयोजक समितिका अध्यक्ष दशरथ प्रजापतिको संयोजकत्वमा भएको कार्यक्रममा शङ्कर प्रधानाङ्ग, प्रभात राई, सुरेन्द्र श्रेष्ठ र रेश्मा राईले पनि बोल्नुभएको थियो ।

पुस्तक प्रदर्शनीसँगै विभिन्न विषयमा प्यानल छलफल तथा कविता वाचन कार्यक्रम पनि भएको थियो ।

बाँकी पृष्ठ १२ मा

लु सुन सांस्कृतिक प्रतिष्ठानको प्रतिनिधिमण्डल भक्तपुरमा



भक्तपुर । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग लु सुन सांस्कृतिक प्रतिष्ठानका महासचिव चउ लिङफेईको नेतृत्वमा आएको १७ सदस्यीय चिनियाँ प्रतिनिधिमण्डलले कार्तिक १४ गते नगरपालिकाको सभाकक्षमा भेट गऱ्यो । नगर प्रमुख प्रजापतिले प्रतिनिधिमण्डललाई सांस्कृतिक नगर भक्तपुरमा स्वागत गर्नुभयो ।

चीनका प्रसिद्ध लेखक एवम् साहित्यकार लु सुनको नाउँमा स्थापित लु सुन कल्चर एकेडेमीका प्रतिनिधिमण्डललाई स्वागत गर्न पाउँदा खुसी व्यक्त गर्दै नगर प्रमुख प्रजापतिले लु सुन चीनको मात्र नभई संसारका काम गरी खाने वर्गको पक्षमा साहित्य कोर्ने एक क्रान्तिकारी साहित्यकार भएको बताउनुभयो । उहाँले यसप्रकारको भ्रमणले दुई देशबिचको सम्बन्ध थप प्रगाढ बढ्दै जाने विश्वास व्यक्त गर्नुभयो ।

चिनियाँ साहित्यकार लु सुनले चिनियाँ समाजलाई कुरीति, अन्धविश्वासबाट मुक्त पार्न र जनतामा राजनीतिक चेतनास्तर उठाई समाजवादी क्रान्तिको वातावरण तयार गर्न अतुलनीय योगदान गरेको स्मरण गर्दै लु सुनका साहित्यको नेपालीमा अनुवादले नेपाली पाठकहरू पनि लाभान्वित हुने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले सांस्कृतिक नगर भक्तपुरको सङ्क्षिप्त परिचय सुनाउँदै नेपालका वरिष्ठ वामपन्थी नेता नारायणमान बिजुक्छें (रोहित) ले भक्तपुरको भविष्यको रूपरेखा कोर्दै लेख्नुभएको 'सय वर्षपछिको भक्तपुर' पुस्तकलाई मार्गनिर्देशनको रूपमा लिएर भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइ, पर्यटनलगायत विभिन्न विकास निर्माणका कार्यहरू गर्दै आएको बताउनुभयो ।

हरिबहादुर श्रेष्ठको नाउँले परिचित उहाँ राजनेताको साथै एक प्रतिष्ठित प्रगतिशील लेखक र साहित्यकार पनि हुनुहुन्छ भन्दै प्रमुख प्रजापतिले नेपाली जनताको राजनीतिक चेतनास्तर उठाउन अध्यक्ष रोहितले थुप्रै प्रगतिशील साहित्य र राजनीतिक पुस्तकहरू लेख्नुभएको बताउनुभयो ।

भक्तपुरको शिक्षा, स्वास्थ्य, पर्यटनलगायतका गतिविधिबारे प्रस्ट पार्दै उहाँले भक्तपुरमा वार्षिक ३६ हजारभन्दा बढी चिनियाँहरूले भक्तपुर भ्रमण गरेको तथ्याङ्क प्रस्तुत गर्दै नेपाल भ्रमणमा आउने चिनियाँ नेताहरू, सरकारका विभिन्न तहका उच्च पदाधिकारीहरूले भक्तपुरलाई प्राथमिकता दिएर बरोबर भक्तपुर भ्रमण गर्नुभएको स्मरण गर्नुभयो ।

भक्तपुर नगरपालिका र चीनको सि च्याङ प्रान्तको सान्नान नगरपालिकाबिच भगिनी सम्बन्ध र स्छुवान प्रान्तको लसान नगरपालिकासँग भगिनी सम्बन्ध बनाउन समझदारी पत्रमा हस्ताक्षर भइसकेको अवगत गराउँदै उहाँले चीनको उच्चस्तरीय नेताहरूको भ्रमण, भक्तपुर नगरपालिका र चीनका सान्नान नगर तथा लसान नगरपालिकाबिचको सम्बन्ध, सहयोग र सहकार्यसम्बन्धी सबै विवरणहरूको सँगालो

बाँकी पृष्ठ १२ मा

नेपालको सार्वजनिक ऋण ३० खर्ब नाघ्यो !

नेपाल सरकारको कुल सार्वजनिक ऋण ३० खर्ब ९ अर्ब ११ करोड ६६ लाख रुपैयाँ पुगेको सार्वजनिक भएको छ । यो नेपालको कुल गार्हस्थ उत्पादन (जीडीपी) को ४५.५९ प्रतिशत हो । आर्थिक वर्ष २०८२/८३ मा नेपालको कुल गार्हस्थ्य उत्पादन लगभग ६६ खर्ब रुपैयाँ रहने अनुमान गरिएको छ । नेपालको कुल गार्हस्थ उत्पादनको ३० प्रतिशत हिस्सा सीमित व्यक्तिको हातमा रहेको र बाँकी ७० प्रतिशत नेपालीलाई जीवन निर्वाह गर्न कठिनाइ भइरहेको तथ्य यसअघि नै सार्वजनिक भएको हो । यसले नेपालको कुल गार्हस्थ उत्पादनमा सबै नेपालीको समान हिस्सा नरहेको पुष्टि गर्छ ।

नेपालको छिमेकी देश चीनले सन् २०२० को अन्त्यमा गरिबी उन्मूलन भएको घोषणा गरेको थियो । अर्थात्, चीनमा अब खान र लगाउनजस्ता आधारभूत आवश्यकताका लागि समस्या नरहेको दाबी गरिएको थियो । नेपालको अर्को छिमेकी देश भारतमा झन्डै आधा जनसङ्ख्या खुला ठाउँमा शौच गर्न बाध्य रहेको र झन्डै एकचौथाइ जनता दिनमा एक छाक मात्र खाएर सुत्नुपर्ने अवस्थामा रहेको तथ्य सार्वजनिक भएको थियो । चीन र भारत दुवै देशको जनसङ्ख्या झन्डै डेढ-डेढ अर्ब छ । 'सपनाको देश' भनिने संरा अमेरिका सरकारले पनि गरिबी हटाउन सकेको छैन । आज पनि संरा अमेरिकामा रोजगारी, आवास र उपचारको सुविधाबाट जनता वञ्चित छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकार गठन भएको सात महिना भयो । यो सरकारले चालू आर्थिक वर्षमा ६ खर्ब ५८ अर्ब २८ करोड रुपैयाँ सार्वजनिक ऋण लिने लक्ष्य राखेको छ । चालू आर्थिक वर्षमा सार्वजनिक ऋणको सावाँ र ब्याज भुक्तानीका लागि सरकारले कुल ४ खर्ब १७ अर्ब ८८ करोड ७० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । सरकारले असोजसम्म ९८ अर्ब ८७ करोड ३५ लाख रुपैयाँ भुक्तानी गरेको पनि सार्वजनिक भएको छ । नेपालको आन्तरिक राजस्व कर्मचारी प्रशासन सञ्चालन गर्नसमेत पर्याप्त छैन । नेपाली काङ्ग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) नेतृत्वका सरकारहरूले देशको अर्थतन्त्र उकास्ने नाममा सार्वजनिक ऋण बढाएको सत्य हो । रास्वपा नेतृत्वको सरकार पनि पुरानै दलहरूको पदचिह्नमा हिँड्दै छ । हुन त रास्वपाका रवि लामिछाने, शिशिर खनाल, विराजभक्त श्रेष्ठलगायत नेताहरू पुरानै दलहरूको नेतृत्वमा बनेको सरकारमा उपप्रधानमन्त्री तथा मन्त्री बनेका थिए । अर्थात्, रास्वपा नेतृत्वको सरकार 'नयाँ सिसीमा पुरानै रक्सी' जस्तै हो ।

वित्तीय संस्थाबाट ऋण लिनेहरूले सावाँ-ब्याज भुक्तानी नगरेमा धितो राखिएको घर, जग्गा, सेयर र सुन लिलाम गरिन्छ । नेपाली काङ्ग्रेस, एमाले, माओवादी र रास्वपा नेतृत्वको सरकारले लिएको सार्वजनिक ऋणको सावाँ-ब्याज समयमै भुक्तानी गर्न नसकिएमा कुन-कुन प्रधानमन्त्री र मन्त्रीको घरजग्गा तथा सुन लिलाम हुने हो, स्पष्ट हुनु जरुरी छ । प्रधानमन्त्री, मन्त्री र उनीहरूका आसेपासेको सम्पत्ति बढ्दै जाने तर तिनका सरकारले लिएको सार्वजनिक ऋणको सावाँ-ब्याज भुक्तानी हुन नसक्दा देश नै लिलाम हुने अवस्था कसरी न्यायोचित हुन सक्छ ?

नेपाली काङ्ग्रेस, एमाले र माओवादी नेतृत्वका सरकारहरूले विश्व बैङ्क, एसियाली विकास बैङ्क (एडीबी) र अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) बाट ऋण लिने तर छिमेकी देश चीनबाट अनुदान मात्र लिने नीति अपनाउनु गलत हो । ती सरकारहरूले चीनबाट अनुदान


बाँकी पृष्ठ ११ मा

संरा अमेरिकी सरकार ४ सय खर्ब डलर ऋणमा !

संरा अमेरिकाका खोज पत्रकार किट क्लारेन वर्गले 'दि ग्रेजोन' सञ्चारमाध्यममार्फत नेपालमा गत वर्ष भदौ २३ र २४ गतेको उपद्रव संरा अमेरिकी सरकारको केन्द्रीय गुप्तचर संस्था सीआईएअन्तर्गतका संस्थाहरूमार्फत २ करोड डलरभन्दा बढी खर्च गराइएको केही महिनाअघि सार्वजनिक भएको थियो । यतिबेला नेपालका केही विश्लेषकहरू संरा अमेरिकी सरकार अब गैरसरकारी संस्थामार्फत होइन अब सोझै नेपाली सेनामा प्रभाव जमाउन लागेको बताउँदै छन् । यो विश्लेषण अझ पुरानो देखियो । किनभने, गत वर्ष भदौ २३ र २४ गतेको उपद्रवलाई पूर्णरुपले नियन्त्रण गर्न नेपाली सेना नलागेको सो उपद्रव छानबिन गर्न गठित काकी आयोगको प्रतिवेदन र संवैधानिक निकाय राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनमा उल्लेख छ ।

नेपालको राजनीतिबारे विश्लेषण गर्दै आएका सीके लालले चीन र भारतले नेपालको सेना, राजनीतिक दल र प्रशासनमा संरा अमेरिकी सरकारले पनि हस्तक्षेप गर्न लागेको बताएको सार्वजनिक भयो । चीनले संसारका कुनै पनि देशको आन्तरिक मामिलामा हस्तक्षेप गरेको प्रमाण छैन, नेपालको आन्तरिक मामिलामा पनि हस्तक्षेप गरेको छैन । संरा अमेरिकी सरकारले संसारका नौ सयभन्दा बढी ठाउँमा सेना र हतियार तैनाथ गरेको छ । भारतले दक्षिण एसियामा 'मोदी डक्ट्रिन' लागू गर्न खोज्दै छ । भारतसँगको सन् १९५० को सन्धिमा नेपालको सुरक्षा मामिला भारतको

बाँकी पृष्ठ ११ मा



भीआई लेनिन

'शान्ति, जमिन र रोटी' अनि 'सबै शक्ति सोभियतलाई' यही नै अक्टोबर क्रान्तिको नारा थियो र पहिलो कार्य पनि ।

सम्पादकीय

राजधानीको अर्थ के हो ?

संसारका राजधानीहरूलाई तुलनात्मक रूपले देशका सचेत र परिवर्तनका बाहकको रूपमा हेरिन्छ । त्यसमध्ये राजधानीलाई भ्रष्टाचारको थलोको रूपमा परिवर्तन गर्न खोज्ने जिल्ला-जिल्ला र गाउँ-गाउँका जालीफटाहा, सामन्त र शोषकहरू पनि ओइरिने गर्छन् । उद्योगधन्दाको विकासपछि राजधानी र मुख्य मुख्य सहरहरू कामदारवर्ग र युवा-विद्यार्थीहरूको सङ्घर्षको केन्द्रको रूपमा परिवर्तन हुने गर्छ ।

काठमाडौँ हिजो राणा शासन (सैनिकतन्त्र) को विरोधी केन्द्र बन्दै गएको थियो । पञ्चायतकालमा काठमाडौँ पुन: युवा-विद्यार्थी, सामन्तवादविरोधी र प्रजातन्त्रको पक्षमा राजनैतिक दलहरू सक्रिय हुँदै गयो र देशमा गणतन्त्र स्थापना भयो ।

तर, अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको संयुक्त उद्देश्यले २०८२ भदौ २३ र २४ को उपद्रवको प्रतिगामी राजनैतिक उद्देश्य व्यवहारमा देखापऱ्यो । नेपाली काङ्ग्रेस र एमालेजस्ता शासक दलहरूको आवश्यक सचेतताको अभाव एवम् नेपालमा अमेरिकी-भारतीय हस्तक्षेपको तानाशाही प्रवृत्तिले देश एक एक पाइला गरेर अमेरिकी-भारतीय उपनिवेशमा फेरिँदै गयो ।

देशको अर्थतन्त्रमा विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्राकोष र एसियाली विकास बैङ्कजस्ता अमेरिकी साम्राज्यवादी आर्थिक पञ्जाको नियन्त्रणमा नेपाल कसिँदै गएको छ । यस षड्यन्त्रको एक चुकुल वा पिछलग्गूको रूपमा वर्तमान अर्थमन्त्रीको रूपमा स्वर्णिम वाग्ले उदाङ्गिएको छ । यसलाई कसैले इन्कार गर्न सक्दैन किनभने उनी स्वयम् ती अमेरिकी आर्थिक पञ्जाकै एक कर्मचारी थिए ।

नेपाल एक तटस्थ र असंलग्न परराष्ट्र नीति बोकेको तथा पञ्चशीलको सिद्धान्त मान्ने देश हो । नेपालले छिमेकी चीनको 'एक चीन नीति' मान्दै आएको छ । यस्तो देशले एक एक पाइला गरेर अमेरिकी साम्राज्यवादी पिट्ठु दलाई लामा गुट र थाइवानको शासनलाई मान्यता दिने जस्ता विश्वासघाती पाइला चाल्दै छ । त्यसको विरोधमा राजधानीका जनता सचेत, आश्चर्य र आक्रोशित हुँदै छन् । यस अर्थमा काठमाडौँका जनता युवा, विद्यार्थी, बुद्धिजीवी र किसानहरू जागेमा आश्चर्य मान्नुपर्ने छैन ।


संसारमा परिवर्तनको हावा चल्दै छ

नेपाली जनमानसमा कम चर्चा हुने महादेशहरूमध्ये अफ्रिका र दक्षिण अमेरिका पनि पर्दछन् । दक्षिण अमेरिका पश्चिमी गोलार्द्ध तथा उत्तर र दक्षिणको हिसाबले दक्षिण गोलार्द्धमा पर्दछ । केही दिनअगाडि त्यस महादेशको ब्राजिल त्यस महादेशको सबभन्दा ठुलो देश र आर्थिक रूपले पनि ठुलो देश हो । प्रतिगामीहरूको थिचोमिचो बढ्दै गएको त्यो क्षेत्रमा हालै भएको ब्राजिलको निर्वाचनमा मजदुर पार्टीका नेता लुला चौथो पटक पनि ३.६ प्रतिशत बढी मत पाएर विजयी भए । त्यस विजयले पश्चिमी गोलार्द्धको दक्षिणमा अर्थात् ल्याटिन अमेरिकी देशहरू दुई-चारलाई छोडेर धेरै देशमा प्रतिगामीहरू पनि पराजित हुँदै प्रजातन्त्र र प्रगतिशील पक्षको विजय हुने आशाको सञ्चार हुँदै छ ।

युरोपमा अमेरिकी ट्रम्प प्रशासनको हस्तक्षेप हुँदाहुँदै पनि मूल्यवृद्धि, बेरोजगार, शिक्षा बजेटको कटौती, रुसमाथि युक्रेनको आक्रमणलाई सहयोग गर्ने देशहरूमा सरकारविरोधी आन्दोलन चर्कँदै छ । लाखौँलाख युवा-विद्यार्थी, वामपन्थी र रुसको विरोधमा युक्रेनलाई सहयोग गर्ने फ्रान्स र जर्मनीमा झन् ठुलठुला भिडन्त र सरकारी दमनको विरोधमा लुटपिट समेत भएका समाचारहरू सार्वजनिक भइरहेका छन् ।

यसबाट थाहा हुन्छ - पुँजीवादी देशहरूमा समेत अमेरिकी साम्राज्यवादी ट्रम्पको हस्तक्षेप र आक्रामक नीतिको विरोधमा जनता सडकमा ओर्लेका छन् । ती ठाउँहरू पेरिस, अन्य राजधानी र ठुलठुला नगरहरूमा पनि जनता सडकमा ओर्लेका छन् । यसबारे संरा अमेरिका र बेलायतमा समेत गतिविधि देखियो । यसअनुसार नेपालको राजधानी काठमाडौँ राजनीतिको केन्द्रमा यस्ता विषयमा सडक तात्नेबारे दुईमत नहोला !

आजको सङ्कटका कारक शासक दलहरू !



छयालीसौँ तः मुंज्या

नेपालभाषा साहित्य तःमुंज्या कामदार वर्गको साझा दबु हो । यतिबेला नेपालमा ७० प्रतिशत जनतालाई जीवन निर्वाहमा कठिन भएको र महँगी ४० प्रतिशतदेखि ३०० प्रतिशतसम्म बढेको तथ्याङ्क सार्वजनिक भयो । नेपालको एउटा विश्वविद्यालयले गरेको सर्वेक्षणमा ७० प्रतिशत नेपालीले देश गलत बाटोतर्फ गइरहेको बताएको पनि सार्वजनिक भयो । सरकारमा पुगेकाहरू कामदार वर्गको नभएको पुष्टि भयो ।

युरोपका बेलायत, फ्रान्स, स्पेन, इटाली, नेदरल्यान्ड, अल्बानिया, पोर्चुगल, बेल्जियम, आयरलैन्ड, ग्रीस आदि देशमा पनि महँगी, स्वास्थ्य, शिक्षा, रोजगारीका विषयहरू उठाएर सडक आन्दोलन भइरहेका छन् । देश र जनताको समस्या समाधान नहुनुमा शासकहरू नै दोषी हुन् ।

चिनिया कम्युनिस्ट पार्टीका नेता माओ त्सेतुङ्गको भनाइ उल्लेख गर्दै अघि एक वक्ताले यो दबुमा 'माओवादी साहित्य' भन्नुभयो । चिनियाँ नेता माओ त्सेतुङ्गले आफूले अध्ययन गरेको मार्क्सवाद-लेनिनवादको सार माओ त्सेतुङ्ग विचारधारा भएको बताउनुभएको हो । यसकारण हामीले 'माओवादी साहित्य' भन्नु उपयुक्त होइन, माओ त्सेतुङ्ग विचारधारासँग सम्बन्धित साहित्य भन्नु आवश्यक छ ।

'भारतको नक्सलवादी आन्दोलन' पनि यहाँ उच्चारण गरियो । हामीले नक्सलवादी आन्दोलनबारे अध्ययन गर्दा जनतालाई राम्रोसँग शिक्षित र सङ्गठित नगरिएको त्यो आन्दोलन 'व्यक्ति हत्या' मा टुङ्गिएको थाहा पायौँ । नेमकिपाले व्यापक जनतालाई शिक्षित र सङ्गठित गरेर देश र जनताको नि:स्वार्थ सेवा गर्ने विचारलाई अघि बढाउँदै आएको हो ।

किसान आन्दोलन, भ्रष्टाचारविरोधी आन्दोलन, भारतीय विस्तारवाद र संरा अमेरिकी साम्राज्यवादविरोधी आन्दोलन अघि बढाउँदै नेमकिपा जनताको सेवामा समर्पित हुँदै आएको छ । तत्कालीन भक्तपुर नगर पञ्चायतमा प्रतिनिधित्व गर्नुभएको पार्टीका साथीहरूले पार्टीको विचारअनुसार निमावि तह कक्षा ६ र ७ मा नि:शुल्क व्यवस्था गर्नुभएको हो ।

बहुदलीय व्यवस्था पुन:स्थापनायता पार्टीका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले प्रतिनिधिसभामा भक्तपुरलाई सांस्कृतिक नगर घोषणा गराउने विधेयक र उपभोक्ता हक हित संरक्षण विधेयक संसद्मा दर्ता गराउनु हो । शासक दलहरूले २०४७ सालमा नेपालका नदीहरू भारतको साझा हुने सम्झौता गरेको विरोधमा नेमकिपाले भक्तपुर-काठमाडौँ पैदल जुलुस गऱ्यो भने संसद्मा पनि विरोध गऱ्यो ।

पार्टीका अध्यक्षज्यूले २०५४ सालयता 'एक घर एक स्नातक' भक्तपुरबाट सुरु गर्ने प्रस्ताव अघि सार्नुभयो । ततपश्चात् ख्वप कलेज र अन्य कलेजहरू स्थापना भए । अहिले भक्तपुरमा 'एक घर एक स्नातक' त भयो नै 'एक घर एक स्नातकोत्तर' पनि भयो भने दर्शनशास्त्री (पीएचडी) उपाधी प्राप्त गरेकाहरू पनि बढ्दो छ । वडा वडामा शिशु स्याहार केन्द्र पनि बढ्दै छ ।

भक्तपुरलाई सांस्कृतिक नगर बनाउने विषयमा अध्ययन प्रतिवेदन तयार भइसकेको छ तर सरकारहरूले यससम्बन्धी विधेयक अघि बढाएनन् । २०५९ सालदेखि २०६३ सालसम्म देशमा प्रतिगामी सरकार बने । नेमकिपासमेतको नेतृत्वमा प्रतिगमनको विरोधमा आन्दोलन उठ्यो । नेमकिपाले जनताको पक्षमा संविधान बनाउन २०६३ सालदेखि २०७२ सालसम्म सडक र संविधानसभामा सङ्घर्ष गऱ्यो । त्यसअवधिमा शासक दलहरूले जन्मको आधारमा विदेशीलाई नेपालको नागरिकता दिने कानुन बनाए । नेमकिपाले देशघाती नागरिकता विधेयक खारेज गराउन सडक र संसद्मा सङ्घर्ष गऱ्यो । यो सङ्घर्ष चालु छ ।

संविधान निर्माणको बेला नेमकिपाले विद्यालय शिक्षा नि:शुल्क र अनिवार्य, विश्वविद्यालय शिक्षा नि:शुल्क, देशभित्र रोजगारी, उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण, हिमाल-पहाड-तराई समावेश प्रदेशको संरचनालगायत देश र जनताको हितमा ७०-८० बुँदा संशोधन पेश गऱ्यो तर शासक दलहरूले एक स्वरमा नेमकिपाको सुझावलाई अस्वीकार गरे । त्यसैको परिणाम अहिले नेपालमा सङ्कट थपिँदै आएको हो ।

शासक वर्गले नेपालको जल, जङ्गल, जमिन, खनिज सबै विदेशी एकाधिकार पुँजीलाई दिने लगानी बोर्ड ऐन पारित गऱ्यो । यसमा नेमकिपाले विपक्षमा मत दियो । शासक दलहरूले माथिल्लो कर्णाली, मुगु कर्णाली, तिला-१, तिला-२, अरुण तेस्रो, तल्लो अरुण, अरुण चौँथो, पश्चिम सेती, सेती १, फुकोट कर्णाली, चिसापानी कर्णालीलगायत नदीका जलविद्युत् परियोजनाहरू भारतीय एकाधिकार पुँजीलाई कब्जा गराए । नेमकिपाले यी सम्झौताहरूको पनि विरोध गर्दै छ ।


शासक दलहरूले संविधानमा उल्लेख 'समाजवादउन्मुख राज्य' सम्बन्धी एउटा पनि कानुन बनाएनन् । यसविपरीत नेपालको स्रोत साधन मुठ्ठीभर व्यक्तिको कब्जामा पुग्ने कानुन बनाए । एमसीसी सम्झौतामा अमेरिकी नीति र कानुन पालना गर्नुपर्ने, यसको योजनामा भारत सरकारको समर्थन जरुरी हुने, बुटवलदेखि भारतको गोरखपुरसम्म विद्युत् प्रसारण लाइन तानेर नेपालको बिजुली भारत हुँदै सिङ्गापुरसम्म लाने, एमसीसी सम्झौताअनुसारका योजनामा नेपालीको मृत्यु भएमा कतै उजुरी नलाग्ने, मुद्दा भएमा अमेरिकी अदालतमा मात्र चल्नेलगायत देशघाती बुँदा शर्त भएको हुँदा नेमकिपाले यो सम्झौता खारेज हुनुपर्ने आवाज सडक एवम् संसदमा उठाउँदै आएको हो ।

प्रतिनिधिसभाको २०७९ सालको चुनावयता नयाँ दाबी गरेका पार्टीका प्रतिनिधिहरू पनि संसद्मा पुगे तर उनीहरू पुरानै पार्टीको नेतृत्वमा उपप्रधानमन्त्री र मन्त्री बने । उनीहरू गृहमन्त्री भई नेपाली युवालाई पर्यटक प्रवेशाज्ञामा वैदेशिक रोजगारीमा पठाए र यसबाट करोडौँ कुम्ल्याएको त्यतिबेलै सार्वजनिक भएको हो । त्यतिबेला भारतीय राजदूतलाई एक होटलमा भेटेपछि नयाँ भन्नेहरूले नेपाललाई भुटान वा सिक्किमजस्तै भारतकै प्रदेश बनाएर भए पनि प्रधानमन्त्री बन्ने बताएको पनि सार्वजनिक भएकै हो । अहिले अर्थमन्त्री बनेकाले त्यसबेला संसद्मा दक्षिण अमेरिकामा 'मुनरो डक्ट्रिन' जस्तै दक्षिण एसियामा 'मोदी डक्ट्रिन' स्वाभाविक हुने बोलेका थिए । यसकारण नयाँ भन्नेहरू देशभक्त होइनन् । यतिखेर नयाँ भन्नेहरू सरकारको नेतृत्वमा पुगेर 'नेपालले भारतको सीमा मिचेको छ' भन्न पुगे । खुला सिमानामा भारतीय सुरक्षा बलबाट नेपालीहरूलाई कुटपिट, लुटपाट भइरहेको र देशको सीमा अतिक्रमण गरिरहेकोलाई सरकारले बेवास्ता गऱ्यो ।

गत वर्ष भदौ २३ र २४ गतेको उपद्रव हुनु अगाडि नै 'पेट्रोल बम लिएर आउनू', 'निर्णायक आन्दोलन गर्ने' आदि सामाजिक सञ्जालमा सार्वजनिक गरेका को को हुन् यसबारे तत्कालीन सरकारमा बसेका एमाले र नेका बोलेका छैनन् । भदौ २३ गतेको घटनामा निहत्थाको मृत्यु भयो तर उनीहरूलाई आन्दोलनमा बोलाउन दुरुत्साहन गर्ने र मराउने को को हुन् यसबारे पनि त्यसबेला सरकारमा रहेकाहरू बोलेका छैनन् । भदौ २३ गते बेलुका तत्कालीन गृहमन्त्रीले राजीनामा दिए तर तत्काल नयाँ गृहमन्त्री नियुक्ति गरिएन । भदौ २४ गते बिहान प्रधानमन्त्री ओलीको पनि राजीनामा मागियो । त्यसबेला ओलीले राजीनामा नदिने अडान राखे । तर, अपराह्न १:३० बजे देशभरि झैँ आगजनी गरिएपछि ओली सेनालाई राजीनामा छोडेर सैनिक हेलिकप्टरमै १२ दिन बेपत्ता भए । यसरी ३५ वर्षयता पालैपालो प्रधानमन्त्री भएका शासक दलहरूले देश र जनताको

बाँकी पृष्ठ ११ मा

दुग्ध विकास संस्थानमा भ्रष्टाचार र ?



शुक्र

दुग्ध विकास संस्थान (डीडीसी) ले खरिद गर्ने दूधको रकममा घोटाला भयरहेको बेला बेला सञ्चारमाध्यममा बाहिरिएको हो । समाचारअनुसार डीडीसीले किसानसँग खरिद गरेको दूधको रकम किसानको खातामा नगई कर्मचारीको खातामा कसरी गयो ?

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआइबी) ले डीडीसीका तत्कालीन महाप्रबन्धक सञ्जीव झासहितले १२ करोड रुपैयाँभन्दा बढी रकम घोटाला गरेको कसुरमा ८ जनालाई पक्राउ गऱ्यो । १७ वटा कृषि तथा पशुपालन सहकारीबाट कर्मचारीहरूले रकम बुझेको सीआइबीको दाबी छ । सबै रकमको हिस्सा महाप्रबन्धक झासम्म पुगेको सीआइबीको थप दाबी हो ।

लालीगुराँस पशुपालन फर्मबाट मात्रै कर्मचारीको खातामा चार करोड ४२ लाख रुपियाँ गयो । तत्कालीन महाप्रबन्धक झाका पारिवारिक सदस्य रितेश राय यादवको खातामा लालीगुराँस पशुपालन फर्मबाट एक करोड ८६ लाख रूपैयाँ र भैरवपुर भैँसी पालन पशुपन्छी फार्मबाट रितेशका नाममा ६९ लाख ११ हजार रूपैयाँ पुगेको सीआइबीको दाबी हो ।

विभिन्न कृषि फर्महरूबाट रामकेवलको खातामा एक करोड १४ लाख रुपैयाँ, रामकेवलका छोरा डीडीसीका कर्मचारी जितेन्द्रकुमार यादवको खातामा २७ लाख रूपैयाँ समेत एक करोड ३२ लाख रुपैयाँ गएको सीआइबीको दाबी छ । जोरपाटी दुग्ध उत्पादन संस्था भरतपुरलगायत कृषि फर्महरूबाट जुनियर टेक्निसियन मनहरि शर्माको खातामा एक करोड १५ लाख रूपैयाँ जम्मा भएको छ ।

सिम्ले दुग्ध खरिद बिक्री फर्मबाटजुनियर प्राविधिक सहायक विजयकुमार यादवले ४६ लाख १३ हजार रुपैयाँ, डीडीसीका कर्मचारी शिवनन्द रायले दैनिक पारिश्रमिकका नाममा विभिन्न कृषि फर्मबाट एक करोड ६९ लाख रुपैयाँ र नवीन राय यादवले एक करोड ९३ लाख रुपैयाँ बुझेको सीआइबीको दाबी हो ।

सीआइबीले गत जेठ १३ गते डीडीसीको केन्द्रीय कार्यालय लैनचौर र काठमाडौँ दुग्ध संस्थानको कार्यालय बालाजुमा छापा मारेर सबै कागजात नियन्त्रणमा लिएपछि उक्त रहस्य खुलेको हो । सुशान्त पशुपालन केन्द्र, लालीगुराँस पशुपालन फर्म, एमएनएमबी भैँसी पालन तथा कृषि फर्म, सिर्जना पशुपालन तथा कृषि फर्म, जयनरी पशु विकास फर्म, सक्रिय महिला दुग्ध उत्पादन सहकारी संस्था, सर्लाही एकीकृत कृषि तथा पशुपन्छी फर्म, सर्लाही डेरी उद्योग, जयप्रिय कृषि तथा सहकारी संस्था लि., अन्नपूर्ण बहुउद्देश्यीय सहकारी संस्था लि., जोरपाटी दुग्ध उत्पादन सहकारी संस्था लि., सिम्ले दुग्ध खरिद बिक्री फर्म, राप्ती हरियाली दुग्ध उत्पादन सहकारी संस्था लिमिटेड, सर्लाही कृषि तथा पशुपन्छी फर्म, पन्त पशुपालन फर्म, सोडारी गाई फर्म र भैरवपुर भैँसी पालन पशुपन्छी फर्मबाट कर्मचारीहरूले रकम बुझेको अनुसन्धानमा खुलेको छ ।

डीडीसीले विभिन्न दुग्ध तथा कृषि सहकारी संस्थाहरूबाट ल्याएको दुधकोचिल्लो पदार्थ, दूध र पानी छुट्याएपछि बन्ने पदार्थ (एसएनएफ) को आधारमा दुधको मूल्य तोक्छ । कर्मचारीहरूले किसानलाई दूधमा भएको चिल्लो पदार्थ र एसएनएफ नबताई लुकाउने र गलत रेकर्ड देखाएर रकम असुल्ने गरेका छन् । कर्मचारीहरूले किसानलाई सम्पर्क गरी आफूले चिल्लो पदार्थको मात्रा बढाइदिएको रकम बराबर आफूलाई फिर्ता गर्न दबाब दिन्थे । कर्मचारीहरूले कहिले दूध बिग्रेको बहाना गरी कहिले अन्य बहानामा किसानसँग रकम असुल्ने गर्छन् ।

महाप्रबन्धक झाको पालामा किसानलाई भुक्तानी गर्नुपर्ने रकम ८५ करोड बाँकी रहेको छ । किसानलाई रकम भुक्तानी नगरी डीडीसी डुबाउन लागिपर्ने भ्रष्ट कर्मचारीहरूको सम्पत्ति राष्ट्रियकरण किन हुँदैन ? सरकारी संस्थानलाई घाटामा पुऱ्याउने यस्ता भ्रष्ट कर्मचारीहरूको साँठगाँठ शासक दलका नेता र मन्त्रीसम्म पुगेकै हो ? डीडीसीले नगरकोट र सल्लाघारीको दूध सङ्कलन केन्द्र बन्द गरेको यसरी नै भ्रष्टाचार गर्न हो ? के रास्वपा सरकारले डीडीसीको चीजको विज्ञापन यसरी भ्रष्टाचार गराउन गरेको हो ?

“लु सुन संसारको कामदारवर्गको पक्षमा साहित्य लेख्ने एक महान् क्रान्तिकारी साहित्यकार हुन्”

✍ सुनिल प्रजापति, प्रमुख भक्तपुर नगरपालिका



नेपाल सधैँ एक चीन नीतिको पक्षमा छ। चीनले गरिरहेको तीव्र आर्थिक विकासले चिनियाँ विशेषतासहितको समाजवादको निर्माण चीनमा सफलतापूर्वक अगाडि बढिरहेको देखाउँछ। चीनले गरेको भौतिक विकास र आर्थिक प्रगति देखेर विश्वका जनता आश्चर्यमा परेका छन्। छिमेकी चीनले गरेको विकास र समृद्धिबाट नेपाल र नेपालीलाई पनि फाइदा पुग्ने अपेक्षा छ।

जनवादी गणतन्त्र चीनको लु सुन सांस्कृतिक प्रतिष्ठानका महासचिव चउ लिङफेईको नेतृत्वमा पाल्नुभएका प्रतिनिधिमण्डलका सबै सदस्य र देवकोटा-लु सुन प्रज्ञा प्रतिष्ठानका मित्रहरूलाई सांस्कृतिक नगर भक्तपुरमा हार्दिक स्वागत गर्दछौँ ।

चीनका प्रसिद्ध लेखक एवम् साहित्यकार लु सुनको नाउँमा स्थापित लु सुन कल्चर एकेडेमीका प्रतिनिधिमण्डललाई स्वागत गर्न पाउँदा हामी ज्यादै खुसी छौँ । लु सुन चीनको मात्र होइन संसारका काम गरी खाने वर्गको पक्षमा साहित्य कोर्ने एक क्रान्तिकारी साहित्यकार हुनुहुन्थ्यो । उहाँले बन्दुक नबोके पनि चिनियाँ समाजलाई कुरीति, अन्धविश्वासबाट मुक्त पार्न र जनतामा राजनीतिक चेतनास्तर उठाई समाजवादी क्रान्तिको वातावरण तयार गर्न अतुलनीय योगदान गर्नुभयो । उहाँका थोरै मात्र साहित्यहरू नेपालीमा अनुवाद भएका छन् । आगामी दिनमा देवकोटा लु सुन फाउन्डेसनको तर्फबाट अन्य साहित्यहरूको पनि नेपालीमा अनुवाद आउने र नेपाली पाठकहरूले पढ्न पाउने अपेक्षा गर्दछौँ ।

भक्तपुर नगरपालिका आकारको हिसाबले नेपालको सानो नगरपालिकामध्ये एक हो । यस पालिकामा स्थायी बासिन्दाहरू ८० हजार छन् भने बाहिर जिल्लाबाट आएर विभिन्न पेसा वा व्यवसाय तथा अध्ययन गरेर बस्नेहरू पनि त्यत्तिकै सङ्ख्यामा छन् । यस नगरपालिकाले दैनिक १ लाख ५० हजार जनतालाई सेवा प्रदान गर्दै आएको छ ।

जुजु धौ, भादगाउँले टोपी, टाइचीन च्युरा, हाकुपतासी, माटाका भाँडाहरू यहाँका विशेषताहरू हुन् । पाँचतले मन्दिर, पचपन्न झ्याल दरबार, सुनढोका, दत्तात्रय मन्दिर यहाँका काष्ठकला, प्रस्तर कला र धातुकलाका अनुपम उदाहरणहरू हुन् ।

यो नगर १० वटा वडामा विभाजित छन् । २०७९ सालमा सम्पन्न स्थानीय तहको निर्वाचनमा सबै वडाबाट नेपाल मजदुर किसान पार्टीका प्रतिनिधिहरू निर्वाचित भएर काम गर्दै छौँ । नेपाल मजदुर किसान पार्टी मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधारालाई मार्गनिर्देशक सिद्धान्तको रूपमा अङ्गीकार गर्दै आएको पार्टी हो । यस पार्टीको नेतृत्व नेपालका वरिष्ठ वामपन्थी नेता नारायणमान बिजुक्छेँ (रोहित) ले गर्दै आउनुभएको छ । उहाँले भक्तपुरको भविष्यको रूपरेखा कोर्दै एक पुस्तक लेख्नुभएको छ - ‘सय वर्षपछिको भक्तपुर’ । त्यसलाई मार्गनिर्देशनको रूपमा लिएर भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइ, पर्यटनलगायत विभिन्न विकास निर्माणका कार्यहरू गर्दै आएको छ । हरिबहादुर श्रेष्ठको नाउँले परिचित उहाँ राजनेताको साथै एक प्रतिष्ठित प्रगतिशील लेखक र साहित्यकार पनि हुनुहुन्छ । उहाँले नेपाली जनताको राजनीतिक चेतनास्तर उठाउन थुप्रै प्रगतिशील साहित्य र राजनीतिक पुस्तकहरू लेख्नुभएको छ ।

यस नगरमा ९२ वटा विद्यालयहरू छन् । नगरपालिकाले शिशुस्याहार केन्द्रदेखि २ वटा इन्जिनियरिङ कलेजसहित उच्च शिक्षा प्रदान गर्ने ७ वटा शैक्षिक संस्थाहरू सञ्चालन गर्दै आएको छ । नपाले स्वास्थ्य क्षेत्रमा घरदैलो नर्सिङ, वडा वडामा स्वास्थ्य केन्द्र र १०० शय्याको ख्वप अस्पताल सञ्चालन गरी कम शुल्कमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ ।

विश्व सम्पदामा सूचिकृत दरबार क्षेत्र, टौमढी र दत्तात्रय क्षेत्र भक्तपुरका प्रसिद्ध पर्यटकीय क्षेत्रहरू हुन् । भक्तपुरमा वर्षमा लाखौँ पर्यटकहरूले भ्रमण गर्छन् । नेपाल आउने पर्यटकहरूमध्ये करिब तीस प्रतिशत विदेशी पर्यटकहरू भक्तपुर आउने गर्छन् । चीन र सार्क देशका नागरिकहरूसँग भक्तपुरको प्राचीन सहर प्रवेश शुल्क रु. ५०० र गैरसार्क मुलुकसँग १५ डलर वा ने.रु. २०००।– उठाउँदै आएका छौँ । त्यसरी सङ्कलित रकमबाट भक्तपुरको शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण र विकास निर्माणलगायतमा खर्च गर्दै आएका छौँ ।

भक्तपुर आउने विदेशी पर्यटकहरूमा चिनियाँहरू दोस्रो नम्बरमा पर्छ । वार्षिक ३६ हजारभन्दा बढी चिनियाँहरूले भक्तपुर भ्रमण गरेको तथ्याङ्क छ । नेपाल भ्रमणमा आउने चिनियाँ नेताहरू, सरकारका विभिन्न तहका उच्च पदाधिकारीहरूले भक्तपुरलाई प्राथमिकता दिएर बरोबर भक्तपुर भ्रमण गर्नुभएको छ । उहाँहरूले नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेसँग भेटघाट गर्नुहुन्छ र सो क्रममा भक्तपुरका महत्त्वपूर्ण क्षेत्रहरूको पनि भ्रमण गर्नुभएको छ । चिनियाँ कम्युनिस्ट पार्टीका पोलिटब्युरो सदस्य तथा छोङछिङ नगरपालिकाको पार्टी सचिव युआन चियाच्युन, चिनियाँ जनकाङ्ग्रेसका अध्यक्ष लि चाङ्सु, विदेशमन्त्री वाङ यी, चिनियाँ कम्युनिस्ट पार्टी विदेश विभाग प्रमुख लिऊ जिआन्चाओलगायत थुप्रै पार्टी र सरकारका उच्चपदस्थ पदाधिकारीहरूले भक्तपुर भ्रमण गर्नुभएको छ ।

भक्तपुर नगरपालिका र चीनको सि च्याङ प्रान्तको सान्नान नगरपालिकाबिच भगिनी सम्बन्ध कायम छ भने स्छुवान प्रान्तको लसान नगरपालिकासँग भगिनी सम्बन्ध बनाउन समझदारी पत्रमा हस्ताक्षर भइसकेको छ । भक्तपुर नगरपालिका र सान्नान नगरबिच भ्रमणहरूको आदानपदान भइरहेको छ । यसले एक अर्कोबाट सिक्ने अवसर पनि प्राप्त भएको छ । चीनको उच्चस्तरीय नेताहरूको भ्रमण, भक्तपुर नगरपालिका र चीनका सान्नान नगर तथा लसान नगरपालिकाबिचको सम्बन्ध, सहयोग र सहकार्यसम्बन्धी सबै विवरणहरूको सँगालो ‘चिनियाँ मित्रहरू भक्तपुरमा’ पुस्तक नेपालीमा प्रकाशित गरेका छौँ ।

नेपालमा २०७२ सालको भूकम्प र कोभिड १९ सङ्कटको बेला चीन सरकारले नेपाली जनताको लागि धेरै सहयोग गरेको थियो । भक्तपुर नगरपालिकासँग भगिनी सम्बन्ध रहेको सान्नान नगरपालिकाले कोभिडको बेला नगरपालिकाबाट सञ्चालित ख्वप अस्पतालका लागि स्वास्थ्य सामग्री र उपकरणहरू दिएर सहयोग गरेको प्रति आभारी छौँ ।

भक्तपुर नगरपालिकाले चिनियाँ भाषाको नियमित प्रशिक्षण दिँदै आएको छ । अहिले थुप्रै विद्यार्थीहरू चीनमा इन्जिनियरिङ, चिकित्सक र अन्य विभिन्न विषयहरूको उच्च शिक्षाको निम्ति गइरहेका छन् । सयौँको सङ्ख्यामा विद्यार्थीहरूलाई छात्रवृत्ति सहयोग दिएर चीनले एक असल छिमेकीको परिचय दिइरहेको छ ।

नेपाल सधैँ एक चीन नीतिको पक्षमा छ । चीनले गरिरहेको तीव्र आर्थिक विकासले चिनियाँ विशेषतासहितको समाजवादको निर्माण चीनमा सफलतापूर्वक अगाडि बढिरहेको देखाउँछ । चीनले गरेको भौतिक विकास र आर्थिक प्रगति देखेर विश्वका जनता आश्चर्यमा परेका छन् । छिमेकी चीनले गरेको विकास र समृद्धिबाट नेपाल र नेपालीलाई पनि फाइदा पुग्ने अपेक्षा छ ।

स्रष्टा समाजका अध्यक्ष लक्ष्मणराज जोशी, बौद्धिक समाजका अध्यक्ष योगेन्द्रमान बिजुक्छेँ र नेपालभाषा साहित्य तःमुंज्याका अध्यक्ष आशाकुमार चिकंबन्जार यही हुनुहुन्छ । उहाँहरूले भाषा साहित्यको विकासमा महत्त्वपूर्ण योगदान गर्दै आउनुभएको छ । लु सुन एकेडेमीसँग ती संस्थाहरूको सम्बन्ध बढाउन पाए राम्रो हुने आशा गर्दछौँ । लु सुनको जन्मजयन्ती मनाउने क्रममा पञ्चायती शासनकालमा प्रहरी हस्तक्षेप भएको तीतो अनुभव पनि हामीसँग छ । यस्ता भ्रमणहरूले दुई देशबिचको सम्बन्ध थप प्रगाढ बन्दै जाने विश्वाससहित पुनः एकपटक सबै अतिथिहरूलाई स्वागत एवम् धन्यवाद ज्ञापन गर्दछ ।

(२०८३ कार्तिक १४ गते देवकोटा–लु सुन एकेडेमीको आमन्त्रणमा नेपाल आउनुभएका जनवादी गणतन्त्र चीनको लु सुन सांस्कृतिक प्रतिष्ठानका महासचिव चउ लिङफेईको नेतृत्वमा आएको १७ सदस्यीय चिनियाँ प्रतिनिधिमण्डलको स्वागत कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिद्वारा व्यक्त मन्तव्य)

रास्वपा एकपछि अर्को सङ्कटमा किन फस्दै छ ?

आर्थिक घोटाला गर्नेहरूलाई जेल कोच्ने दाबी गर्दै सरकारमा पुगेका रास्वपाका नेताहरू नै यतिखेर अनेक आर्थिक घोटाला र दुर्व्यवहारका काण्डमा परेको सार्वजनिक भइरहेको छ । लुम्बिनी विकास कोषको उपाध्यक्ष पदमा नियुक्त गरिएकी आनीको नागरिकतामा नक्कली बुबाको विवरण रहेको, छिमेकी देश चीनको अभिन्न अङ्ग तिब्बतलाई विखण्डन गर्न लागिपरेका दलाई लामासँग सम्बन्ध रहेको तथा करोडौँ रुपैयाँ विदेशबाट प्राप्त भए पनि त्यसको स्रोत नखुलेको जस्ता विषय सार्वजनिक भइरहेका छन् ।

रास्वपाले चुनावअघि तीनवटा फाइल खोलिए सरकारमा गएर भ्रष्टाचार गरेका अधिकांश नेताहरू जेलमा बस्नुपर्ने बताएको थियो । यसका लागि सिंहको जस्तो मुटु चाहिने र त्यो मुटु रास्वपासँग भएको दाबी गरिएको थियो । रास्वपा सरकारमा पुगेको सात महिना नाघ्यो तर ती तीनवटा फाइल खोलिएनन् । यतिखेर फाइल खोलिए रास्वपाका कतिपय नेता र कार्यकर्ताहरू चिसो छिँडीमा बस्नुपर्ने अवस्था आउने चर्चा सार्वजनिक भएको छ । के रास्वपा सरकारको मुटु फिस्टे चराको जस्तो भएको हो ?

रास्वपा नेतृत्वको सरकार बन्नुअघि यो पार्टीका नेताहरू उपप्रधानमन्त्री र मन्त्री बनेका थिए । त्यसबेला रास्वपा नेतृत्वको सरकार बनेको भए कस्ता जादुमय काम गर्न सकिन्छ भन्ने आफूहरूलाई थाहा भएको र काम टाकटुक गर्ने दाबी पनि गरिएको थियो । रास्वपाले सङ्ख्या पुगेको दिन अकुत सम्पत्ति कमाएर त्यसको मादकतामा मस्त रमाउँदै बेहोस भएकाहरूलाई ब्युँझाउने वाचा पनि गरेको थियो । सरकारको नेतृत्वमा पुगेपछि रास्वपाले आजको मेहनतले देश नबन्ने भन्न थाल्यो । रास्वपाका कतिपय नेता र कार्यकर्ताहरूले पार्टीको वाचापत्रमा के छ भन्ने अध्ययनसमेत नगरेको सार्वजनिक भयो ।

राजनीतिक दलहरू निश्चित दर्शन र वर्गीय आधारमा स्थापना तथा सञ्चालन भएका हुन्छन् । यतिखेर रास्वपा र यसको सरकार आफ्ना नेताहरूको मेहनतका कारण गठन नभएको, बरु संरा अमेरिकी सरकारको केन्द्रीय गुप्तचर संस्थाअन्तर्गतका संस्थाहरूमार्फत दुई करोडभन्दा बढी डलर पठाएर उपद्रवको तालिमसमेत दिएको भन्ने विषय ‘दि ग्रे जोन’ सञ्चारमाध्यममा सार्वजनिक भयो ।

आर्थिक घोटाला गर्नेहरूलाई जेल कोच्ने दाबी गर्दै सरकारमा पुगेका रास्वपाका नेताहरू नै यतिखेर अनेक आर्थिक घोटाला र दुर्व्यवहारका काण्डमा परेको सार्वजनिक भइरहेको छ । लुम्बिनी विकास कोषको उपाध्यक्ष पदमा नियुक्त गरिएकी आनीको नागरिकतामा नक्कली बुबाको विवरण रहेको, छिमेकी देश चीनको अभिन्न अङ्ग तिब्बतलाई विखण्डन गर्न लागिपरेका दलाई लामासँग सम्बन्ध रहेको तथा करोडौँ रुपैयाँ विदेशबाट प्राप्त भए पनि त्यसको स्रोत नखुलेको जस्ता विषय सार्वजनिक भइरहेका छन् ।

रास्वपा सरकारका अर्थमन्त्री स्वर्णिम वाग्लेले भारत पुगेर त्यहाँका विदेशमन्त्री जयशङ्करको विद्यार्थीभेँ बनेर भारतको विरोध गर्ने नेपाली राष्ट्रवादको अन्त्य गरेको घोषणा गरे । नेपालीले भारतीय एकाधिकार पुँजी र विस्तारवादको विरोध गर्दै आएका हुन्, भारत र भारतीय जनताको विरोध होइन । नेपाली काङ्ग्रेसमा उम्मेदवार बन्न सिफारिस नभएपछि ढिलो गरी रास्वपामा प्रवेश गरेका वाग्लेमा कुनै राजनीतिक नैतिकता र अडान नभएको आरोप लगाइएको छ । वाग्ले रास्वपाको अर्थमन्त्री भएलगत्तै बजेट निर्माणमा करका दरसम्बन्धी सूचना चुहावट र बीवाईडी गाडी आयातमा दुई अर्ब रुपैयाँ कमिसनको विषय बाहिरिएकै हो । यसअघि वाग्ले प्रतिनिधिसभा सदस्य हुँदा दक्षिण एसियामा ‘मोदी डक्ट्रिन’ को समर्थन गर्दै भारतीय शासक वर्गसामु लम्पसार परेको आरोप पनि लागेको थियो ।

रास्वपा सरकारले १३ जना राजदूत सिफारिस गरेकामध्ये संसदीय सुनुवाइ समितिबाट दुई जना अस्वीकृत भए भने एक जनाको सिफारिस स्थगित भयो । यसले सरकारको सिफारिस हचुवाका भरमा वा प्रभावमा परेर गरिएको पुष्टि गर्छ । सिफारिस गरिएका राजदूतमध्ये महिला दुर्व्यवहारमा मुछिएका र म्यानपावर कम्पनीसँग साँठगाँठ भएका व्यक्ति पनि रहेको आरोप लाग्नु रास्वपा सरकारको अपरिपक्वताको सङ्केत हो । जापानका लागि राजदूतमा सिफारिस गरिएका व्यक्तिसँग उतैको स्थायी आवास अनुमति रहेको विषयसमेत सार्वजनिक भयो ।

बिचौलिया भएको आरोपमा थुनामा रहेका दीपक भट्टसँग पूर्वप्रधानन्यायाधीश चोलेन्द्रदेखि इनम सापकोटा, सशस्त्र प्रहरीका एआईजी वंशीराज दाहाल र नेपाल प्रहरीका आईजी दानबहादुरसम्म जोडिएको विषय बाहिरियो । यस काण्डमा बालेन र विश्वराजसमेत जोडिएको सार्वजनिक भयो । यी विषयमा समाचार प्रकाशन गर्ने सञ्चारमाध्यमका पत्रकारलाई सादा पोसाकका प्रहरीले पत्रिकाको कार्यालयभित्रै प्रवेश गरेर पक्राउ गर्ने प्रयास गरेको, तर यस विषयमा रास्वपा सरकार बेखबर रहेको स्पष्टीकरण दिने नाटक भइरहेको आरोपसमेत सार्वजनिक भयो । केही विश्लेषकहरूले रास्वपा सरकारको नैतिकता समाप्त भएको भन्दै राजीनामा दिनुपर्ने विषय उठाए ।

रास्वपा सरकार आएयता नेपाल आयल निगममा तीन खर्ब रुपैयाँभन्दा बढी घाटा भएको र सार्वजनिक ऋण पनि एक खर्बभन्दा बढी थपिएको विषय सार्वजनिक भयो । केही विश्लेषकहरूले जनअधिकार आन्दोलनमा रास्वपा र यसका नेताहरूको कुनै भूमिका नरहेको, संरा अमेरिकी सरकारको पैसामा सिंहदरबार जलाएर सरकारमा पुगेको र त्यसैलाई आधार मानेर चुनावमा मत दिइएको भन्दै आक्रोश पोखे । यतिखेर कुनै पनि राजनीतिक दल र त्यसका नेता २-४ वर्षको उमेरमै परिपक्व हुँदैनन् भन्ने विज्ञहरूको भनाइ पुष्टि भइरहेको छ ।

अक्टोबर क्रान्ति र यसको महत्त्व (नेपालको परिप्रेक्ष्यमा)

✍ रोहित

(सन् १९१७ को नोभेम्बर महिनामा रुसमा भएको महान अक्टोबर समाजवादी क्रान्तिको ७० औँ वार्षिकोत्सव कार्यक्रमको सन्दर्भमा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष रोहितले विसं २०४४ साल मङ्सिरमा लेख्नुभएको यो लेख आज पनि अध्ययनका लागि सान्दर्भिक भएकोले अक्टोबर समाजवादी क्रान्तिको १०६ औँ वार्षिकोत्सवको अवसरमा प्रकाशन गरिएको छ-सं)

आज हामी रुसी अक्टोबर समाजवादी क्रान्तिको ७० औँ वार्षिकोत्सव समारोह मनाउँदै छौँ । नेपालका विभिन्न राजनैतिक समूह र संस्थाहरूले पनि यस दिवसलाई मनाउँदै छन् । क्रान्तिको परिस्थिति र अनुभवबारे अक्टोबर क्रान्तिको दिशा निर्देशक लेनिनले यसरी व्यक्त गर्नुभएको छ, "शासितवर्ग पहिलेको अवस्थामा बस्न नचाहेको र शासकवर्गले पहिले जस्तो शासन गर्नै नसक्ने अवस्थामा क्रान्ति हुन्छ ।"

रुसी समाजवादी क्रान्तिको निम्ति कस्ता भौतिक परिस्थितिहरू तयार भएका थिए भन्ने केलाउनु उपयुक्त हुन्छ ।

१) क्रान्तिभन्दा पहिले रुसको ६५ प्रतिशत जनता गरिबीको रेखामुनि थियो ।
२) ३० हजार जमिनदारहरूको हातमा १ करोड किसानहरूको जत्तिकै जग्गा थियो ।
३) १ करोड ४० लाख मानिसलाई कामबाट निकाली सेनामा भर्ना गराइएको थियो ।
४) खेतीपातीमा लगाइने गाई गोरु पनि सेनाको रसद पानी वा खुराकमा लगाइएको थियो । त्यसले खेतीको काममा ठुलो बाधा पऱ्यो । किसानलाई साह्रै दु:ख भयो ।
५) उद्योगधन्दाहरू बन्द हुँदै थिए र मजदुरहरू कामबाट निकालिँदै थिए ।
६) यातायातको बन्दोबस्त गर्न सरकार असफल हुँदै थियो ।
७) जनतालाई समयमा खाद्य सामग्री पुऱ्याउन सरकार असफल भयो । देशभरि भोकमरी छायो ।

सन् १९१७ को जनवरी महिनादेखि नै मजदुर र किसानहरूको विरोध र असन्तोष बढ्दै गयो । आफ्नो कष्टपूर्ण जीवनबाट मुक्ति पाउन आठ घण्टाको कामको दिन र अन्य सुविधाहरूको निम्ति मजदुरले हडताल र प्रदर्शनहरू सुरु गरे । तथ्यले स्थितिलाई अझ प्रस्ट पार्छ ।

१) १९१७ फेब्रुअरीसम्म ८० प्रतिशत मजदुर सङ्गठित भइसकेका थिए र २ लाख मजदुरहरूले हडताल र प्रदर्शनहरूमा भाग लिए ।
२) गाउँ-गाउँमा किसान विद्रोहहरू चर्किँदै गए । गाउँका किसानहरूले सामन्त र जमिनदारहरूको घरघरमा धावा बोल्दै, भकारी फोर्दै बाँडचुँड गरे; दरबारहरूमा आगो लगाउँथे र जग्गामाथि कब्जा गर्न थाले ।
३) २७ फ्रेब्रुअरीसम्ममा ६० हजार सिपाही सरकारको विरोधमा जनतासँग मिल्न गए । सरकारका पदाधिकारीहरू पक्राउ परे, मन्त्री र जर्नेलहरू पक्रिए । जेल फोडिए र क्रान्तिकारीहरू छुटे ।

यसरी जार सरकार उल्टियो र करेन्स्कीको पुँजीवादी सरकार आयो । त्यस सरकारले पनि मजदुर र किसानका मागहरूलाई पूरा गर्न सकेन; युद्धलाई रोकेर शान्ति कायम गर्न पनि सकेन । यसको ठीक उल्टो पुँजीवादी सरकारले पनि मजदुरहरूको हडताल र प्रदर्शनमा गोली चलाएर मजदुरहरूलाई मार्न सुरु गऱ्यो ।

जमिनदारहरूको जग्गा कब्जा गर्ने किसानहरूमाथि सरकारले गोली चलाउने धम्कीमात्रै दिएन, ४ सयभन्दा बढी किसान र मजदुरलाई गोली हानेर माऱ्यो । प्रतिक्रियावादी दमनले सङ्घर्ष थामिएन बरु झन् चर्कियो । तथ्यले त्यसलाई प्रस्ट गर्छ ।

१) १९१७ अप्रिलमा किसान विद्रोहहरूको सङ्ख्या २०५ पुग्यो । एक महिनापछि अर्थात् मेमा किसान विद्रोहको सङ्ख्या ५५८ पुग्यो । जून महिना अर्थात् एक महिनापछि नै विद्रोहको सङ्ख्या ११२२ पुग्यो । गाउँहरू किसानहरूको हातमा गए ।
२) अक्टोबरसम्ममा ८ सय कलकारखाना बन्द भए । १ लाख ७० हजार मजदुर बेकार भए । कारखानाहरूको बन्दोबस्त गर्न मजदुर समितिहरू बन्न थाले ।
३) प्रतिक्रियावादी दमनको विरोध गर्न र आफ्नो शासन आफैँले चलाउन ६२ सहरमा २ लाख लालरक्षक अथवा स्वयम्सेवक सङ्गठित भए ।

यसप्रकार पुँजीवादी सरकारले पनि जनताको काम-मामको बन्दोबस्त गर्न सकेन, यातायात र मल कारखाना या अर्थतन्त्रलाई सम्हाल्न सकेन । गाउँ र सहरका जनता सरकारको ऐन-कानुन र शासनमा बस्न चाहेनन् र सरकार शासन चलाउन असमर्थ भयो । यसरी १९१७ मा रुसको अक्टोबर समाजवादी क्रान्ति भएको थियो ।

अक्टोबर क्रान्तिको अनुभवबाट लेनिनले भन्नुभएको थियो, "क्रान्तिको निम्ति अनुकूल अन्तर्राष्ट्रिय परिस्थिति आवश्यक छ, छिमेकी देशहरूको परिस्थिति क्रान्तिको अनुकूल हुनु झन् आवश्यक छ ।"

अक्टोबर क्रान्तिको बेला पुँजीवादी देशहरू आपसमा पहिलो विश्वयुद्धमा फसेका थिए । बेलायत, फ्रान्स र रुस एकातिर थियो भने जर्मनी, अष्ट्रिया, हङ्गेरी र इटली अर्कोतिर थियो । रुस आफैँ आफ्नो छिमेकी जर्मनीसँग युद्धमा फसेको थियो ।

१९१७ को फेब्रुअरीमा रुसकै शोषकवर्गमा ठुलो फाटो आयो र फेब्रुअरी क्रान्ति भयो । अन्तर्राष्ट्रिय प्रतिक्रियावादीहरू आफैँ प्रतिक्रियावादी युद्धमा फसेको हुनाले रुसको अक्टोबर क्रान्तिलाई दबाउन र हस्तक्षेप गर्न तत्काल एक हुनसकेनन् ।

पुँजीवादी देशका मजदुरहरूले रुसको मजदुर क्रान्तिको पक्षमा एकता प्रदर्शन गरे । जर्मनी र फ्रान्सका सेनाले विद्रोह गरे । युरोपका विभिन्न भागका मजदुर र जनताले ठुल-ठुला राजनैतिक हडतालहरू गरेर 'युद्धको विरोध' मा आ-आफ्ना सरकारलाई आफ्नै देशको विद्रोह र सङ्घर्षमा फसाएर रुसी क्रान्तिलाई सहयोग पुऱ्याए ।

त्रिभुवन विश्वविद्यालयमा आयोजना गरिएको 'अक्टोबर क्रान्तिको ७० औँ दिवस र नेपालको जनवादी आन्दोलन' को विचार गोष्ठीमा केही वक्ताहरूले 'निरन्तर क्रान्ति' 'समाजवाद', 'नेपालको जनवादी आन्दोलन' बारे अनेक खोटपूर्ण विचारहरू प्रकट गरे ।

अक्टोबर क्रान्तिपछि रुसी कम्युनिस्ट आन्दोलनमा 'एउटै देशमा क्रान्ति सफल हुनसक्छ' र 'विश्व क्रान्ति' वा 'निरन्तर क्रान्ति' बारे सैद्धान्तिक सङ्घर्ष सुरु भएको थियो । लेनिन, स्तालिन र अन्य बोल्शेविकहरू 'एउटै देशमा पनि समाजवाद कायम हुनसक्छ' भन्ने पक्षमा थिए र त्रोत्स्की र अन्य अराजकतावादीहरू 'विश्व क्रान्ति' बिना एउटा देशमा मात्र समाजवाद सफल नहुने हुँदा लाल सेनाले सम्पूर्ण युरोपमा धावा बोल्नुपर्छ भन्ने पक्षमा थिए ।


भर्खर जन्म भएको समाजवादी रुसको नयाँ लालसेनाले सङ्ख्या र अनुभवमा अगाडि रहेको युरोपका पुँजीवादी देशहरूमाथि हमला गरेको भए लालसेना सङ्कटमा पर्ने थियो र समाजवाद पनि हार्ने सम्भावना थियो ।

रुसी कम्युनिस्ट आन्दोलनमा त्यसबेला 'विश्व क्रान्ति' र 'निरन्तर क्रान्ति' भन्ने क्रोत्स्कीहरूको त्यो अराजकतावादी सिद्धान्तले हार खाएको थियो । यसप्रकार नेपाली वक्ताले अक्टोबर क्रान्तिको सन्दर्भमा गरिएको 'निरन्तर क्रान्ति' त्रोत्स्कीवाद र अराजकतावादी थियो ।

अर्को वक्ताले समाजवादलाई प्रतिव्यक्ति ४ दाना स्याउ, बच्चाहरूलाई नर्सरी, अवकाश प्राप्त ज्यामीहरूको निम्ति आवास, रोगीहरूको निम्ति नि:शुल्क उपचार, छात्र-छात्राहरूको निम्ति नि:शुल्क शिक्षाको बन्दोबस्त भएको समाजको रूपमा चित्रण गरे । छोटोमा समाजवादलाई भौतिक सुविधाको मापदण्डले मात्रै नापे ।

तर, समाजवादको अर्थ काम, माम, कपडाको बन्दोबस्त र भौतिक सुविधामात्रै होइन न त प्रतिव्यक्ति ४ दाना स्याउ नै समाजवाद हो । प्रतिव्यक्ति आम्दानी बढी हुनु र अनेकौँ भौतिक सुविधा पाउने समाज नै न्यायपूर्ण र समाजवादी समाज हुने गर्दैन । भौतिक सुविधा र प्रतिव्यक्ति आम्दानीको दृष्टिकोणले समाजवादी देशहरूभन्दा संरा अमेरिका, जापान, बेलायत, फ्रान्स, जर्मनीमात्रै होइन कुबेतसमेत अगाडि छ । नर्सरी, उपचार र जीवन बीमाको बन्दोबस्तको सुरु पुँजीवादी देशले नै गरेको हो ।

सर्वहारावर्गको हुकुम, उत्पादनका



साधनहरूमा समाजको स्वामित्व, योग्यताअनुसारको काम र कामअनुसार ज्याला, व्यक्तित्व विकासमा समान अवसर र मानिसबाट मानिसलाई गरिने शोषणबाट मुक्त हुनु नै समाजवाद हो । राजा लक्जेम्वर्गको भनाइमा समाजवादको अर्थ दाल, भात, डुकुको समस्यामात्र होइन बरु एक महान् र गौरवपूर्ण विश्वव्यापी सांस्कृतिक आन्दोलनको सिद्धान्त पनि हो ।

अन्य एक वक्ताले बडो खर्रो भाषामा भने, "नेपाल कम्युनिस्ट आन्दोलनको ३ दशक बितिसक्दा पनि पुराना नेताहरूले क्रान्ति गरेनन् र सैद्धान्तिक विवादमात्रै खडा गरी कम्युनिस्ट एकता नगरी जनता र क्रान्तिलाई धोखा दिए ।"

त्यस आरोपबाट तलका कुराहरूको पुष्टि हुन्छ -

१) कुनै पनि देशमा मजदुर आन्दोलनको ३ दशकभित्र क्रान्ति भइसक्छ वा क्रान्ति गरिसकेको हुन्छ ।
२) क्रान्ति नेताहरूको इच्छामा हुन्छ ।
३) एकता गर्नुपर्दछ, सैद्धान्तिक सङ्घर्ष होइन ।
४) नेताहरू व्यक्तिगत कारणले वा नेतृत्वको भोक, लोभ र अहङ्कारले एकता नगरेका हुन् ।
५) पुराना नेताहरू योग्य र इमानदार छैनन्, नेपालको कम्युनिस्ट आन्दोलनमा तिनीहरूको कुनै योगदान छैन, तिनीहरू गद्दार हुन् ।

माथिका ठम्याइहरू पूर्णरूपले मार्क्सवादविरोधी छन् । त्यसको खण्डन यसरी हुन्छ -

१) कुनै पनि देशमा कम्युनिस्ट आन्दोलनको ३ दशकभित्रै क्रान्ति गरी देखाउनुपर्छ, नत्र पार्टी नेताहरू अयोग्य, असफल र गद्दार हुने मापदण्ड बनाउनु सरासर कम्युनिस्ट आन्दोलनको इतिहास र अनुभवलाई नै आँखा चिम्लेर अस्वीकार गर्नुहुनेछ ।

बेलायत मजदुर आन्दोलनको जन्मथलो हो । १५० वर्षभन्दा पहिले त्यहाँ मजदुरवर्गको मेसिनविरोधी लडाइँ र आन्दोलन भएको थियो । १३०/३५ वर्ष पहिले संसारमा सबभन्दा पहिले बढी मजदुरहरू आन्दोलित भएको, मजदुरहरूको मागपत्रको आन्दोलन बेलायतमै भएको थियो । १८४७ मा कम्युनिस्ट लीगको केन्द्र बेलायतमै थियो र कम्युनिस्ट घोषणापत्रलाई पनि विधिवत बेलायतको महासम्मेलनमै स्वीकार गरिएको थियो । बेलायतमै सबभन्दा पहिले सर्वहारा क्रान्ति हुन्छ भनेर मार्क्सले भविष्यवाणी गर्नुभएको थियो ।

तर, आजसम्म बेलायतमा सर्वहारा क्रान्ति भएको छैन र समाजवाद स्थापना भएको छैन । यसको अर्थ के बेलायतका सबै मजदुर र कम्युनिस्ट नेताहरू अयोग्य, बेइमान र गद्दार हुन् ? मार्क्स र एङ्गेल्सले आफ्नो जीवनको ठुलो भाग बेलायतमै बिताउनुभएको थियो । के उहाँहरू पनि गद्दार हुनुभयो ?

फ्रान्स समाजवादको जन्मथलो मानिन्छ । लियोनमा मजदुरहरूले १८३१ र ३४ मा सशस्त्र विद्रोह गरेर मजदुरवर्ग एक राजनैतिक शक्ति हो भन्ने देखाइदिएका थिए । १८७१ मा पेरिसमा मजदुरहरूले संसारमा पहिलोचोटि कामदारवर्ग राज्यसत्तामा पुग्नसक्छन् भन्ने देखाइदिएका थिए ।

तर मजदुर र कम्युनिस्ट आन्दोलनको एक डेढ सय वर्ष बितिसक्दा पनि फ्रान्समा समाजवादी क्रान्ति भएको छैन । के त्यसो भए फ्रान्सका सबै मजदुर र कम्युनिस्ट नेताहरू र कम्युनार्डहरू पनि अयोग्य, बेइमान र गद्दार हुन् ?

पश्चिम जर्मनी मार्क्स र एङ्गेल्सको जन्मथलो हो । तर, जर्मनीमा आजसम्म क्रान्ति गर्न सकिएको छैन । तब के मार्क्स, एङ्गेल्स, लिब्क्नेत, रोजा लम्जेक्वर्ग आदि अयोग्य, बेइमान र धोखेबाज भए ?

त्यस्तै मार्क्सले मजदुर सङ्गठन गर्नुभएको बेल्जियम (ब्रुसेल्स), फासीवादको विरोधमा जीवनमरणको सङ्घर्ष गर्ने कम्युनिस्टहरूको देश इटाली, लाखौँ कम्युनिस्टहरूले बलिदान गर्ने इन्डोनेसिया, बर्मा, फिलिपाइन्स, मलेसिया, थाइलैन्ड, तेलंगाना र नक्सलवाडी आन्दोलनसमेत गर्ने भारतमा पनि क्रान्ति भएको छैन । त के ती देशका सबै मजदुर र कम्युनिस्ट नेताहरूलाई पनि त्यही प्रश्न चिह्न लगाउने हो ?

कम्युनिस्ट आन्दोलनको ३ दशकभित्र क्रान्ति हुन्छ वा हुनुपर्दछ भन्ने ठम्याइ स्वयम् रुसमा पनि लागू भएको छैन । १८६१ तिरै रुसमा क्रान्तिकारी सङ्गठनहरू खुल्न थालेका थिए । पहिलो अन्तर्राष्ट्रियमा अर्थात् १८७० तिरै रुसमा पहिलो अन्तर्राष्ट्रियमा सामेल भइसकेका थिए । अर्थात् १८७० देखि नै रुसमा कम्युनिस्ट आन्दोलनको सूत्रपात भइसकेको थियो । यसप्रकार रुसमा क्रान्तिकारी र कम्युनिस्ट आन्दोलनको ४०-५० वर्षपछि मात्रै सर्वहारा क्रान्ति भएको देखिन्छ ।

२) नेताहरूले चाहेमा वा नेताहरूको इच्छामा क्रान्ति हुन्छ भन्ने ठम्याइ पनि पूर्णरूपले खोटपूर्ण छ । मार्क्सवाद दर्शन हो । भौतिक नियम मानिसको इच्छाभन्दा परको कुरा हो । सामाजिक नियम पनि भौतिक नियमजस्तै मानिसको इच्छाअनुसार चल्दैन । तर, भौतिक नियम पत्ता लगाएपछि मानिसले त्यस नियमलाई आफ्नो अनुकूल सेवामा लगाउन सक्छ । त्यस्तै समाज विकासका चरणहरूलाई पनि लामो अध्ययन र सङ्घर्षहरूपछि भए पनि एकता गर्नुपर्दछ भन्ने भनाइ पनि पूर्णरूपले खोटो छ र मार्क्सवादविरोधी छ । मार्क्सले भन्नुभएको थियो, "सिद्धान्तहीन एकताभन्दा फूट धेरै राम्रो छ ।" यो कुरा नेपाल कम्युनिस्ट आन्दोलनमा पनि लागू हुन्छ ।

हुन त नेपाल कम्युनिस्ट आन्दोलनको सुरुदेखि नै सैद्धान्तिक मतभेद थियो । गणतन्त्र वा राजतन्त्र, सशस्त्र सङ्घर्ष वा शान्तिपूर्ण सङ्घर्ष, वर्गसङ्घर्ष वा वर्गसमन्वय (अप्रिय तौरतरिका नअपनाउने), संविधानसभाको निर्वाचन या संसद्को आदि सैद्धान्तिक विवादको विषय थियो । २०१७ साल पुस १ गतेको काण्डपछि सैद्धान्तिक सङ्घर्ष झन् टड्कारोरूपले देखापऱ्यो ।

पुस १ गते र त्यसपछिका सरकारी नीतिहरूबारे डा.माझीले 'न सङ्घर्ष, न सहयोग' को नीति अगाडि सारे । तर, व्यवहारमा उनले 'सहयोग' कै नीति अपनाएका थिए ।

त्यस नीतिको विरोधमा पी.एल., टी.एल., हिक्मत सिंह र अन्य कामरेडहरूले सैद्धान्तिक सङ्घर्षलाई अगाडि सारे । त्यो स्वाभाविक पनि थियो । एकताको नाममा सैद्धान्तिक सङ्घर्ष नगरेको भए सम्भवत: पार्टी पञ्चायतको एक अङ्ग हुन्थ्यो वा पार्टी विघटनको स्थितिमा पुगदथ्यो । अथवा, एकताको नाममा सैद्धान्तिक सङ्घर्ष नगरेको भए पार्टीले डा. माझीको नीतिसँग, सिद्धान्तहीन एकतामा बाँधिनुपर्ने थियो । पार्टी पञ्चायतको 'पुच्छर' हुन्थ्यो र पार्टी साँचो अर्थमा विघटन हुन्थ्यो । आत्मसमर्पणवादी नीतिको विरोधमा सैद्धान्तिक सङ्घर्ष गर्ने, सामन्तवादको अगाडि घुँडा नटेक्ने, पार्टीलाई पञ्चायतमा विघटन गराउन नमान्ने नेताहरूलाई 'व्यक्तिगत महत्त्वाकाङ्क्षी' र 'नेतृत्वको भोका' भन्नु सरासर सामन्तवादकै पक्ष लिनु हो ।

तेस्रो महाधिवेशनले पार्टीलाई डा.माझी र उनका साथीहरूको सामन्तवादी अङ्कुशबाट छुटकारा दियो । तर, फेरि पनि पार्टी सैद्धान्तिक सङ्घर्षबाट मुक्त भएन । पार्टीलाई डा. माझीको दक्षिणपन्थी विरामबाट मुक्त गर्नासाथै पी.एल. को नयाँ नीति पार्टीमाथि छायो । विघटित संसद्लाई पुन:स्थापनाको निम्ति लड्नु, 'नेपाली काङ्ग्रेसलाई मान्य नीति नै पार्टीको नीति' हुनुपर्ने, 'नेपाली काङ्ग्रेस देशको मुख्य राजनैतिक शक्ति हो' र त्यसलाई अलग्ग राखेर सोच्नु हुन्न र 'नेपाली काङ्ग्रेससँग एकता गरेर जानुपर्छ' भन्ने समझदारी र ठम्याइ नै पी.एल.को बाटो देखा पऱ्यो ।

तर, तेस्रो महाधिवेशनमा एक गणतन्त्रवादी दृष्टिकोण देखापऱ्यो । 'विघटित' संसद्को पुन: स्थापनाले नेपाली काङ्ग्रेस फेरि सत्तामा आउँछ । त्यसकारण, पी.एल.को लाइन 'काङ्ग्रेसपरस्त' वा 'काङ्ग्रेसतिर झुकेको' र 'काङ्ग्रेसको पुच्छर' हो । यसकारण, 'संविधानसभाको निम्ति सङ्घर्ष गर्नुपछ' भन्ने दोस्रो बाटो देखापऱ्यो । त्यस नीतिका प्रवर्तकहरू मोहन विक्रम र निर्मल लामा थिए ।

तर, पी.एल. को अगुवाइमा तेस्रो बाटो देखापऱ्यो, 'सर्वसत्तासम्पन्न संसद्को ।' तेस्रो महाधिवेशनले त्यही नीतिलाई पारित गऱ्यो । बेलायतमा गणतन्त्रवादी र राजतन्त्रवादीहरूको बिचको सङ्घर्षबाट नयाँ बाटो खुलेको थियो-वैज्ञानिक राजतन्त्र । तेस्रो महाधिवेशनमा पनि 'विघटित संसद्को पुन:स्थापना' र 'संविधानसभाको निम्ति सङ्घर्ष' को बिचबाट 'सर्वसत्तासम्पन्न संसद्' निस्केको हो ।

त्यसबेला पी.एल. को नीतिले पार्टीको अस्तित्व नै सङ्कटमा पर्ने अनुभव गर्न थालिएको थियो र त्यो नीति तेस्रो महाधिवेशनमा पराजित भयो । यदि त्यसबेला पी.एल. को नीतिसँग सैद्धान्तिक सङ्घर्ष गर्नुहुने थिएन र एकता गर्नुपर्ने समझदारी राख्ने हो भने आज २५ वर्षपछि विरामलाई सच्याउन सकिन्छ अर्थात् आज पनि नेपाली काङ्ग्रेससँग संयुक्त मोर्चा गर्नैपर्छ । (तर नेपाली काङ्ग्रेस आज पनि कम्युनिस्टहरूसँग संयुक्त मोर्चा गर्न तयार छैन ।)

पी.एल.को नीतिमा असहमत देखाउने हो भने मोहनविक्रम-निर्मल लामाको 'संविधानसभाको चुनाव' र 'गणतन्त्र' को नीतिमा जानुपर्नेछ । तर, २५ वर्षको अवधिले देखाइदियो-त्यो बाटो पनि अव्यवहारिक छ साथै त्यसलाई पनि तेस्रो महाधिवेशनले अस्वीकार गऱ्यो ।

तेस्रो महाधिवेशनले बिचको बाटो वा 'सर्वसत्तासम्पन्न संसद्' स्वीकार गऱ्यो । एकताको निम्ति स्वीकृत बाटो साँचो अर्थमा सम्झौतावादी बाटो थियो र शब्द सृङ्गारमात्रै साबित भयो । त्यसअनुसार पार्टी र सङ्घर्ष अगाडि बढेन । त्यसमा अनेक कारणहरू छन् ।

राजनैतिक जीवन र सङ्घर्षमा सिद्धान्तले निर्देशन गर्दछ । सिद्धान्तबिना कुनै राजनैतिक सङ्घर्ष र आन्दोलन अगाडि बढ्दैन । सैद्धान्तिक विवाद र सङ्घर्षलाई थामथुम गरेर भएको एकता क्षणभङ्गुर साबित भयो । केही समयपछि नै पी.एल.को 'नयाँ जनवादी क्रान्ति' को कार्यक्रम निस्क्यो, पी.एल. को 'कुन बाटो' भन्दै 'राष्ट्रिय प्रजातन्त्र' को कार्यक्रम निस्क्यो । ती दुवै सैद्धान्तिक सङ्घर्षबाट पलायन भएर भरतमोहन र कमल कोइरालाहरूले पूर्व कोसीको नयाँ विवादलाई जन्म दिए ।

त्यहीँ पूर्व कोसीको गोरेटोबाटै भारतको नक्सलवाडी आन्दोलन झापा जिल्लामा पसी व्यक्तिहत्याको राजमार्ग खुल्यो ।

झापाको 'व्यक्तिहत्या' को नीतिलाई नै विनासैद्धान्तिक छलफल, विवाद र सङ्घर्षले 'एकता' को नाममा नेपाल कम्युनिस्ट आन्दोलनले त्यसैलाई पछ्याएको भए झन् ठुलो विराम हुने थियो । त्यसको टड्कारो प्रमाण पहिलेका झापा र आजको माले समूहले आफ्नो विरामलाई स्वीकार गर्न र त्यसलाई सच्याएको दाबी गर्नु नै हो ।

तर, यहाँ प्रश्न उठ्छ - सिद्धान्तहीन एकता नगर्दा पनि त क्रान्ति हुन सकेन, किन ?

सांस्कृतिक स्तर नै नउठेका र राजनैतिक सङ्घर्षको अनुभव नै नभएका तल्लोवर्गको जनता र पार्टीसँग क्रान्तिको 'तयारी उपचार' वा 'सजिलो निदान' थिएन । त्यो त आफनै आन्दोलन र

बाँकी पृष्ठ ९ मा

'दक्षिणी विश्व' अर्थात् 'ग्लोबल साउथ' को एकताबारे

● समा

दक्षिणी विश्वका देशहरू कुनै बेला साम्राज्यवादी आक्रमण, दमन, लुटमा परेका देशहरू हुन् । तसर्थ आफ्नो सुरक्षाका लागि साम्राज्यवादी शक्तिविरुद्ध ऐक्यबद्धताको नाम नै दक्षिणी विश्व अवधारणा हो । नयाँ विश्वव्यवस्था निर्माणका लागि, दक्षिणी विश्व महत्त्वपूर्ण शक्ति हो । देशहरूको राजनीतिक स्वतन्त्रता, राष्ट्रिय पुनर्जागरण र अन्तर्राष्ट्रिय न्यायका निम्ति महत्त्वपूर्ण आवाज हो ।

सन् १९७४ तिर अध्यक्ष माओ त्सेतुङले 'तीन विश्वको विचार' अघि सार्नुभयो । त्यो समय एकातिर दोस्रो विश्वयुद्धपछि संरा अमेरिका विश्वमा आक्रामक साम्राज्यवादी देशको रूपमा उदाउँदो थियो । अर्कोतिर नेता स्तालिनको मृत्युपछि सोभियत रुस पनि संशोधनवादी नेतृत्वका कारण साम्राज्यवादमा पतन हुँदै गरेको अवधि थियो । संसारमा देखापरेका ती दुईवटा ठुला साम्राज्यवादी शक्तिले आफूभन्दा कमजोर र साना देशहरूलाई दबाउने प्रतिस्पर्धा अघि बढाए । तब अन्तर्राष्ट्रिय जगतमा साना तथा विकासोन्मुख देशहरू प्रभुत्ववादी शक्तिविरुद्ध एकमनको एकता र सङ्घर्षको भावनासहित अघि बढे । अध्यक्ष माओले त्यही समय विश्वलाई तीन विश्वको शक्तिशाली विचार प्रदान गर्नुभयो । उहाँका अनुसार तत्कालीन समयमा संरा अमेरिका र सोभियत रुस पहिलो विश्व, जापान, युरोप, क्यानडालगायत मध्यक्षेत्रजस्ता आर्थिकरूपमा सम्पन्न देशहरू दोस्रो विश्व र विकासोन्मुख अर्थतन्त्र भएका देशहरू तेस्रो विश्वको रूपमा वर्गीकरण भयो । दोस्रो विश्व भने समयानुकूल अर्थात् आआफ्नो अनुकूलतामा पहिलो विश्व या तेस्रो विश्वसँग मिल्न सक्ने सैद्धान्तिक आधार पनि उहाँले प्रस्तुत गर्नुभयो । चीनसहित सम्पूर्ण एसिया, अफ्रिका, ल्याटिन अमेरिकालगायतका ससाना अर्थतन्त्रहरू तेस्रो विश्वको रूपमा उहाँले व्याख्या गर्नुभयो । तेस्रो विश्वसँग ग्लोबल साउथ अर्थात् दक्षिणी विश्वले दक्षिणी भेगका देशहरू पक्कै समेट्छ । तर, दक्षिण कुनै भूगोलको नाम भने होइन । यहाँ दक्षिणको अर्थ उदीयमान अर्थतन्त्रहरू अर्थात् विकासशील देशहरू हुन् । उदीयमान अर्थतन्त्रहरूको सामूहिक विकास र उडान नै दक्षिणी विश्व निर्माणको उद्देश्य हो । देश–देशको आआफ्नो मौलिकता, सभ्यतालाई जोगाउँदै साझा एवम् सामूहिक आधुनिकीकरणतर्फ अघि बढ्नु र मानव विकासक्रमलाई अघि बढाउनु यसको उद्देश्य हो । यसर्थ, आजको विश्वमा दक्षिणी विश्व भनेको माओकालीन तेस्रो विश्व हो भन्न सकिन्छ ।

दक्षिणी विश्वका देशहरू कुनै बेला साम्राज्यवादी आक्रमण, दमन, लुटमा परेका देशहरू हुन् । तसर्थ, आफ्नो सुरक्षाका लागि साम्राज्यवादी शक्तिविरुद्ध ऐक्यबद्धताको नाम नै दक्षिणी विश्व अवधारणा हो । नयाँ विश्व व्यवस्था निर्माणका लागि, दक्षिणी विश्व महत्त्वपूर्ण शक्ति हो । देशहरूको राजनीतिक स्वतन्त्रता, राष्ट्रिय पुनर्जागरण र अन्तर्राष्ट्रिय न्यायका निम्ति महत्त्वपूर्ण आवाज हो ।

'दक्षिणी विश्व' ले विश्व व्यापीकरणको नयाँ परिभाषा निर्माण गर्दै छ । आजको विश्व व्यवस्था एकध्रुव, संरक्षणवाद, प्रभुत्ववादजस्ता अति कुरूप विचारले बनेको छ । विश्वव्यापीकरणजस्तो असल सम्बन्धहरूको विषयमा दक्षिणी विश्वले प्रजातन्त्र जोगाउने, सुन्दर अभ्यास गर्ने र प्रजातन्त्रको मूल्य हुर्काउने महत्त्वपूर्ण जिम्मेवारी बहन गर्दै छ । दशकौं दशकदेखि विश्व व्यवस्थामा विकासोन्मुख देशहरूको आवाज, न्याय, प्रजातन्त्र र मानव अधिकारको धारणालाई कुल्चिने काम हुँदै आएको कसैले नकार्न सक्दैन । केही परम्परागत पुराना शक्तिहरूले अधिकांश देशहरूको अन्तर्राष्ट्रिय एजेन्डा, नीतिनियमलाई लत्याउँदै आएको पनि उत्तिकै सत्य हो । त्यतिमात्र होइन अलि कमजोर देशलाई हेप्ने र असह्य अपमान पनि गरियो । नवउपनिवेशहरू खडा गरिए । सार्वभौमिकता र आत्मसम्मानमाथि अन्यायपूर्ण प्रहार गरियो । ती देशहरू यतिबेला साम्राज्यवादी र उपनिवेशवादी विचार र संस्थाहरूको दमन अनुभव गर्दै छन् । साँचो प्रजातन्त्र र अन्तर्राष्ट्रिय सुशासनको पक्षमा उभिएका छन् । तसर्थ, दक्षिणी विश्वको विचार शताब्दी लामो अँध्यारोलाई चिर्ने आशाको किरण हो भन्न सकिन्छ ।

आधुनिकीकरणको अवधारणा भनेकै पश्चिमीकरणको विचार हो भन्ने पश्चिमको धारणा या मिथ्याविरुद्ध विश्वमा आधुनिकीकरणको नयाँ परिभाषा र अभ्यास थालनी हुँदै छ । यो निकै उज्यालो पक्ष हो । आधुनिकीकरण भनेको हातहतियार र युद्धको निर्यात हुन सक्दैन । आधुनिकीकरण विकाससँगै सभ्यताको पुनर्जागरण पनि हो, साझा भविष्यसहितको मानव समुदाय निर्माण आधुनिक विश्वको विचार हो । दक्षिणी विश्वले पश्चिमको विचार, 'कमजोरलाई झन् कमजोर बनाउने' नीतिविरुद्ध, 'फुटाऊ र राज गर' को नीतिविरुद्ध सहकार्य र सहयोगको विचार विकास गरेको छ । यो युगको आधुनिकीकरणले 'मेथ्यु' प्रभावलाई मान्दैन । मेथ्यु प्रभाव भनेको धनी झन् धनी बन्ने, गरिब झन् गरिब बन्ने अवधारणा हो ।

पश्चिमा आधुनिकीकरणको सुरुआत पुँजीवादी विचारबाट भएको थियो । उपनिवेशवाद, अन्य देशहरूमाथिको चर्को दमन, शक्तिको राजनीति हुँदै साम्राज्यवादको हुर्काइ नै पश्चिमी आधुनिकीकरणको सार हो । दक्षिणी विश्वले विकासशील देश सुहाउँदो आधुनिकीकरण अघि बढाउँदै छ । त्यतिमात्र होइन न्यायपूर्ण, समतामूलक र सभ्य विश्वको निम्ति अगुवाइ गर्दै छ । मानव समाजको उन्नति प्रगतिका लागि सामूहिक कार्य हुँदै छ । ब्रिक्स, साङ्घाई सहकार्य सङ्गठन र जी ७७ प्लस चीनले दक्षिणी विश्वको यात्रालाई अझ सशक्त बनाउँदै छ । पश्चिमको 'जिरोसम खेल' अर्थात् अरूलाई शून्य आफूलाई जीतको सिद्धान्तविरुद्ध विकासशील देशहरू उभिएको छ । शीतयुद्धको विमारी मानसिकताबाट दक्षिणी विश्व निकै निकै टाढा छ । विभिन्न सांस्कृतिक, सामाजिक, विचारधारात्मक भिन्नताबिच पनि यसले एउटा बेग्लै भ्रातृत्वको पर्यावरण, सहअस्तित्वको वातावरण, सबैको जीत हुने वातावरण खडा गरेको छ ।

दक्षिणी विश्वले व्याख्या गरेको आधुनिकीकरण अघि बढाउन चीन पूर्णत: सहयोग गर्न, योगदान गर्न तयार छ । नेता सि चिनफिङले दक्षिण अफ्रिकामा आयोजित ब्रिक्स को १५ औं सम्मेलनमा बोल्नुभएको थियो -"चीन दक्षिण विश्वको एक सदस्य देश हो । चीन र यसका अधिकांश अरू देशको ऐतिहासिक अनुभव र सङ्घर्षको कथा उस्ता उस्तै हो । हामी सबैले एउटा कालखण्डमा उपनिवेशवादविरुद्ध लड्यौं, प्रभुत्ववाद र वर्चस्वको राजनीतिविरुद्ध सङ्घर्ष गर्यौं । त्यसैले चीन सदैव दक्षिणी विश्वको साथमा हुनेछ । न्यायसङ्गत अधिकार र चासोहरूको पक्षमा उभिनेछ । विकासको अवसर सिर्जनामा कुनै कसर बाँकी राख्ने छैन । दक्षिणी विश्वको साझा र आत्मनिर्भर विकासको निम्ति सघाउनेछ । चीन दक्षिणी विश्वको जारसँग जोडिएको छ । हामीजस्तै आँधीबेहरी र उकाली ओरालीमा साथ साथ रहनेछौं । चीन आधुनिकीरणको सुदूर यात्रामा अभ्यासकर्ता पनि हो अन्वेषक पनि हो । चिनियाँ कम्युनिस्ट पार्टीले राष्ट्रिय पुनर्जागरणका निम्ति १०० वर्षदेखि आधुनिकीकरणको बाटो पहिल्याउँदै छ । दक्षिणी विश्वसँग सहकार्यमा हामी आधुनिकीकरणको उत्कृष्ट बाटो पत्ता लगाउन सफल हुनेछौं ।

चीन कहाँबाट आयो अर्थात् आफ्नो धरातल के हो कहिल्यै भुल्ने छैन । विकासशील देश या दक्षिणी विश्वजस्तो ठुलो परिवारको एक अभिन्न सदस्यको रूपमा चीन सदा रहनेछ । अन्तर्राष्ट्रिय परिस्थिति जस्तोसुकै होस् चीन आफ्नो वचन र विचारमा अटल रहनेछ । मित्रराष्ट्र एवम् छिमेकी देशहरूसँग मित्रता, इमानदारी, आपसी लाभ र समावेशीजस्ता सिद्धान्तहरूमा कहिल्यै सम्झौता गर्ने छैन । चीन अफ्रिका, ल्याटिन अमेरिका र एसियाका देशहरूसँग विश्वासको सम्बन्ध कायम गर्न प्रतिबद्ध छ । यो नेता सीको विचार हो ।

चीनले अघि सारेको एक क्षेत्र एक मार्ग अगुवाइ, विश्वव्यापी विकास अगुवाइ, विश्वव्यापी सुरक्षा अगुवाइ र विश्वव्यापी सभ्यता अगुवाइले आधुनिक दक्षिणी विश्व निर्माणमा सघाउने आधारहरू कन्टेम्पोररी वर्ल्डले उजिल्याएको छ । विश्वलाई मानव बस्नलायक साझा समुदायका रूपमा विकास गर्न युद्ध, ध्वंस र बमबारीको अन्त्य अपरिहार्य छ । नयाँ आधुनिकीकरणको उदयसँगै निकट भविष्यमै साम्राज्यवादी पश्चिमी विचार कमजोर हुने पक्का पक्की छ । मानव समाज प्रगति, शान्ति र दिगो विकास चाहन्छ । दक्षिणी विश्वको आजु पनि त्यही नै हो ।

दक्षिणी विश्व कुनै गठबन्धनको उपज होइन । अध्यक्ष माओकै समयमा अघि बढेको तेस्रो विश्वको साम्राज्यवादविरोधी, उपनिवेशवादविरोधी, प्रभुत्ववादविरोधी भावनालाई आत्मसात् गर्दै छ । देशहरूको शान्तिपूर्ण रूपान्तरण, विकासको अधिकार, पर्यावरणी सन्तुलन, खुलापन, समावेशिताजस्ता मुद्दाहरूमा दक्षिणी विश्व गम्भीर छ । यस विश्वका सदस्य देशहरू क्युवा, भेनेजुयला र इरानलगायतका देशहरूमा संरा अमेरिकाले दशकौं लामो घोषित–अघोषित नाकाबन्दी हटाएको छैन । सानो आँगनमा अग्लो पर्खाल लगाउने संरा अमेरिकी नीतिविरुद्ध दक्षिणी विश्व प्रतिबद्ध छ ।

यतिबेला चीन र मध्यपूर्वी देशहरूसँग चीनको निकै राम्रो सम्बन्ध छ । अरब देशहरूसँग चीनको मित्रताको सवाल इतिहासमै ठुलो छलाङ हो भन्ने चर्चा विश्वमै छ । चीन अरबबिचको साझा समुदाय निर्माणमा चीन निकै संवेदनशील छ । पछिल्लो समय १२ वटा अरब देशका १३ सय वटा अरबका परियोजनामा चनियाँ कम्पनीहरूको सहकार्य रहेको तथ्याङ्क सार्वजनिक गरिएको छ । चीन र अरब आवश्यकता र पूर्तिको सवालमा परिपूरक बन्दै छन् । त्यतिमात्र होइन जनता जनताबिचको सम्बन्ध पनि इतिहासमै उत्कृष्ट रहेको मूल्याङ्कन छ ।


संरा अमेरिकाले आज पनि 'अमेरिका प्रथम' को मन्त्र जप्न छोडेको छैन । मध्य पूर्वमा आफ्नो झण्डा गाड्न सके 'संरा अमेरिका सुरक्षित' रहने भ्रम पाल्दै छ । तर, मध्यपूर्वले संरा अमेरिकालाई भन्दा चीनलाई प्राथमिकतामा राख्दै छ । त्यसकारण, संरा अमेरिका पुन एसिया फर्केको छ । हिन्द प्रशान्त रणनीति र योसँग जोडिएका शीतयुद्धका षड्यन्त्रहरू बोकेर एसियातिर आउँदै छ । विश्वका कुनै पनि भूगोललाई अब युद्ध अस्वीकार्य छ भन्ने सन्देश कन्टेम्पोररी वर्ल्डको हो ।

चीन यतिबेला अफ्रिका, एसिया, ल्याटिन अमेरिका मात्र होइन रुसी र अन्य विकसित देशहरूसँग पनि निकै राम्रो समय हुर्काउँदै छ । अध्यक्ष माओले देख्नुभएको साम्राज्यवादी रुस अब दक्षिणी विश्वको एउटा हिस्सा बनिसकेको छ । त्यतिबेला उहाँले भन्नुभएझैं युद्ध, आतङ्क र लुटको साम्राज्यवादी विचारविरुद्ध विश्वको विकास र शान्तिका लागि दोस्रो विश्व (माओको) पनि तेस्रो विश्व अर्थात् आजको दक्षिणी विश्वलाई साथ र ऐक्यबद्धता जनाउँदै छन् ।

यी सम्पूर्ण विश्व परिस्थिति र आधारहरू हेर्दा यो शताब्दीमै अमेरिकी साम्राज्यवाद कमजोर हुने निश्चित छ । संरा अमेरिकी युद्धपिपासु चरित्रविरुद्ध अमेरिकाभित्रबाटै विद्रोहको ज्वारभाटा उठ्दै छ । प्रजातन्त्र, न्याय र मानव अधिकारको निम्ति सङ्घर्ष हुँदै छ ।

'कन्टेम्पोररी वर्ल्ड' को यो अङ्कले अन्यायपूर्ण एकध्रुवको अन्त्य, साम्राज्यवादी युद्ध अपराधको अन्त्य अब नजिकिँदै छ भन्ने आशा देखाएको छ ।

योसँगै यस अङ्कभित्र चिनियाँ कम्युनिस्ट पार्टीको नीति, दर्शन, विचारबारे मन्थन छ । विश्वव्यापी सुशासन र अन्तर्राष्ट्रिय पद्धतिमा चीनका प्रयासहरू छन् । साथै एक अन्तर्राष्ट्रवादी देशको नाताले विश्वसँग चीनको सम्बन्ध र क्षेत्रीय परिस्थितिको विश्लेषण पनि छ । द्वैमासिक रूपमा प्रकाशित हुने 'कन्टेम्पोररी वर्ल्ड' का सबै अङ्कहरूले चीनको विचार र सिद्धान्त बुझ्न मद्दत गर्छ । यो बुलेटिन पनि चीनलाई हेर्ने र चीनको आँखाबाट विश्वलाई हेर्ने अर्को आँखीझ्याल हो भन्दा फरक नपर्ला ।



चीनले अघि सारेको एक क्षेत्र एक मार्ग अगुवाइ, विश्वव्यापी विकास अगुवाइ, विश्वव्यापी सुरक्षा अगुवाइ र विश्वव्यापी सभ्यता अगुवाइले आधुनिक दक्षिणी विश्व निर्माणमा सघाउने आधारहरू कन्टेम्पोररी वर्ल्डले उजिल्याएको छ । विश्वलाई मानव बस्न लायक साझा समुदायका रूपमा विकास गर्न युद्ध, ध्वंश र बमबारीको अन्त्य अपरिहार्य छ । नयाँ आधुनिकीकरणको उदयसँगै निकट भविष्यमै साम्राज्यवादी पश्चिमी विचार कमजोर हुने पक्का पक्की छ । मानव समाज प्रगति, शान्ति र दिगो विकास चाहन्छ । दक्षिणी विश्वको आजु पनि त्यही नै हो ।

फ्रान्समा आशा र आक्रोश

● रोबर्ट नाराई



पेरिस सहरको मुटुमै 'गणतन्त्र चोक' छ । चोकको बिचमा भव्य 'ला रिपब्लिक स्मारक' उभिएको छ । फ्रान्सको आधुनिक इतिहासमा भएका उथलपुथलको साक्षी हो त्यो । स्मारकमाथि काँसले बनेको मारिआनको मूर्ति छ । मारिआन गणतन्त्रको प्रतीक हो । मारिआनको हातमा जैतुनको हाँगा छ । त्यसमा लेखिएको छ, स्वतन्त्रता, समानता र भाइचारा । अक्टोबर १७ को दिन भएको जनप्रदर्शनमा दर्जनौं नवयुवा त्यो स्मारकमा चढे । लाखौं दर्शकले हेरे । स्मारक चढ्नेहरूमध्ये कसैले प्यालेस्टिनी झन्डा त कसैले लालझन्डा फहराए । मारिआनको मूर्तिमा 'समानता' को ठाउँमा कसैले 'सुवर्ण युवा' लेखिदियो । मारियानलाई ठुलो पहेँलो लुगा लगाइयो । त्यसमा लेखिएको थियो, प्रहरीले स्कुले विद्यार्थीलाई अपाङ्ग बनाउँछ ।

झन्डै एक महिनाअघि हो । फ्रान्समा विद्यार्थीको विद्रोह सुरु भयो । दशकौंयता फ्रान्समा गम्भीर राजनीतिक सङ्कट देखिँदै आएको छ । पछिल्लो विद्रोह त्यसकै सिलसिला हो । फ्रान्सले आफूलाई स्वतन्त्रता, समानता र भाइचाराको प्रतीक मान्छ । तर, किशोर उमेर (१५ देखि १८ वर्ष) का स्कुले विद्यार्थीले राम्रो जीवनको माग गर्दा तिनलाई अश्रु ग्यास र रबरका गोली हान्छ । तिनलाई भेडाबाखाझैं धरपकड गर्छ । फ्रान्सेली गणतन्त्र वास्तवमा पुँजीवादी व्यवस्थाको लठैत हो । सडकमा नवयुवाहरूलाई अपाङ्ग बनाएर फ्रान्सेली पुलिसहरूले अहिले यही तथ्य साबित गर्दै छन् ।

आक्रोशका दिनहरू

अक्टोबर १७ गते देशव्यापी विरोधप्रदर्शन भयो । त्यसमा झन्डै ८ लाख फ्रान्सेलीहरू सहभागी भएको अनुमान छ । त्यसलाई दबाउन इमानुएल म्याक्रोँ सरकारले चरम हिंसा प्रयोग गऱ्यो ।

गणतन्त्र चोकमा प्रदर्शनकारीहरू भेला हुँदै थिए । अकस्मात उनीहरूमाथि प्रहरीले अश्रु ग्यास बर्सायो । दङ्गाप्रहरी पूर्ण तयारीसाथ आएको थियो । हातमा लाठी र ढाल थियो । शरीरमा बाक्लो कवच थियो । दङ्गाप्रहरी भीडमाथि खनियो । पेरिस, लियोँ, बोर्डओलगायत देशका विभिन्न सहरमा दमनचक्र चल्यो । दङ्गाप्रहरीले प्रदर्शनकारी र आसपास उभिएका रमितेहरूलाई कुट्नुसम्म कुट्यो । गृह मन्त्रालयले जनाएअनुसार करिब १८ सय मानिसलाई पक्राउ गरियो । ५ सयभन्दा बढी मानिस घाइते भए । पेरिसमा मात्र ८५५ जनालाई पक्राउ गरियो । सेन्ट एटियनमा एक किशोरले एउटा हात गुमाए । मुलहाउसमा एक किशोरले एउटा आँखा गुमाए । तिनलाई उद्दार गर्न गएका चिकित्सकहरूलाई प्रहरीले सडकमै लछारपछार गऱ्यो ।

अक्टोबर १७ गते आन्दोलनमा नयाँ समूह थपियो । आन्दोलनमा पुनः 'पहेँलो भेषधारीहरू' देखापरे । यो राजधानीबाहिर बस्ने कामदारहरूको आन्दोलन हो । यिनको कुनै नेता छैन । सरकारले इन्धनमा लिने गरेको भारी कर र महँगीको विरोध गर्दै आएका छन् । सन् २०१८ मा यिनीहरूलाई सरकारले क्रूरतापूर्वक दबाएको थियो । किशोर प्रदर्शनकारीहरूले हप्तौंसम्म दङ्गाप्रहरीको प्रतिकार गरिसकेका थिए । यो देखेर 'पहेँलो भेषधारी' ले सडकमा उत्रिने निधो गरे । प्राणको बाजी थापेर उनीहरूले प्रदर्शनको आह्वान गरे । विद्यार्थी विद्रोहलाई समर्थन गर्ने घोषणा गरे ।

अक्टोबर १७ गते बिहानैदेखि उनीहरूले सडकका मोड र चोकहरू ठप्प पारे; इन्धन भर्ने डिपोहरू बन्द गराए । उनीहरूमध्ये एक हुन् - बाँदोल सहरका अवकाशप्राप्त मजदुर पियर । उनले भने, "बिहानदेखि ममाथि पाँचपल्ट ग्यास हानिएको छ । (म्याक्रोँ) सरकारले जनताविरुद्ध युद्ध चलाउँदै छ ।" आन्दोलनमा 'पहेँलो भेषधारीहरू' को प्रवेशले नयाँ सम्भावना जन्माएको छ । विद्यार्थी विद्रोह मजदुर वर्गको आन्दोलनमा फेरिन सक्छ । यही मेसोमा मजदुरहरूले आफ्ना पीडाहरूलाई आन्दोलनको विषय बनाउन सक्छन् ।

'पहेँलो भेषधारीहरू' को प्रदर्शनमा नर्स, शिक्षक र अग्निनियन्त्रकहरू पनि सहभागी भए । लिले सहरमा भएको प्रदर्शनमा २० जना रेल मजदुरहरू पनि 'पहेँलो भेषधारीहरू' सँगै देखिए । आफू सहभागी नभए पनि फ्रान्सका बहुमत मजदुरहरूले आन्दोलनप्रति सद्भाव जनाएका छन् । हालै गरिएको एक सर्वेक्षणअनुसार ५५ प्रतिशत फ्रान्सेलीहरूले विद्यार्थी प्रदर्शनलाई समर्थन गरेका थिए ।

कसको गणतन्त्र ?

म्याक्रोँ सरकारले बठ्याइँ गर्दै छ । उसले हिंसाका पीडितलाई हिंसा सुरु गर्ने पक्ष देखाउने रणनीति लिएको छ । फ्रान्सका प्रधानमन्त्री लेकोर्नुले तिनलाई 'चरम दक्षिणपन्थी समूह' भने । गृहमन्त्री लौराँ नुन्यजले तिनलाई 'उग्र वामपन्थीहरू' भने । राष्ट्रपति म्याक्रोँले घोषणा गरे, "हिंसालाई कसैगरी व्याख्या गर्न सकिन्न, कसैगरी सही ठहऱ्याउन सकिन्न ।" लाखौं प्रदर्शनकारीहरूको आन्दोलनलाई बुद्धिहीन भीड भनी चित्रण गर्न उनीहरूले केही आगलागीको चर्चा गरे । जस्तो, लिमोज सहरको सभाभवनमा भएको आगलागीको विषय उप्काए । थोमस काजेनाभ बोडओका मेयर हुन् । उनले लेखे, "तिनीहरूले सिधै सरकारी संस्थान र राज्यका अधिकारीलाई तारो बनाए ।"

बोर्डओका मेयरले कसको रक्षा गर्दै छन् ? भवनमा आगलागी हुँदा नेताहरूले दुःखमनाउ गरे । प्रहरीले ग्रिनेड हान्दा एक १६ वर्षे किशोरले आँखा गुमाउनुपऱ्यो । तर, नेताहरूले थप कठोर कानुन लगाउनुपर्ने उन्माद फैलाए ।

शासक वर्ग विद्रोह हिंसात्मक भयो भन्छन् । तर, विद्रोह गर्नुपर्ने परिस्थितिलाई कहिल्यै हिंसा भन्दैनन् । फ्रान्सका गरिब विद्यालयका कक्षाकोठामा मुसा दौडिन्छन्, साङ्ला डुल्छन् । यस्ता फोहरी कोठामा ३५ जना विद्यार्थी बस्नुपर्छ । विद्यालयबाहिर प्रहरीले काला र अरबी मूलका कलिला विद्यार्थीलाई रोकेर खानतलासी लिने, पक्राउ गर्ने गर्छन् । सहरबाहिरका मजदुर इलाकाबाट आएका विद्यार्थीलाई तिनको वर्ण हेरेर विभेद गरिन्छ । तिनका यस्ता हर्कतले गर्दा हप्तामा कम्तीमा एक विद्यार्थीको मृत्यु हुने गरेको छ । खाना र इन्धनको भाउ चर्किँदै छ । अक्सफामको रिपोर्टअनुसार फ्रान्सका निर्धन ४८ प्रतिशत जनतासँग जति सम्पत्ति छ, त्यति नै सम्पत्ति जम्मा ५३ अर्बपतिहरूको हातमा छ । यो संरचनात्मक हिंसा हो । यही हिंसाका कारण फ्रान्सेली पुँजीवादको जाँतोमुनि कामदार वर्ग पिरोलिएको अवस्था छ ।

मार्टिन लुथर किङ जुनियरले भनेका थिए, "उपद्रो निमुखाहरूको भाषा हो ।" कतिपय सहरमा भएको लुटपाट अर्थहीन छैन । वर्षौंदेखि 'गोजीमा दाम नहुने मान्छे' लाई राक्षसीकरण गरिएको छ । तिनको जीवन 'बेकार हो' भनिएको छ । तिनै मान्छे लुटपाटमा उत्रेका हुन् ।

यसको अर्थ 'उपद्रो राम्रो' भनेको होइन । उपद्रोले आन्दोलनलाई अगाडि बढाउँदैन । बरु त्यसैलाई देखाएर झन् चर्को दमन गर्ने निहुँ पाउँछन् शासकहरूले । साथै, दक्षिणपन्थीहरूले सल्बलाउने मौका पाउँछन् । बुद्धिहीन 'दङ्गाकारी' लाई दबाउन निषेधाज्ञा लगाउनुपर्छ, सेना परिचालन गर्नुपर्छ भन्ने तर्कलाई बल पुग्छ । यसरी उपद्रोका कारण आन्दोलन तुहिन सक्छ । मजदुरहरूले आफूले राखेका माग पूरा गराउन सक्दैनन् ।

दक्षिणपन्थीहरू 'उपद्रो जातिविशेषको हो' भन्छन्, आन्दोलनलाई जातीकरण गर्छन् । फ्रान्स सरकारका प्रवक्ता माउद बेजाँले आन्दोलनकारीलाई 'कुहिगन्धे' भने र 'त्यसखाले मान्छे' भने । चरम दक्षिणपन्थी दल रेकाँकेतका फासिवादी नेता एरिक जेमुरले आन्दोलनकारीहरूलाई 'मगरेबी (मुसलमान) र अफ्रिकाका बर्बर जातिको हुल सहरमा घुसिरहेको' बताए ।

यो जातिवादी सोचको असर पेरिसबाहिर पर्ने ट्राप्स इलाकामा देख्न सकिन्छ । अक्टोबर २३ गते पेरिसको बाहिरी इलाकामा एक बन्दुकधारी देखियो । गाडीमा आएको उसले १५ मिनेटभित्र केही काला र खैरो वर्णका मानिसमाथि गोली हान्यो । उसले एक २६ वर्षीय युवकलाई माऱ्यो । धेरैलाई घाइते बनायो । घाइते हुनेमा एक १२ वर्षीय बालिका पनि थिइन् । उनलाई आठपल्ट गोली हानिएको थियो । 'ले मोन्डे' अखबारको समाचार अनुसार 'काला र अरबीहरू' लाई गोली हानेकोमा हत्यारा सन्तुष्ट थियो । 'सहरका पसलेहरूको बदला लिएकोमा' उसले आफैलाई बधाई दिएको थियो ।

म्याक्रोँलगायत फ्रान्सका नेताहरूले त्यो घटनालाई त्रासदीपूर्ण भने । तर, यिनले गोहीका आँसु चुहाएका हुन् । जातिवादी माहोल बढ्नुमा यिनै नेता दोषी छन् । वर्षौंदेखि यिनीहरूले आप्रवासी, शरणार्थी र मुस्लिमविरोधी कानुनको पक्ष लिँदै आएका छन् । यिनले गर्ने राजनीतिमा फ्रान्सको फासिवादी दल 'नेशनल च्याली' को विचार झल्किन्छ ।

ध्रुवीकरण

फ्रान्समा सहरबाहिरका इलाकालाई बानलिउ भनिन्छ । त्यहाँ बसोबास गर्ने श्रमजीवी युवाहरूले फ्रान्सेली राज्यविरुद्ध विद्रोह गरेको यो पहिलोपल्ट होइन । सन् २००५ र २०२३ मा यस्तै विद्रोह भएको थियो । प्रहरीले बानलिउका केही किशोरहरूको हत्या गरेपछि सारा अर्धसहरी इलाका विद्रोहमा उत्रेको थियो । तर, त्यसले मजदुर आन्दोलनको रूप लिएन । सन् २००५ का दङ्गाकारीहरूलाई वामपन्थीहरूले साथ दिएनन् । सन् २०२३ को घटनामा मजदुर युनियनका नेताहरूले विज्ञप्ति जारी गरे । तर, हडतालमा उत्रेनन् ।

सन् २०२६ मा स्थिति फेरिएको छ । युवाहरूले अघिल्ला सङ्घर्षहरूबाट पाठ सिकेका छन् । यो विद्रोह उपद्रोबाट नभई विद्यालयहरूबाट सुरु भयो । यसपालि सुरुमै ठुला आमसभाहरू गरिए । यसबाट विद्यार्थीहरूले आन्दोलनलाई सिधै लोकतान्त्रिक रूप दिन सके । यसका पछाडि दुई अनुभवले काम गरेको देखियो । पहिलो, प्यालेस्टिनको सङ्घर्ष थियो । यसले नयाँ पुस्तालाई राज्यको दमन र फ्रान्सेली गणतन्त्रको मर्ममा रहेको नैतिक रिक्तताको दर्शन गरायो । दोस्रो, फासिवादी दल 'नेसनल च्याली' थियो । आउँदो वर्ष हुने राष्ट्रपतीय निर्वाचनबाट यो दल सत्तामा आउँछ भने त्यो फ्रान्सका सम्पूर्ण श्रमजीवी र शोषित-पीडित जनताका लागि ज्यानमारा घटना हुनेछ ।

फ्रान्सेली गणतन्त्रको नेतृत्व फासिवादीहरूले लिन सक्ने खतराले विद्यार्थीहरूलाई तत्काल केही गर्न हौस्यायो । विद्रोहले स्पष्ट राजनीतिक चेत पायो । विद्यार्थीहरूले राम्रो भविष्यको माग गरेका मात्र होइनन् । उनीहरूले भविष्य राम्रो बनाउने अधिकारको रक्षा पनि गर्दै छन् । वर्षौंदेखि आम हडताल हेर्दै आएका हुनाले उनीहरूले लडाइँ जित्ने शक्ति कहाँबाट आउँछ भन्ने पनि सिकेका छन् । त्यो शक्ति आउँछ श्रमजीवी जनताबाट । किनभने, उनीहरूले देशभरि उत्पादन कार्य ठप्प पार्न सक्छ ।

विद्रोहलाई पुँजीपति वर्गले पनि जातीकरण गर्दै छ । बैंकपति मार्टिन ओरेन्जले एक पत्रिकामा लेखे, "व्यापारी संसारमा खतराको लहर फैलिएको छ । हाम्रो राजनीतिक नेतृत्व बेकार, नालायक र हुतिहारा देखियो । (फ्रान्सका प्रमुख मध्यमार्गी र दक्षिणपन्थी नेताहरू) रितेल्यू, अत्ताल, फिलिप, ग्लुक्समानजस्ता नेतामध्ये कोही पनि कुनै कामका छैनन् ।"

धेरै पुँजीपतिहरू कठोर नेता चाहन्छन् । त्यो नेताले आफ्नो नाफा कमाउने बन्दोवस्त जोगाइदिएको हेर्न चाहन्छन् । फ्रान्सको सार्वजनिक ऋण कूल गार्हस्थ उत्पादनभन्दा पनि ठुलो छ । यो सबै ऋण कामदार वर्गले तिरुन् भन्ने मनसाय हो शासक वर्गको । सरकार जनकल्याणको क्षेत्रमा हुने खर्च कटौती गर्न चाहन्छ । विद्यार्थीहरूले त्यसलाई रोक्दै छन् । अब सरकार ज्याला, पेन्सन र सार्वजनिक सेवामाथि प्रहार गर्ने ताकमा छ । यसको लागि मजदुर युनियन र वामपन्थीहरूलाई सोत्तर पार्नुपर्छ । पुँजीपतिहरू 'नेसनल च्याली' की नेतृ तथा राष्ट्रपति पदकी उम्मेदवार मारिन लेपेँ लाई पूरै विश्वास गर्दैनन् । तसर्थ, बैंकपति ओरेन्जले लेखे, "कतिपयले उनले मात्र 'राज्यको अख्तियारी पुनःस्थापित गर्न सक्छिन् भन्छन् ।"

फासिवादी नेतृ लेपेँ कठोर काम गर्न तयार छिन् । उनको पार्टीले लामो समयदेखि ठुला पुँजीपतिहरूको सेवा गर्दै आएको छ । तिनको लागि बन्दोवस्ती मिलाउन सक्ने पार्टीको रूपमा आफूलाई प्रस्तुत गर्दै आएको छ । 'नेसनल च्याली' को सरकारले मजदुर युनियन र वामपन्थीहरूलाई तह लगाउने दमनकारी व्यवस्था मिलाउनै पर्दैन । किनभने, मध्यमार्गी भनाउँदाहरूले पहिले नै यो काम गरेका छन् । उनीहरूले जनप्रदर्शनमाथि प्रतिबन्ध लगाएका छन् । वामपन्थी सङ्घसङ्गठन विघटन गर्न सकिने कानुन बनाएका छन् । दङ्गाप्रहरी र सेना परिचालनलाई सामान्य बनाएका छन् । तिनलाई जनता दबाउने उद्देश्यले तम्तयारी अवस्थामा राखेका छन् । यो सारा संयन्त्रलाई म्याक्रोँले अहिले 'बानलिउ' का कलिला विद्यार्थी र युवाहरूविरुद्ध प्रयोग गर्दै छ । लेपेँ राष्ट्रपतिमा निर्वाचित भइन् भने उनले यो संयन्त्रलाई मजदुर युनियन र वामपन्थीहरूविरुद्ध प्रयोग गर्ने छिन् ।

दशकौंदेखि फ्रान्सका शासकहरूले मतदातालाई डरमा राख्दै आएका छन् । मध्यमार्गी मोर्चा 'रिपब्लिकन फ्रन्ट' ले फासिवादी दल 'नेसनल च्याली' लाई सत्तासीन हुनबाट रोकिरहेको बताउँदै आएका छन् । उनीहरूको अर्ती हुन्छ, 'फासिवादीहरूलाई पछार्ने हो भने एउटै उपाय छ । मध्यमार्गी उम्मेदवारहरूलाई मत दिनुपर्छ । उनीहरूले अवलम्बन गर्ने खर्चकटौती नीति र जातिवादलाई स्वीकार्नुपर्छ ।' म्याक्रोँ र उनका सहकर्मीहरूले यो तर्कलाई पटकपटक प्रयोग गरेका छन् । वामपन्थीहरूलाई भित्तामा धकेल्न र आफ्नो पक्षमा मत झार्न उनीहरूले यही उपाय लगाउँछन् । सन् २०२४ को निर्वाचनमा वामपन्थीहरूको गठबन्धन 'न्यू पपुलर फ्रन्ट' ले यो तर्कलाई चुनौती दियो । त्यो मोर्चाको नेतृत्व 'फ्रान्स अनबाउड' ले गरेको थियो । मोर्चाका उम्मेदवार धेरै स्थानमा विजयी भए । तर, म्याक्रोँले तिनलाई सरकार बनाउन दिएनन् । 'गणतान्त्रिक मूल्यमान्यता' का रक्षक भनाउँदाहरू अहिले फासिवादीहरूका लागि सत्ताको ढोका खोल्न तयार भइरहेछन् ।

अक्टोबर १७ को विद्रोहपछि म्याक्रोँ सरकार अहिले घोषणा नगरी आपतकाल लगाउने ताकमा छ । गृहमन्त्री लेकोर्नुले देशका सबै मेयरहरूलाई 'आवश्यक परेका स्थान' मा कर्फ्यू लगाउने अधिकार दिएका छन् । पेरिसलगायत ठुला सहरहरूमा नाबालिगहरूविरुद्ध कर्फ्यू लगाइयो । जनप्रदर्शन गर्न प्रतिबन्ध लगाइयो । सेनालाई गस्तीमा तैनाथ गरियो । देशमा आपत्काल लगाउने मनसाय छ कि भनेर सोध्दा लेकार्नुले भने, "आवश्यक परेर लगाउनेछौं ।" यति नै बेला उनले सङ्कटबाट कसरी पार पाउने भनी सल्लाह लिन फासिवादी दल 'नेसनल च्याली' लाई बैठकमा बोलाए । अक्टोबर २४ सम्म गृहमन्त्रीको प्रतिबन्ध देशका सबै सहरमा फैलिसकेको थियो । सरकारले ७० हजार प्रहरी, विशेष दस्ता र हतियारबन्द गाडी परिचालित गरिसकेको थियो ।

आशाका दिनहरू

अक्टोबर १७ यता देशैभरि विद्यालयदेखि विश्वविद्यालयसम्म विद्यार्थीसभाहरू भएका छन् । बोर्डओ सहरका दुई क्याम्पस सभा भए । दुवैमा करिब १ हजार विद्यार्थी थिए । पेरिस क्षेत्रमा भएको सभामा ३२ क्याम्पसका विद्यार्थी प्रतिनिधि आएका थिए । अक्टोबर २२ र २९ गते भएका प्रदर्शनमा उनीहरू सहभागी भए । अक्टोबर २४ गते भएको जुलुसमा पनि उनीहरू सहभागी थिए । नोभेम्बर ५ गते हुने आम हडतालको तयारीका लागि ती प्रदर्शन भएका थिए ।

अक्टोबर २२ गते देशभरि विद्यार्थी सभा संयोजन गर्ने समूहले पेरिसमा प्रदर्शन गर्न आह्वान गऱ्यो । तर, प्रहरीले जुलुसलाई भेलामा फेरिदियो ।

अक्टोबर २२ गते राज्यले उनीहरूलाई जुलुस गर्नबाट रोक्यो । तर, अक्टोबर २४ गते राज्यले रोक्न सकेन । विशाल शक्तिप्रदर्शन भयो । लाखौं प्रदर्शनकारीहरूले म्याक्रोँ सरकारका धूर्त चालबाजीलाई विफल पारिदिए । पेरिसको झन्डै चार किलोमिटर सडकमा लाखौं विद्यार्थी र मजदुरको भव्य उपस्थिति थियो । ट्राप्समा मारिएका युवाहरूको सम्झनामा फासिवादविरुद्ध मुठ्ठी उठाएर उनीहरूले एक मिनेट मौनधारण गरे । यसपछि दर्शौं हजारको सङ्ख्यामा प्रदर्शनकारीहरू मार्सेलिजतर्फ लम्के । बोर्डओ सहरमा झन्डै १० हजार प्रदर्शनकारी मुसलधारे पानीमा भिज्दै भेला भए । सहरको मध्य भागमा भेला भएर उनीहरूले सरकारी निषेधाज्ञा तोडे । प्रहरीहरूले अश्रुग्यास फाले । लियोँ सहरमा झन्डै २० हजार प्रदर्शनकारीले हतियारबन्द गाडीकै अगाडि जुलुस गरे । उनीहरूले जुलुस गर्दै गर्दा प्रहरीले अश्रुग्यास बर्सायो । तर, जुलुस रोकिएन । निसे सहरमा प्रदर्शनकारीहरूलाई तितरबितर पार्न प्रहरीले पानीको फोहोरा प्रयोग गऱ्यो । त्यो दिन देशैभरि ८ लाख मानिसहरू सडकमा आएको अनुमान गरिएको छ । पेरिसमा देखाइएको एउटा प्लेकार्डमा घतलाग्दो टिप्पणी थियो । आन्दोलनकारीहरूले सीमा फुटाएकोमा उन्मादी बनेको फ्रान्सको शासक वर्गलाई व्यङ्ग्य गर्दै प्लेकार्डले भन्यो, "म त्यो पसलको झ्याल

बाँकी पृष्ठ ८ मा

चिनियाँ कम्युनिस्ट पार्टीको २० औँ केन्द्रीय समितिको पाँचौँ पूर्ण बैठकको विज्ञप्ति

पेइचिङ, अक्टोबर २९ (सिन्हुवा)। चिनियाँ कम्युनिस्ट पार्टीको २० औँ केन्द्रीय समितिले बिहीबार एक विज्ञप्ति जारी गर्दै पेइचिङमा पाँचौँ पूर्ण बैठक सम्पन्न गरेको छ ।

विज्ञप्तिको पूर्ण पाठ यस्तो छ :

अक्टोबर २९, २०२६ मा सम्पन्न चिनियाँ कम्युनिस्ट पार्टीको पाँचौँ पूर्ण सत्रको विज्ञप्ति

चिनियाँ कम्युनिस्ट पार्टीको २० औँ केन्द्रीय समितिको पाँचौँ पूर्ण बैठकले पारित गरेको हो।

चिनियाँ कम्युनिस्ट पार्टीको २० औँ केन्द्रीय समितिले अक्टोबर २६ देखि २९, २०२६ सम्म पेइचिङमा पाँचौँ पूर्ण बैठक आह्वान भयो।

बैठकमा केन्द्रीय समितिका १६२ सदस्य र ११७ वैकल्पिक सदस्य सहभागी थिए। बैठकमा अनुशासन निरीक्षणका लागि केन्द्रीय आयोगका सदस्यहरू र सम्बन्धित विभागका प्रमुख अधिकारीहरू मतदानको अधिकार रहित रुपमा उपस्थित थिए। हाम्रा केही प्राथमिक तहका सहकर्मीहरू र २० औँ राष्ट्रिय पार्टी काङ्ग्रेसमा प्रतिनिधिको रूपमा सेवा गरिरहेका धेरै विशेषज्ञ र विद्वानहरू पनि मतदानको अधिकार रहित रुपमा बैठकमा उपस्थित थिए।

बैठकको अध्यक्षता केन्द्रीय समितिको राजनीतिक ब्युरोले गरेको थियो। केन्द्रीय समितिका महासचिव सी चिन फिङले महत्त्वपूर्ण सम्बोधन गर्नुभयो।

केन्द्रीय समितिले राजनीतिक ब्यूरोको तर्फबाट सी चिनफिङले प्रस्तुत गरेको राजनीतिक ब्यूरोको कामको प्रतिवेदन सुनेको र छलफल गरेको छ। बैठकमा सहभागीहरूले पूर्ण र कठोर पार्टी स्वशासनका साथ लगनशीलतासम्बन्धी केही प्रमुख मुद्दाहरूमा चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय समितिको प्रस्तावमाथि पनि विचार गरे र त्यसलाई पारित गरे। सी चिनफिङले प्रस्तावको मस्यौदामा व्याख्यात्मक टिप्पणी गर्नुभयो।

बैठकमा केन्द्रीय समितिले २० औँ केन्द्रीय समितिको चौथो पूर्ण अधिवेशनदेखि राजनीतिक ब्यूरोको कामलाई पूर्ण रुपमा पुष्टि गरेको छ। राजनीतिक ब्यूरोले निम्न पक्षमा प्रगति हासिल गरेकोमा सर्वसम्मतिले सहमति भयो: पार्टीको २०औँ राष्ट्रिय महाधिवेशन र २०औँ केन्द्रीय कमिटीको पूर्ण बैठकबाट निर्देशित सिद्धान्तहरूलाई इमानदारीपूर्वक कार्यान्वयन गर्ने; स्थिरता सुनिश्चित गर्दै



प्रगति पछ्याउने सामान्य सिद्धान्तको पालना गर्दै; नयाँ विकास दर्शनलाई पूर्णतया र इमानदारीपूर्वक सबै मोर्चाहरूमा लागू गर्दै; पाँच-क्षेत्र एकीकृत योजना र चार-पक्षीय बृहत् रणनीतिलाई समन्वयात्मक रूपमा कार्यान्वयन गर्ने; आन्तरिक र अन्तर्राष्ट्रिय आवश्यकताहरू सन्तुलन; विकास र सुरक्षा दुवै सुनिश्चित गर्दै; उच्च गुणस्तरीय आर्थिक विकासमा ठोस परिणामहरू प्रदान गर्दै; समाजवादी लोकतन्त्र र विधिको शासनको विकास; सार्वजनिक सञ्चार र सांस्कृतिक कार्य सुधार; जनताको हित सुनिश्चित गर्ने र पारिस्थितिक संरक्षण प्रवर्द्धन गर्ने; राष्ट्रिय सुरक्षा र सामाजिक स्थिरताको रक्षा; पूर्ण र कठोर पार्टी स्वशासनलाई थप सुदृढ गर्दै; राष्ट्रिय रक्षा र सशस्त्र बलको आधुनिकीकरण; हङकङ, मकाउ र ताइवानसँग सम्बन्धित कामहरू सञ्चालन गर्दै; र चिनियाँ विशेषताहरूसहित प्रमुख-देश कूटनीति पछ्याउँदै। यी प्रयासहरूका कारण १४ औँ पञ्चवर्षीय योजना सफल भएको छ र १५ औँ पञ्चवर्षीय योजनाको अवधि पार्टी र देशको हितमा हासिल भएका नयाँ प्रगति र नतिजासहितको राम्रो सुरुवात भएको छ। यो वर्ष हामीले कार्यसम्पादनको सही दृष्टिकोण स्थापना र अभ्यास गर्ने सम्बन्धमा अध्ययन अभियान चलायौँ र चिनियाँ कम्युनिस्ट पार्टीको १०५ औँ वार्षिकोत्सव मनाएका छौँ भन्ने पनि उल्लेख गरिएको छ। यी अवसरहरूले सिङ्गो पार्टी र सिङ्गो राष्ट्र एकतामा अगाडि बढेको शक्तिशाली शक्तिलाई थप सदुपयोग गरेको छ।

पार्टीको स्थापनाकालदेखिको यात्रालाई फर्केर हेर्दा केन्द्रीय समितिले चिनियाँ कम्युनिस्ट पार्टीको एकपछि अर्को विजय हासिल गर्ने सफलताको मुख्य कारण साम्यवादको उच्च आदर्श, चिनियाँ राष्ट्रको दिगो महानता प्राप्त गर्ने समर्पण र चिनियाँ जनताको सुख र पुनरुत्थान खोज्ने प्रतिबद्धतामा रहेको औँल्यायो। प्रत्येक ऐतिहासिक अवधिमा पार्टीले आफ्नो स्वशासनलाई धेरै महत्त्व दिएको छ, सत्य र गल्ती सच्याउने साहस देखाएको छ र आफ्नै प्रयास र जनताको साथमा भर परेर आफ्नै समस्या समाधानका लागि बलियो हुँदै आएको छ, अन्ततः पार्टी र जनताको हितमा बलियो नेतृत्वको आधार बन्न पुगेको छ। पार्टीले पार्टी निर्माणलाई क्रान्ति, विकास र सुधारको कालखण्डमा महान् परियोजनाका रूपमा अगाडि बढाएको छ र १८औँ राष्ट्रिय महाधिवेशनपछि नयाँ युगमा पनि यसतर्फ थप प्रगति गरेको छ। यस पाठ्यक्रममा, पार्टीले उत्थान र पतनको ऐतिहासिक चक्रबाट कसरी उम्कने भन्ने प्रश्नको दुईवटा जवाफ फेला पारेको छ: सरकारमाथि जनताको निगरानी र पार्टीको आत्म-सुधार। यी चिनियाँ



कम्युनिस्ट पार्टीका अनौठो आविष्कारहरू हुन् र मार्क्सवादी पार्टीहरूको इतिहासमा सधैँ भिन्न रहनेछन्।

अधिवेशनमा सहभागीहरूले नयाँ युगमा पूर्ण र कठोर स्वशासनको अभ्यासमा हाम्रो पार्टीले हासिल गरेका महान उपलब्धिहरूको उच्च सकारात्मक मूल्याङ्कन गरे। कमरेड सी चिनफिङसहितको केन्द्रीय समितिले पार्टीभित्रको कमजोर, खोक्रो र मक्किएका पार्टी नेतृत्व, लापरवाही, सतही र प्रभावहीन स्व-निरीक्षण र स्वशासनका साथै पार्टीभित्रका केही समस्याहरूबाट चिनिने गम्भीर अवस्थाको सामना गर्न अतुलनीय राजनीतिक साहस र उत्तरदायित्वको बलियो भावना देखाएकोमा सर्वसम्मतिले सहमति भयो। पूर्ण र कठोर पार्टी स्वशासनप्रति दृढतापूर्वक प्रतिबद्ध रहँदै, केन्द्रीय समितिले यी सबै प्रमुख मुद्दाहरूलाई सम्बोधन गर्न सबैभन्दा कडा उपायहरू र समर्पित निरन्तर प्रयासहरू ल्यायो। फलस्वरूप, ढिलो र कमजोर आत्म-निरीक्षण र स्वशासनको समस्यालाई जराबाटै सम्बोधन गरिएको छ, लामो समयदेखि अनियन्त्रित रहेका अस्वस्थ प्रवृत्तिहरूलाई नियन्त्रण गरिएको छ, वर्षौंदेखि पार्टीलाई पिरोलेका गहिरा समस्याहरूको समाधान भएको छ र पार्टी, राज्य तथा सेनाभित्र लुकेका गम्भीर खतराहरू हटाइएको छ। यसरी पार्टी क्रान्तिकारी जोशबाट बलियो भएको छ। नयाँ युगमा पार्टीमाथि पूर्ण र कठोर शासन सञ्चालन गर्ने प्रयासले हाम्रो शताब्दी पुरानो पार्टीको आत्म-सुधारमा नयाँ आधार तोडेको छ र पार्टी एवम् देशको पक्षमा ऐतिहासिक उपलब्धि र परिवर्तनहरू ल्याएको छ। यसरी पार्टी र जनताले महान पार्टी र महान देश निर्माणको ऐतिहासिक पहललाई अपनाएका छन्।

पार्टीले नयाँ युगमा पर्यवेक्षण, शासन, विकास र सुदृढीकरण गर्ने प्रयास गरिरहेको अवस्थामा कमरेड सी चिनफिङ केन्द्रबिन्दुमा रहेको केन्द्रीय समितिले हाम्रा समयका प्रमुख प्रश्नहरूको जवाफमा नयाँ विचार, नयाँ सोच र नयाँ रणनीतिको श्रृङ्खला अगाडि सारेको छ - कस्तो दीर्घकालीन शासन गर्ने मार्क्सवादी पार्टीलाई हामीले त्यहाँ कसरी निर्माण गर्नुपर्छ भन्ने कुरामा जोड दियो। यो विचारले पार्टी निर्माणमा मार्क्सवादी सिद्धान्तलाई समृद्ध र विकास गरेको छ र यसले चीनको विशिष्ट वास्तविकता र यसको राम्रो परम्परागत संस्कृतिसँग मार्क्सवादका आधारभूत सिद्धान्तहरू एकीकरण गरेर पार्टीको सैद्धान्तिक नयाँ व्यवहारलाई अगाडि बढाउनमा ठुलो उपलब्धिको प्रतिनिधित्व गर्दछ। यो पार्टी र जनताको व्यावहारिक अनुभव र सामूहिक बुद्धिको प्रस्टीकरणको रूपमा खडा छ। नयाँ युगका लागि चिनियाँ विशेषताहरूसहितको समाजवादसम्बन्धी सी चिनफिङ विचारधाराको महत्त्वपूर्ण अङ्गका रूपमा यसले नयाँ युगमा पार्टी निर्माणको महान् नयाँ परियोजनालाई अगाडि बढाउन आधारभूत मार्गदर्शन र मार्गचित्र प्रदान गर्दछ।

पूर्ण र कठोर पार्टी स्वशासनलाई अगाडि बढाउनका लागि अहिले धेरै अनुकूल परिस्थितिहरू रहेको कुरामा जोड दिइएको छ, जबकि हामीले यस प्रयासमा धेरै नयाँ परिस्थिति र नयाँ समस्याहरूको सामना गरिरहेका छौँ। विश्वव्यापी, राष्ट्रिय र पार्टी परिस्थितिमा भएका गहिरा परिवर्तनहरूले चीनको सार्वभौमसत्ता, सुरक्षा र विकास हितको रक्षा गर्न जनतालाई एकताबद्ध गर्ने र नेतृत्व गर्ने, सुधार र विकासको प्रवर्द्धन र सामाजिक सद्भाव र स्थायित्व कायम गर्न तथा यसको उन्नत प्रकृति र अखण्डता कायम राख्न जनतालाई एकताबद्ध गर्ने एवम् नेतृत्व गर्ने पार्टीको कार्यलाई अझ कठिन बनाएको छ। यी सबैले पार्टीको सुशासन र नेतृत्व क्षमता, यसको सदस्यताको गुणस्तर र नयाँ परिस्थितिमा भ्रष्टाचार र नैतिक पतन विरुद्धको प्रतिरोधमा गम्भीर चुनौती खडा गरेको छ। यसबाहेक, हाम्रो पार्टीको सामना गर्ने "चार परीक्षा" र "चार खतराहरू" अझै लामो, जटिल र गम्भीर छन्।

यस हिसाबले पार्टीमा रहेका हामी सबैले पार्टीको दीर्घकालीन शासनको स्थितिलाई सुदृढ गर्ने र चिनियाँ राष्ट्रको महान् पुनरुत्थानलाई साकार पार्ने रणनीतिक दृष्टिकोणबाट पूर्ण र कठोर पार्टी स्वशासनका साथ अडिग रहनुको ठुलो महत्त्वको गहिरो बुझाइ हासिल गर्नुपर्छ। नयाँ युगमा पूर्ण र कठोर पार्टी स्वशासनको बहुमूल्य अनुभवलाई अगाडि बढाउन, पार्टी निर्माणका प्रमुख समस्याहरूलाई सम्बोधन र समाधान गर्न र पार्टी स्व-निरीक्षण र स्वशासनबाट बनेको सुदृढ राजनीतिक अवस्थालाई सुदृढ र विकास गर्न हामीले दृढ विश्वास, सङ्कल्प कायम राख्न तथा उच्च मापदण्ड र थप ठोस उपायहरू अपनाउनुपर्छ।

पूर्ण र कठोर पार्टी स्वशासनका साथ अडिग रहँदै हामीले मार्क्सवाद-लेनिनवाद, माओत्से तुङ विचारधारा, देङ सियाओपिङ सिद्धान्त, तीन प्रतिनिधिको सिद्धान्त र विकासको वैज्ञानिक दृष्टिकोणलाई कायम राख्नुपर्छ, चिनियाँ चरित्रको साथमा समाजवादमा सी चिनफिङ विचारधारालाई पूर्णरूपमा लागू गर्नुपर्छ र नयाँ चरित्रको अध्ययन गर्नुपर्दछ। पार्टी निर्माणमा चिनफिङ विचारधाराको गहन अध्ययन गर्दै पार्टीको मिशन एवम् कार्यहरू पूरा गर्न समर्पित हुनुपर्छ, हामीले नयाँ युगमा पार्टी निर्माणको लागि समग्र आवश्यकताहरू अनुरूप काम गर्नुपर्दछ, पार्टीको संविधानलाई हाम्रो आधारभूत मार्गदर्शकको रूपमा लिनुपर्छ, पार्टीको अग्रगामी स्वभावलाई कायम राख्नुपर्छ र पार्टीको समग्र नेतृत्व र पार्टी केन्द्रीय समितिको केन्द्रीकृत, एकीकृत नेतृत्वलाई कायम राख्नुपर्दछ। हामीले पार्टीको दीर्घकालीन शासनको क्षमता अभिवृद्धि गर्न, यसको उन्नत प्रकृति र अखण्डताको संरक्षण गर्न र जनतासँगको घनिष्ठ सम्बन्ध कायम राख्नमा ध्यान केन्द्रित गर्नुपर्छ। हामीले दृढ सिद्धान्तहरू अडिग रूपमा लागू गर्नुपर्दछ, पूर्ण एवम् कठोर पार्टी स्वशासनको अभ्यास गर्ने प्रणालीमा सुधार गर्नुपर्दछ र पार्टी निर्माणलाई सबै मोर्चाहरूमा अगाडि बढाउनको लागि राजनीतिक रूपमा पार्टीलाई सुदृढ गर्ने सर्वोपरि सिद्धान्तको रूपमा लिनुपर्छ। हामीले सम्पूर्ण पार्टीभित्र थप प्रेरणा, पहल र रचनात्मकतालाई उत्प्रेरित गर्नुपर्छ, आफूलाई शुद्धीकरण, सुधार, नवीकरण र उत्कृष्ट बनाउने कार्य जारी राख्नुपर्छ र राजनीतिक नेतृत्व प्रदान गर्ने, सैद्धान्तिक मार्गदर्शन दिने, जनतालाई सङ्गठित गर्ने र समाजलाई प्रेरणा दिने पार्टीको क्षमतालाई निरन्तर सुदृढ गर्दै लैजानुपर्छ। यसो गर्दा, हामी पार्टी सधैँ एक जीवन्त मार्क्सवादी शासक पार्टी बनेको देख्नेछौँ, जुन समयको अग्रभागमा रहन्छ, जनताको पूर्ण हृदयको समर्थन प्राप्त गर्दछ साथै सबै परीक्षाहरू सामना गर्न सक्षम छ र यो सधैँ चिनियाँ विशेषताहरूसहितको समाजवादको कारणको बलियो नेतृत्वको केन्द्र बनेको छ।

बैठकमा, पूर्ण र कठोर पार्टी स्वशासनका लागि दृढताका लागि मार्गदर्शक सिद्धान्तहरू निम्नानुसार उजागर गरियो: पार्टीको मिशन र कार्यहरू सेवा गर्ने; पार्टीलाई राजनीतिक रूपमा बलियो बनाउने सर्वोच्च सिद्धान्तका रूपमा लिने; सिङ्गो पार्टीभरि कठोर शासन अभ्यास गर्दै; समस्या उन्मुख दृष्टिकोण अपनाउने; आधारभूत सिद्धान्तहरूलाई समर्थन गर्दै र नयाँ आधार तोड्ने; शीर्ष-डाउन दृष्टिकोण पालन गर्दै; र पार्टीलाई नियम अनुसार चलाउने।

कम्युनिस्टहरूको पार्टी भावनालाई सुदृढ पार्ने कुरामा जोड दिँदै पूर्ण र कठोर पार्टी स्वशासनका साथ लाग्ने व्यवस्थागत योजनाहरू पनि बैठकमा बनाइयो। लोकतान्त्रिक केन्द्रीयताको कडाइका साथ अभ्यास गर्दै; राष्ट्रिय कायाकल्पको मिशनलाई काँधमा लिन सक्षम उच्च क्षमताका अधिकारीहरू हुर्काउँदै; क्रस-स्तर पङ्क्तिबद्धता र प्रभावकारी कार्यान्वयनद्वारा विशेषता एक राम्रो बुनिएको सङ्गठनात्मक प्रणाली निर्माण; निरन्तर आधारमा आचरण सुधार र अनुशासन कडा; भ्रष्टाचारविरुद्ध दृढ र समन्वयात्मक कारबाही गर्ने; प्रणाली र नियमहरूसङ्गत पार्टी चलाउने; परिष्कृत पार्टी र राज्य निरीक्षण प्रणाली; र पार्टीको स्व-निरीक्षण र स्वशासनका सबै जिम्मेवारीहरू इमानदारीपूर्वक पूरा भएको सुनिश्चित गर्दै पार्टी कार्य अगाडि बढाउने।

पार्टी भावनालाई सुदृढ पार्नु भनेको पूर्ण र कठोर पार्टी स्वशासन सुनिश्चित गर्ने हाम्रो प्रयासको आधारभूत कार्य हो भनी औँल्याइयो। त्यसकारण हामीले पार्टीका सबै सदस्य र पदाधिकारीहरूलाई पार्टीको प्रकृति र उद्देश्यलाई कायम राख्न, पार्टी चेतना जगाउन, पार्टी सदस्यको रूपमा आफ्नो पहिचान र पार्टीको अग्रगामी स्वभावलाई अझ राम्रोसँग बुझ्न र बलियो पार्टी भावना खेती गर्न आजीवन प्रतिबद्धता कायम राख्न प्रोत्साहन गर्नुपर्छ। हामीले उनीहरूलाई आदर्श र विश्वासलाई सुदृढ गर्न, पार्टीप्रति बलियो वफादारी, जनताप्रति गहिरो स्नेह जगाउने, तथ्यबाट सधैँ सत्य खोज्ने, नैतिक चरित्र निर्माण गर्ने, इमानदारिता र निष्ठा जोगाउन प्रयास गर्न पनि उत्प्रेरित गर्नुपर्छ। यी प्रयासहरूले उनीहरूलाई वफादार, इमानदार र जिम्मेवार बन्न र कम्युनिस्टहरूको वास्तविक राजनीतिक चरित्रलाई सधैँ जोगाउन मद्दत गर्नेछ। यस सम्बन्धमा पार्टीप्रति वफादारीको शिक्षालाई सुदृढ गर्ने, पार्टीको पछिल्लो सिद्धान्तसँग एकता र आन्तरिक शक्ति निर्माण गर्ने, पार्टीको असल परम्परा र असल परम्परागत चिनियाँ संस्कृतिसँग पार्टी भावनाको पालनपोषण गर्ने, पार्टी भावनालाई व्यवहारमा टेवा पुऱ्याउने र पार्टी भावनाको मूल्याङ्कन अभिवृद्धि गर्ने उपायहरू अवलम्बन गरिनेछ।

प्रजातान्त्रिक केन्द्रीयता पार्टीको आधारभूत साङ्गठनिक सिद्धान्त र नेतृत्व प्रणाली हो र त्यसको कार्यान्वयन पूर्ण र कठोर पार्टी स्वशासनको अभ्यासका लागि अन्तर्निहित आवश्यकता भएको उल्लेख गरिएको थियो। हामीले सही केन्द्रीयताको प्रभावकारी अभ्यास गर्दै अन्तरपार्टी लोकतन्त्रलाई पूर्ण भूमिका दिँदै लोकतान्त्रिक केन्द्रीयताका संस्थाहरूलाई सुधार र कार्यान्वयन गर्नुपर्छ। यसले हामीलाई प्रजातान्त्रिक केन्द्रीयताको राजनीतिक, सङ्गठनात्मक, संस्थागत र कार्यशक्तिलाई अझ राम्रोसँग आकर्षित गर्न मद्दत गर्नेछ। व्यवहारमा पार्टी केन्द्रीय समितिको केन्द्रीकृत, एकीकृत नेतृत्वलाई कायम र सुदृढ गर्ने, पार्टीभित्रको लोकतन्त्रको प्रभावकारितामा सुधार गर्ने, नेतृत्व टोलीका लागि विचारविमर्शका नियम र निर्णय प्रक्रियालाई कडाइका साथ लागू गर्ने र नेतृत्व टोलीका प्रमुखहरूको कर्तव्य र शक्तिको प्रयोगलाई नियमन गर्ने उपायहरू अवलम्बन गरिनेछ।

पूर्ण र कठोर पार्टी स्वशासनको कुञ्जी भनेको पदाधिकारीहरूको कडा व्यवस्थापन हो। हामीले नयाँ युगका लागि पार्टीको साङ्गठनिक कार्यदिशालाई

बाँकी पृष्ठ १० मा

खेलकुद मनोरञ्जनको माध्यम मात्र नभई राजनीति र कूटनीतिसँग पनि जोडिने

भक्तपुर । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले एनपीएल क्रिकेट प्रतियोगितामा सहभागी हुन भक्तपुर आएका पोखरा एभेन्जर्सका खेलाडी तथा अफिसियलहरूलाई भक्तपुर नगरपालिकामा स्वागत गर्नुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाको तर्फबाट एनपीएल क्रिकेट प्रतियोगितामा सहभागी हुन आएका पोखरा एभेन्जर्सका खेलाडी तथा अफिसियलहरूलाई स्वागत गर्दै प्रतियोगिताको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

उहाँले क्रिकेट पछिल्लो समय युवामाझ लोकप्रिय खेलको रूपमा विकास हुँदै गएको बताउँदै नेपालमा एनपीएल क्रिकेट प्रतियोगिता आयोजना हुनु सकारात्मक र महत्त्वपूर्ण विषय भएको उल्लेख गर्नुभयो ।

खेलकुद मनोरञ्जनको माध्यम मात्र नभई राजनीति र कूटनीतिसँग पनि जोडिएको क्षेत्र भएको उहाँले बताउनुभयो । खेलकुले देशहरूबिचको सम्बन्ध विस्तार गर्न तथा आपसी सद्भाव र समझदारी अभिवृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेल्ने उहाँको भनाइ थियो ।

भक्तपुर नगरपालिकाले खेलकुद क्षेत्रलाई प्राथमिकतामा राख्दै विभिन्न खेलकुद गतिविधि सञ्चालन गर्दै आएको जानकारी दिँदै खेलकुद क्षेत्रको विकासले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा देशको पहिचान बढाउनुका साथै आर्थिक गतिविधि र पर्यटन प्रवर्द्धनमा समेत योगदान पुऱ्याउने उहाँको भनाइ थियो ।

खेलाडीहरू प्रतियोगितामा सहभागी हुँदा आफ्नो व्यक्तिगत प्रदर्शनका लागि मात्र नभई देशको प्रतिनिधित्व गरेर जाने भएकाले उनीहरूको भूमिका महत्त्वपूर्ण हुने बताउनुभयो ।

भक्तपुर क्षेत्रफलका हिसाबले सानो नगरपालिका भए पनि ऐतिहासिक, सांस्कृतिक तथा पर्यटकीय दृष्टिले अत्यन्त महत्त्वपूर्ण नगर भएको उल्लेख गर्दै उहाँले भक्तपुरको मौलिक कला, संस्कृति र सम्पदाबारे पनि जानकारी गराउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले भक्तपुर नगरपालिकाले खेलकुद क्षेत्रको विकासका लागि गर्दै आएका गतिविधिबारे जानकारी गराउनुभयो ।

कार्यक्रममा पोखरा एभेन्जर्सका जनरल म्यानेजर अमित लोहनीले टोलीलाई न्यानो स्वागत गर्नुभएकोमा भक्तपुर नगरपालिकाप्रति धन्यवाद व्यक्त गर्नुभयो ।

त्यसैगरी भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत जमुना मिश्रले स्वागत मन्तव्य राख्दै खेलकुदले आपसी सद्भाव, अनुशासन, सहकार्य र भाइचाराको भावना विकास गर्न महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

नगर प्रमुख सुनिल प्रजापतिले पोखरा एभेन्जर्सका खेलाडी तथा अफिसियलहरूको टोलीलाई भक्तपुर नगरपालिकाद्वारा प्रकाशित पुस्तकहरू मायाको चिनोस्वरूप प्रदान गर्नुभयो ।

नसर्ने रोगको रोकथाम तथा नियन्त्रणका लागि जनचेतना अभिवृद्धि गर्नु आवश्यक

भक्तपुर । उपेन्द्र देवकोटा फाउन्डेसनको आयोजनामा विश्व पक्षघात दिवसको अवसरमा बिहीबार भक्तपुरको दत्तात्रयमा पक्षघातसम्बन्धी जनचेतनामूलक कार्यक्रम तथा नि:शुल्क स्वास्थ्य परीक्षण भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नसर्ने रोगको रोकथाम तथा नियन्त्रणका लागि जनचेतना अभिवृद्धि गर्नु महत्त्वपूर्ण रहेको बताउँदै भक्तपुर नगरपालिकाले घरदैलो नर्सिङ सेवामार्फत रक्तचाप, थाइरोइड तथा मधुमेहजस्ता नसर्ने रोगको परीक्षण गर्दै आएको उल्लेख गर्दै उहाँले यस्ता रोगबाट बच्न नियमित स्वास्थ्य परीक्षण र जनचेतना आवश्यक रहेको बताउनुभयो ।

रोग लागिसकेपछि धनसम्पत्तिको अर्थ नहुने बताउँदै उहाँले स्वस्थ रहन सके जीवनमा धेरै काम गर्न सकिने धारणा व्यक्त गर्नुभयो । स्ट्रोकजस्ता गम्भीर स्वास्थ्य समस्यामा समयमै लक्षण पहिचान गरी अस्पताल पुऱ्याउनु महत्त्वपूर्ण रहेको उहाँले बताउनुभयो । आधुनिक प्रविधिको विकाससँगै स्वास्थ्य उपचार सहज हुँदै गएको उल्लेख गर्दै स्ट्रोकको शङ्का लागेमा ढिलाइ नगरी अस्पताल पुग्न उहाँले आग्रह गर्नुभयो ।

भक्तपुर नगरपालिकाले नगरवासीलाई सुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले ख्वप अस्पताल सञ्चालन गरेको बताउँदै उहाँले ख्वप अस्पतालमा सीटी स्क्यान सेवा उपलब्ध रहेको र आगामी दिनमा एमआरआई मेसिन खरिद गर्ने योजना रहेको जानकारी दिनुभयो ।

कार्यक्रममा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याखवले भक्तपुरमा स्ट्रोकसम्बन्धी जानकारीमूलक कार्यक्रम आयोजना गरिएकोमा आयोजकलाई धन्यवाद व्यक्त गर्नुभयो । नि:शुल्क स्वास्थ्य परीक्षणमार्फत सर्वसाधारणलाई आफ्नो स्वास्थ्य अवस्थाबारे जानकारी प्राप्त गर्न सहज हुने बताउँदै उहाँले कुनै स्वास्थ्य समस्या नदेखिए पनि आफ्नो स्वास्थ्य



अवस्थाबारे जानकारी राख्न यस्ता शिविरमा सहभागी भई नियमित स्वास्थ्य परीक्षण गराउन आग्रह गर्नुभयो ।

कार्यक्रममा उपेन्द्र देवकोटा फाउन्डेसनका प्रमुख कार्यकारी अधिकृत मिलन गुरुङले फाउन्डेसनले प्रत्येक वर्ष विश्व स्ट्रोक दिवस मनाउँदै आएको बताउनुभयो ।

स्ट्रोक उमेर ढल्केका व्यक्तिलाई मात्र नभई युवा अवस्थामा पनि हुनसक्ने बताउँदै उहाँले ६ वर्षको बालबालिकामा समेत स्ट्रोक भएको उदाहरण रहेको उल्लेख गर्दै यससम्बन्धी जनचेतना सबै उमेर समूहका व्यक्तिका लागि आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रममा मिस नेपाल वर्ल्ड २०२६ दीपमाला ढकालले स्ट्रोकसम्बन्धी जनचेतना फैलाउन यस्ता कार्यक्रम आवश्यक रहेको बताउँदै स्ट्रोक जुनसुकै व्यक्तिलाई पनि हुनसक्ने भएकोले यसबारे आम नागरिकलाई जानकारी दिनु र समयमै सचेत गराउनु महत्त्वपूर्ण रहेको बताउनुभयो ।

कार्यक्रममा न्युरोलोजी विभागका विभागीय प्रमुख डा. एञ्जिल महर्जनले स्ट्रोकसम्बन्धी जानकारी आम जनमानससम्म पुऱ्याउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।

स्ट्रोक मस्तिष्कमा रक्तप्रवाह अवरुद्ध हुँदा वा मस्तिष्कको रक्तनली फुटेर रक्तस्राव हुँदा हुने गम्भीर अवस्था भएको उल्लेख गर्दै उहाँले यसको लक्षण देखिनेबित्तिकै बिरामीलाई अस्पताल पुऱ्याउनुपर्नेमा जोड दिनुभयो ।

स्ट्रोकको शङ्का लागेमा बिरामीको अवस्थाअनुसार तत्काल सीटी स्क्यान वा एमआरआईजस्ता परीक्षण गरी रोगको प्रकृति पहिचान गर्नुपर्ने उहाँले जानकारी दिनुभयो । स्ट्रोकका बिरामीलाई जतिसक्दो छिटो अस्पताल पुऱ्याउनु महत्त्वपूर्ण हुने बताउँदै उहाँले लक्षण देखिएको सुरुवाती घण्टाहरू उपचारको दृष्टिले विशेष महत्त्वपूर्ण हुने उल्लेख गर्नुभयो ।

कार्यक्रमअन्तर्गत भक्तपुरको दत्तात्रयमा नि:शुल्क स्वास्थ्य परीक्षण शिविर सञ्चालन भएको थियो । विश्व स्ट्रोक दिवसको अवसरमा भक्तपुर दरबार क्षेत्रबाट जनचेतनामूलक र्‍याली निकालिएको थियो ।

शेयर सदस्यहरूमा सामाजिक तथा सांस्कृतिक जागरण ल्याइनुपर्ने



भक्तपुर । नवज्योति बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २२ औँ साधारणसभा तथा सातौँ अधिवेशनबाट सर्वसम्मत निर्वाचित सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूलाई कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् संविधानसभा सदस्य अनुराधा थापामगरले सम्मानपत्र प्रदान गर्नुभयो ।

उहाँले सहकारीले आर्थिक कारोबारका साथै शेयर सदस्यहरूमा सामाजिक तथा सांस्कृतिक जागरण ल्याउनुपर्ने र राजनीतिक संस्कारको विकास गर्दै सोचको दायरा फराकिलो बनाउनुपर्ने धारणा व्यक्त गर्नुभयो । सहकारीले समाजलाई वैज्ञानिक ढङ्गले परिवर्तन गर्नसक्ने आधार तयार गर्नुपर्नेमा जोड दिँदै उहाँले नयाँ पुस्ता आफ्नै देशको माटोमा सेवा गर्न अग्रसर हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

संस्थाका निवर्तमान अध्यक्ष काजीबहादुर पञ्च, उपाध्यक्ष लक्ष्मीप्रसाद कोजू, कोषाध्यक्ष सूर्यबहादुर माकजूलगायतका पदाधिकारीहरूलाई संस्थाको स्थापनाकालदेखि हालसम्म निरन्तर सेवा पुऱ्याएकोमा प्रमुख अतिथि थापामगरले कदरपत्र प्रदान गरी सम्मान गर्नुभयो ।

निवर्तमान अध्यक्ष काजीबहादुर पञ्चले सहकारीको स्थापनाकालदेखि हालसम्मका आरोह-अवरोह स्मरण गर्दै आगामी दिनमा नयाँ नेतृत्वले सहकारी ऐन, नियम, सिद्धान्त र मर्मअनुसार संस्था सञ्चालन गर्नुपर्ने सुझाव दिनुभयो ।

निवर्तमान लेखा सुपरिवेक्षण समितिका संयोजक दुर्गानाथ न्हेम्हाफुकी, सदस्यहरू इन्द्रबहादुर कोजू, अनुषा श्यामा खुलिमुली र सूर्यबहादुर पञ्चलगायतले मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रम संस्थाका अध्यक्ष एसबी खुलिमुलीको सभापतित्वमा सम्पन्न भयो ।

फ्रान्समा...

हुनुपर्ने, कम्तीमा तिनीहरू मप्रति गम्भीर त हुने थिए ।"

अक्टोबर २४ गते म्याक्राँ सरकारका लागि अपमानजनक रह्यो । आन्दोलन एक अर्थमा सफल भयो । सरकारले जनतालाई तर्साउन बलप्रयोग गऱ्यो । तर, उसको केही सीप चलेन । आन्दोलनकारीहरू झन् सशक्त भए । म्याक्राँ सरकार जनआक्रोशलाई मत्थर पार्न सक्छु/सक्दिन भन्ने अन्योलमा छ ।

त्यही दिन ओर्लियन्स सहरमा दसौँ हजार प्रदर्शनकारीले फासिवादीहरूलाई चुनौती दिए । 'नेसनल राली' पार्टीले लेपेँ लाई राष्ट्रपति उम्मेदवारको रूपमा प्रचार गर्न त्यहाँ सम्मेलन आयोजना गरेको थियो । प्रहरीको कडा पहरा थियो । यत्तिकैमा ३० हजार प्रदर्शनकारी त्यहाँ आइपुगे । प्रहरीले अपेक्षा गरेभन्दा दोब्बर उपस्थिति थियो । जुलुसमा युनियनका मजदुरहरू, जातिवादविरोधी युवा, कागजात नभएका मजदुर, महिला र इतरलिंगी समूह र वामपन्थी क्रान्तिकारीहरूको ठुलो उपस्थिति थियो । फासिवादीहरूलाई सत्तासीन हुनबाट रोक्न यति नै पर्याप्त त छैन । तर, त्यो जुलुसले एउटा स्पष्ट सन्देश भने थियो, 'नेसनल र्‍याली' ले निर्वाचन जित्न सक्ला, तर सडक जित्न सक्नेछैन ।

आन्दोलनमा अर्को ठुलो घटना घट्यो । देशकै दोस्रो ठुलो मजदुर महासङ्घ 'सिजिटी' ले नोभेम्बर ५ गतेका लागि आम हडताल आह्वान गरेको छ । अक्टोबर २४ गतेसम्म फ्रान्सका प्रमुख मजदुर युनियनहरूको त्यो महासङ्घले विद्यालयहरूको बजेटमा सरकारले सहुलियत दिनुपर्ने माग राखेको थियो । विद्यार्थीहरूलाई वार्तामा नबोलाए पनि हुने उसको विचार थियो । तर, गृहमन्त्री लेकोर्नुले कुनै सहुलियत दिएनन् । पहिले मध्यस्थता गरेको महासङ्घले अहिले आम हडतालको आह्वान गर्दै छ । महासङ्घकी महासचिव सोफी बिनेत आफ्नो वक्तव्यमा भन्छिन्, "मजदुरहरूले सर्वत्र आमसभाहरू आयोजना गर्नुपर्छ । नोभेम्बर ५ गते र त्यसपछि हुने हडताललाई देशव्यापी बनाउन सबै प्रशासनिक क्षेत्रमा सबै कार्यस्थलमा मजदुरहरूले आफ्ना सम्पूर्ण सहकर्मीसहित आमसभा गर्नुपर्छ ।"

राष्ट्रपति म्याक्राँ अहिले अन्योलमा छन् । विद्यार्थीहरूलाई सडकबाट खेद्न दमन जारी राख्ने कि नराख्ने भन्ने छ । किनभने, दमनचक्र चलाइरहे सामाजिक विष्फोट हुने खतरा छ । तर, उनले आफ्नो पकड खुकुलो पारे बजेट र विद्यालयको सङ्कट सतहमा आउने निश्चित छ । जसले विद्रोहलाई चर्काइरहनेछ ।

आन्दोलनका आफ्नै अन्योल छन् । राज्यले आफ्नो आदेश नमान्नेहरूलाई ठेगान लगाएर उदाहरण पस्किने सुरमा देखिन्छ । जेलमा हाल्ने धम्की दिएर हुन्छ कि कर्फ्यु लगाएर हुन्छ, प्रदर्शनकारीहरूलाई घरमा थुन्न सक्छ सरकारले । यति नै बेला मजदुरहरूको शक्ति युनियनका नेताहरूको हातमा छ । उनीहरूले सावधानीपूर्वक त्यो शक्ति प्रयोग गर्दै छन् । युनियन नेताहरूले कडा भाषा प्रयोग गरे । तर, एकदिने हडतालको तयारी कर्मकाण्डी छ । एकदिने हडतालले असन्तोष घटाउन सक्छ, सरकारलाई घुँडा टेकाउन सक्दैन । (सन् २०२३ मा युनियनका नेताहरूले पाँच महिनाभित्र चौधपल्ट एकदिने हडताल आयोजना गरे । म्याक्राँले त्यसलाई आरामले हेरे ।) अर्को बाटो पनि छ । मजदुरहरूले अनिश्चित कालसम्म उत्पादन ठप्प पार्नुपर्छ र नाफाखोरहरूको धन्दा चौपट पार्नुपर्छ ।

'पहेँलो भेषधारी' हरूले अक्टोबर ३१ को दिन 'तेस्रो प्रयास' को आह्वान गरे । विद्यालय र विश्वविद्यालयका विद्यार्थीले अक्टोबर २९ को जस्तो देशव्यापी प्रदर्शन गर्न रोक्ने छैनन् । आफ्नो सङ्घर्ष र सभाहरूलाईलाई अस्पताल, रेल स्टेशन वा अन्य कार्यस्थलहरूमा लग्न उनीहरूले आआफ्ना बिदालाई प्रयोग गर्नेछन् । ट्राप्सको जातिवादी घटनाका विरुद्ध अक्टोबर २६ गते जातिवादविरोधी सङ्घसङ्गठन र मजदुर युनियनले प्रदर्शनमाथि लगाइएको सरकारी प्रतिबन्ध तोडे ।

विद्यार्थी र श्रमजीवी जनताले देखाइदिए - फ्रान्सेली गणतन्त्रमा जनताको शक्ति अदम्य हो । नोभेम्बर ५ गते नजिकिँदै छ । वामपन्थीहरूले कलकारखाना लगायत विभिन्न कार्यस्थलमा विद्यार्थीहरूको जुझारूपन विस्तार गर्न सक्छन् कि सक्दैनन् ? सबै तह र तप्काका मजदुरहरूलाई मनाएर एकदिने हडताललाई लम्ब्याउन सक्छन् कि सक्दैनन् ? यिनै कुराले फ्रान्समा चलिरहेको विद्रोहको भविष्य तय गर्नेछ ।

(स्रोत : एमआर अनलाइन । सम्यक)

नेपालको न्यायालयमा देखिएको विवाद दुर्भाग्यपूर्ण



नेपालको सार्वभौमसत्ता नेपाली जनतामै कायम राख्न यस्ता बिचौलियाहरूबाट जोगिन जरुरी छ । यसले देशको बौद्धिक शक्ति, सरकार, न्यायालय, सेना, प्रहरी, प्रशासनभित्रै धमिराझैं प्रवेश गरी देशलाई कङ्गाल र ध्वस्त बनाउँछ । यिनीहरूका विरुद्ध सबै नेपाली देशभक्तहरू एकजुट भई सङ्घर्ष गर्नुको विकल्प छैन ।

रामप्रसाद प्रजापति, अधिवक्ता

सर्वोच्च अदालतका न्यायाधीश हरिप्रसाद फुयाँलले महाभियोगको त्रासबिच आफूलाई प्रधानमन्त्रीको मानिस बताउने इनम सापकोटासँग सम्पर्क भएको र उनले विभिन्न मुद्दामा दबाब दिन खोजेको बताए ।

न्यायालयमा सँगसँगै काम गर्ने एउटै रथका दुई पाङ्ग्रा भनिने कानुन व्यवसायीहरूसँग समेत विचाराधीन मुद्दा मामिलाका विषयमा छलफल, भेटघाट गर्न नहुने आचारसंहिताविपरीत न्यायाधीशले रोहित गुप्ताको मुद्दामा प्रधानमन्त्रीको सन्देश छ भन्दै आएका कारण सापकोटालाई हिमालयन होटलमा भेट गरेको, त्यहाँ अन्य न्यायाधीश र अधिकृतहरू पनि रहेको खुलासा गरेको देख्दा नेपालको स्वतन्त्र न्यायपालिकामाथि थप प्रश्न उठ्नु स्वाभाविक छ ।

न्यायालय स्वतन्त्र, निष्पक्ष हुनुपर्ने चर्चा गर्दै हिँड्ने वकिल, न्यायाधीशहरू नै कमजोर र डरछेरुवा देखिएपछिको परिणाम नागरिकको स्वतन्त्रता, प्रजातन्त्र जोखिममा पर्दै जाने निश्चित छ । हामीलाई थाहा छ, चौथो वरियताका मनोजकुमार शर्मा सर्वोच्च अदालतको प्रधानन्यायाधीश भएपछि उनीभन्दा वरिष्ठतम् न्यायाधीशहरू सपनाप्रधान मल्ल, हरिप्रसाद फुयाँलसमेत राजीनामाको दबाबमा परेको, राजीनामा नदिए संसद्मा महाअभियोग लगाएर भए पनि हटाउने योजना रहेको चर्चा चलेकै हो ।

एक निडर र निष्पक्ष न्यायाधीशले आफूविरुद्ध महाअभियोग आएको खण्डमा डटेर सामना गर्ने हो । दबाब आए दबाबको सामना गर्ने हो । तर, महाअभियोगको खतरा छ भन्ने हल्ला गर्नेहरू बिचौलियाको शरणमा परी देश र जनताको लागि, निष्पक्ष न्याय सम्पादनको लागि नभई आफ्नो पद जोगाउन बिचौलिया भेट्न सर्वोच्च अदालतका न्यायाधीशहरूको दलबल निजी होटलमा पुग्नु निकृष्ट कार्य देखिन्छ ।

न्यायाधीशहरूले आफूहरू आर्थिक र नैतिक रूपमा विचलन नभएको दाबी गरे पनि अब पत्यारलाग्दो स्थिति बनेन । उक्त प्रकरणको गम्भीर अनुसन्धान हुने नै भयो ।

नेपाल बार एसोसियसनलगायत नागरिक समाजबाट यस्तो संवेदनशील विषयका सम्बन्धमा सत्यतथ्य, निष्पक्ष, विश्वसनीय र पारदर्शी प्रक्रियाबाट छानबिन हुन आवश्यक छ । सञ्चारमाध्यममा आएका न्यायपालिकासँग सम्बन्धित संवेदनशील समाचारसँग सम्बन्धित पदीय व्यक्तित्वहरूले आफ्नो आचारसंहितामा रहन आवश्यक देखिएको र उच्च नैतिक आचरण प्रस्तुत गर्नुपर्नेमा जोड दिइएको छ ।

बिचौलिया जोसुकै होऊन्, बिचौलियासँग कोही पनि न्यायकर्मी, कानुनसेवी आफ्नो व्यक्तिगत उन्नयन वा फाइदाका लागि फस्ने होइन ।

एउटा बिचौलिया जेलमा रहेको बेला सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश रातारात पक्राउ पर्छ, उनको मोबाइल जाँच गरेपछि प्रहरीले अर्को बिचौलिया फेला पार्छ ।

युवा बिचौलियाको उच्चपदस्थ सरकारी मानिसहरूसँगको सम्पर्क सम्बन्धबाट सर्वोच्च अदालतका न्यायाधीशहरूसमेत विवादमा तानिएका छन् ।

किन जोगिन सकेनन् सर्वोच्चका न्यायाधीशहरू ३० वर्षीय बिचौलियासँग ? प्रश्न उठ्नु स्वाभाविक हो ।

भनिन्छ, छोरा के हेर्नु छोराको सङ्गत हेर्नु, तेल के हेर्नु तेलको धारा हेर्नु । अर्थात्, स्रोत वा मुहान हेरेपछि मात्रै त्यसको असर र परिणामको बारेमा हामी खास सत्यतथ्य पत्ता लगाउन सक्छौं ।

धेरै समयदेखि अर्थात् २०४७ सालको संविधानमा 'न्यायपरिषद्' स्थापना भएपछि न्यायालयमा पटक-पटक सरकारमा पुगेका राजनीतिक दलहरूले न्यायाधीशहरू आफ्नो अनुकूल भागबन्डामा नियुक्ति गरे गराए ।

युवा बिचौलियाले संरा अमेरिकामा उच्च शिक्षा अध्ययन गरेको देखिएको छ । उनलाई उनको योजना र उद्देश्यले भन्दा अमेरिकी योजना र उद्देश्यले प्रयोग गराएको हो कि भन्ने आशङ्का छ । किनभने, शैक्षिक योग्यताअनुसार उनी बिचौलिया र त्यो ढङ्गको काम कुरामा फस्नुपर्ने मानिस होइन ।

सर्वोच्च अदालतका मनोजकुमार शर्मा, सपनाप्रधान मल्लसमेतको नाम जोडिएर समाचार सार्वजनिक भइरहँदा सर्वोच्च अदालत वा न्यायालयको पूर्ण बैठक हुन नसक्नु, न्यायालयले एउटै स्वरमा प्रतिवाद गर्न नसक्नु न्यायालयको कमजोरी हो ।

न्यायाधीशहरूसँग बिचौलियाको सम्पर्क, भेटघाट र संवादसम्बन्धी समाचार प्रकाशित भएपछि सर्वोच्च अदालतकै न्यायाधीशहरूको अलग अलग विज्ञप्ति सार्वजनिक भयो ।

'भाइ फुटे गवाँर लुटे' भनेझैं न्यायालयभित्रको आफ्नो विवाद पनि सतहमा आयो ।

कार्तिक १२ गते प्रधानन्यायाधीश मनोजकुमार शर्माको छुट्टै विज्ञप्ति आयो : उनले आफ्नो नाम जोडी 'प्रधानन्यायाधीश शर्मा र रास्वपा सांसद पोखरेलको नाममा अमेरिकामा घुस : फिक्सर इनमको मोबाइलले खुलाएको प्रमाण' शीर्षकको समाचारप्रति आश्चर्य र स्तब्ध भएको आफ्नो कुनै प्रत्यक्ष परोक्ष चिनजान, सम्पर्क नभएको विज्ञप्ति जारी गरे ।

सोही दिन सर्वोच्च अदालतकै अर्का न्यायाधीश हरिप्रसाद फुयाँलको पनि छुट्टै विज्ञप्ति प्रकाशित भयो । उनले आफ्नो विज्ञप्तिमा स्वतन्त्र, निष्पक्ष र सुशासनसहितको न्यायपालिकाप्रति आफ्नो प्रतिबद्धता रहेको र नेपालको न्यायिक विचलनका सम्बन्धमा भइरहेको महत्त्वपूर्ण अनुसन्धानप्रति आफ्नो पूर्ण समर्थन र सहयोग रहने बताए ।

कान्तिपुरकर्मीसँगको कुराकानीमा फुयाँलले आफूसहित ७ जना न्यायाधीश बिचौलिया भनिएका इनमसँग भेट्न होटलमा गएको, आफूहरूलाई महाअभियोगको दबाब परिरहेको बेला प्रधानमन्त्री बालेनको प्रतिनिधि, अमेरिकी दूतावासका लागि गोप्य रूपमा काम गर्ने भनिएका मानिस भएकोले भेटेको, उनको परिचय पत्ता लगाउने क्रममा प्रहरी प्रमुखसँग बुझेको र पछि शङ्का लागेपछि आफूहरूले नै प्रधानमन्त्री कार्यालय, प्रहरी र सेनालाई खबर गरेको बताए ।

सर्वोच्च अदालतकै अर्का न्यायाधीश श्रीकान्त पौडेलले पनि छुट्टै विज्ञप्ति प्रकाशित गरेर आफ्नो इजलासबाट भएको आदेश गर्नुअघि वा पछि सो मुद्दाका पक्ष, पत्रिकामा उल्लेखित व्यक्तिलगायत अन्य कसैसँग आफ्नो भेटघाट वा फोनलगायतका कुनै पनि सञ्चारमाध्यमबाट कुराकानी वा सम्पर्क नभएको जनाए ।

यसरी एउटै मुद्दामा कार्यरत न्यायाधीशहरूका अलग अलग विज्ञप्ति प्रकाशन भएबाट विवाद झन् शङ्कास्पद बन्न पुगेको छ ।

यो स्थिति आउनुमा राजनीतिक दलका कार्यकर्तालाई सिधै सर्वोच्च अदालत ल्याउने, नसके उच्च अदालतमा ल्याउने गरिएकोले न्यायालयमा न्यायाधीश होइन, पार्टीका कार्यकर्ता भर्ती भएको पूर्वन्यायाधीश कृष्णजङ्ग रायमाझी बताउँछन् ।

न्यायाधीश र बिचौलियाबिचको साँठगाँठबारे अहिले उठेको प्रश्न सिङ्गो न्यायालयका लागि अत्यन्त ठुलो दुर्भाग्य भएको पूर्वन्यायाधीश बलराम केसी बताउँछन् ।

सर्वोच्च अदालतका न्यायाधीशहरूको फरक-फरक विज्ञप्ति आएकोले आशङ्का बढाएको छ । न्यायाधीशहरू स्वयम् अघि सरेर विज्ञप्ति ल्याउनुले सिङ्गो न्यायपालिकाकै शिर निहुरिएको उनको भनाइ छ ।

यो स्थितिले न्यायालयमाथिको जनआस्था कमजोर बनाएको छ । यसअघि सर्वोच्चका वरिष्ठतम् न्यायाधीशले अब लडाइँ सुरु हुन्छ भन्ने राजनीतिक भाषण दिनु दुर्भाग्यपूर्ण छ ।

यसबारे छानबिन गरी सत्यतथ्य सार्वजनिक गर्नुपर्ने र दोषीहरूलाई कारबाही गर्नुका साथै महाभियोगको बाटोबाट अघि बढ्नुपर्ने उनको भनाइ छ ।

धमिलो पानीको मुहान धमिलो नै हुन्छ । पुँजीवादी व्यवस्थामा थोरै पुँजीपतिहरूले आफ्नो स्वार्थ अनुकूलको वातावरण तयार गर्न, सरकारमा आफू अनुकूल शक्तिलाई पुऱ्याउन पद, पैसालगायत साम, दाम, दण्ड र भेदको नीतिले काम गर्दछ । सरकारमा पुगेका मानिसहरूले देश र जनताको हितमा भन्दा आफ्नो लगानीकर्ता वा दलालका लागि काम गरेझैं न्यायालयमा अहिले देखिएको दृश्यले पनि त्यस्तै झझल्को देखाएको छ ।

बिचौलिया भनिएकाहरूको गतिविधि र अवस्थाले पनि नेपालमा भारतीयभन्दा संरा अमेरिकी प्रभावका बिचौलियाहरूको चलखेल बढेको स्पष्ट देखिएको छ ।

यसलाई चिर्न बहुमत नेपाली जनता देश र अन्तर्राष्ट्रिय राजनीतिक परिस्थितिको बारेमा राजनीतिक रूपमा सचेत हुन आवश्यक छ ।

नेपालको सार्वभौमसत्ता नेपाली जनतामै कायम राख्न यस्ता बिचौलियाहरूबाट जोगिन जरुरी छ । यसले देशको बौद्धिक शक्ति, सरकार, न्यायालय, सेना, प्रहरी, प्रशासनभित्रै धमिराझैं प्रवेश गरी देशलाई कङ्गाल र ध्वस्त बनाउँछ । यिनीहरूका विरुद्ध सबै नेपाली देशभक्तहरू एकजुट भई सङ्घर्ष गर्नुको विकल्प छैन ।

नेपाल र नेपालीलाई आत्मनिर्भर बनाउनुको पनि विकल्प छैन । जुन दिनसम्म नेपाल परनिर्भर भइरहन्छ, त्यस दिनसम्म नेपालको सार्वभौमसत्ता र भूअखण्डता जोखिममा रहने निश्चित छ ।

२०८३ कार्तिक १५

अक्टोबर...

सङ्घर्षले मात्रै प्राप्त हुनेछ । त्यो अनुभव र परिपक्वता कसैको इच्छाअनुसार मनचिन्ते झोलीबाट निस्कने वस्तु होइन । सैद्धान्तिक सङ्घर्षबाटै खारिँदै एकतामा पुगिन्छ । मार्क्सवाद र लेनिनवाद स्वयं यसका ज्वलन्त उदाहरण हुन् । यसकारण, एकताको नाउँमा सिद्धान्तहीन एकताको माग गर्नु सिद्धान्तहीन र अराजनैतिक आग्रह हो । त्यस्तो दुराग्रह क्रान्तिको निम्ति हानिकारक, ठुलो बाधा र छेकबार हुनेछ ।

४) नेतृत्वको भोक, आर्थिक लाभ र व्यक्तिगत अहङ्कारले नै एकता नगरेका हुन् भन्ने आरोपको उत्तरको एक भाग माथि नै गइसकेको छ । जहाँसम्म नेतृत्वको प्रश्न हो-त्यो स्वाभाविक हो । राजनीतिक नेतृत्व महत्त्वपूर्ण विषय हो । हरेक राज्य व्यवस्थामा नेतृत्व कुनै एक वर्गको हातमा हुन्छ । त्यस वर्गमा पनि कुन पक्ष र कसको अगुवाइमा छ भन्ने प्रश्न उठ्छ भन्ने प्रश्न स्वाभाविक हो । साधारण जीवनमा समेत अगुवाइको प्रश्न उठ्छ भने राजनीति र राजनैतिक सङ्घर्षमा त्यसको प्रश्न उठ्नु अति आवश्यक छ । नेतृत्वबिना न कुनै स्कूल चल्छ न त खेलाडीहरूको एउटा टीम नै । दास युगमा दास मालिकहरू, सामन्तवादी समाजमा सामन्तवर्ग र पुँजीवादी व्यवस्थामा पुँजीपतिवर्गकै नेतृत्व हुन्छ । त्यसमा पनि शासकवर्गको कुन तत्त्व-नरम, गरम वा मध्यस्थको नेतृत्व भन्ने प्रश्न उठ्नु स्वाभाविक हो । साथै हरेक पक्ष एक न एक प्रमुख नेताको अगुवाइमा चलेकै हुन्छ । पार्टी सरकारसमेत जिंजर गुट (दातृरस होइन बरु सक्रिय गुट) को हातमा हुन्छ । त्यसमा पनि क्रामवेल वा थ्याचर भइहाल्छ । के भारतीय स्वतन्त्रता आन्दोलनमा सुवासचन्द्र बोस, महात्मा गान्धी, डा. लोहिया र जयप्रकाश नारायणहरूको आआफ्नो पक्ष थिएनन् ? त्यस्तै, भगतसिँह वा अन्य राजनैतिक पक्षहरू थिएनन् ? त्यस्तै न त अमेरिकी स्वतन्त्रता आन्दोलन, न त फ्रान्सेली राज्य क्रान्ति, न त जर्मनी र रुसी क्रान्तिहरूको नेतृत्व नै अविभाज्य थियो । हरेक क्रान्तिकारी वा राजनैतिक समूहहरूमा नेताहरूले नै अगुवाइ गरेको हुन्छ । चीन र नेपालसमेत यसबाट अपवाद छैन ।

जसरी वस्तुहरू पूर्णरूपले समान हुँदैनन्, त्यस्तै मानिस र नेताहरू पनि पूर्ण समान हुँदैनन् । खेलमा जसरी एक पक्षको सानो कमजोरी र अर्को पक्षको बलियो विन्दुले खेलको हार-जीत हुन्छ, त्यस्तै राजनैतिक सङ्घर्षमा हार-जीत हुन्छ । त्यसमा नेता नै निर्णायक हुँदैनन् । नेपोलियन योग्य, सक्षम नेता र रणविद् थिए तर उनी हारहरूबाट बचेनन् । मार्क्स र एङ्गेल्स योग्य र इमानदार भए पनि आफ्नो जीवनकालमा उहाँहरूले समाजवादको विजय हेर्न पाउनु भएन । लेनिन पनि विवादबाट पर हुनुहुन्थेन । स्तालिन र माओ त्सेतुङ पनि विरोधबाट बच्न सक्नुभएन ।

राजनैतिक सङ्घर्षमा आआफ्नो विश्वासअनुसार आ-आफ्नो ठम्याइ र नीतिलाई लागू गराई राजनैतिक आजुमा पुग्ने कोसिस गर्नु स्वाभाविक कुरा हो । शान्तिपूर्ण वा सशस्त्र, कानुनी वा गैरकानुनी, संयुक्त वा एक्लै, तत्काल वा केही वर्षको तयारीपछि सङ्घर्ष वा आन्दोलन गर्ने राजनैतिक पक्षहरूले आ-आफ्नो नीतिलाई नेतृत्वमा ल्याउन खोज्नु कुन अपराध हो ? भारतमा सुवासचन्द्र बोस र भगत सिंहहरूको सशस्त्र सङ्घर्षको नीति विभिन्न कारणले असफल भयो भने अन्य देशहरूमा सशस्त्र सङ्घर्षबाटै विजय हासिल भयो । आ-आफ्नो विश्वास र राजनैतिक नीतिलाई अगाडि बढाउन गरिने सङ्घर्षलाई नेतृत्वको भोग भन्न मिल्दैन । हरेक योग्य राजनैतिक नेताले आफ्नो सम्पूर्ण बल र बुद्धि लगाई छिटोभन्दा छिटो देश र समाजको निम्ति आफ्नो राजनैतिक उद्देश्यमाथि विजय प्राप्त गर्ने महत्त्वाकाङ्क्षा राख्नुपर्दछ । योग्य र अयोग्यको कुरा सङ्घर्षले फैसला सुनाउँछ, योग्य व्यक्ति वा समूह अन्ततः अगाडि बढ्छ ।

तर, प्रश्न छ-२७ वर्षभित्र कुन कुन नेता आर्थिक लोभमा फसे र कसले कति सम्पत्ति कसरी जोडे ? कुन कुन नेताले पहिले आफ्नो व्यक्तिगत जीवन र परिवारलाई पहिलो स्थान दिए, दोस्रो स्थान देश र जनतालाई दिए ? कुन कुन नेताले मुखले क्रान्तिकारी र इतर पक्षको कुरा गरी कामले पञ्चायतबाट प्राप्त सहुलियत लिएर जागिर, आर्थिक सहायता र विदेश भ्रमणको टिकट पाए ? २५ वर्षभित्र कुन कुन नेताले कुन कुनवर्गको कहाँ कहाँ सेवा गरे ?

त्यतिमात्र होइन, कुन वर्गबाट र कुन सामाजिक तहबाट आएका व्यक्तिले नेताहरूलाई बदनाम गरे र तिनीहरू आफै कति वर्ष र कुन पार्टी सङ्गठनमा बसेर निःस्वार्थरूपले अनुशासित भएर जनताका सेवा गरेका छन् भन्नेबारे पनि छानबिन गर्नु अति आवश्यक छ । त्यस्ता आलोचकहरू कति वर्ष जनतासँग बसे र अनि कहिलेदेखि सरकारी सेवामा पुगे र कति प्रमोसन भए भन्ने कुरा राजनैतिक कार्यकर्ताहरूको निम्ति जानकारी राख्नुपर्ने विषय हुनेछ । त्यसमध्ये कति पत्रकार भए र कति विभिन्न सङ्गठन र समितिमा बसेर तल्लो जनताबाट उठेका नेताहरूको बदनाम गर्दै छन् र त्यसो गर्दा तिनीहरूबाट कुन वर्ग र कसलाई फाइदा पुग्छ भन्नेबारे पनि मनन गर्नु आवश्यक छ ।

तर, नेपालको कम्युनिस्ट आन्दोलनमा आर्थिक कारणले नेतृत्वमा पुग्ने वा नेतृत्वमा पुगेर आर्थिक लाभ गरेको उदाहरण साह्रै कम वा छँदै छैन । २५/२६ वर्षको राजनैतिक आन्दोलनमा पञ्चायतविरोधी राजनैतिक नेताहरूले होइन बरु व्यापारी, सरकारको सेवामा पुगेका बुद्धिजीवी, माथिल्ला पञ्चहरू, कालाबजारी र तस्करहरूले ठुल-ठुला आर्थिक लाभहरू लिएका छन् । यस्ता घामजस्तै स्पष्ट स्थिति र वर्गलाई नअँल्याई २५/३० वर्षदेखि गरिबी, अभाव र अनेक विरोध र पीडासँग जुझिरहेका नेताहरूमाथि अवास्तविक आरोपहरू लगाउनु कसको हितमा छ, विचारणीय प्रश्न हो ।

हरेक वस्तु व्यक्तिको क्षमताको एक सीमा हुन्छ । २००७ सालको हाराहारीमा भावनावस राणाविरोधी र जनवादी क्रान्तिको निम्ति राजनैतिक आन्दोलनमा हामफालेका राजनैतिक कार्यकर्ताहरूको आफ्नै एक परिवेश छ । शिक्षा र संस्कृतिमा पछि परेको, राजनीति भर्खर जनतासम्म पुगेको, व्यावहारिक जन राजनीतिको शून्य प्रायः अनुभव भएको नेपालका मध्यम र निम्न मध्यमवर्गका युवाहरूको सैद्धान्तिक ज्ञान र सङ्गठन आजको तुलनामा साह्रै सीमित हुँदो हो । तर, तिनीहरू सजग र सचेत थिए । तिनीहरूको सक्रियता निर्विवाद थियो, तिनीहरूको संलग्नतामा प्रश्न चिह्न लाग्न सक्दैन ।

तर, तीव्ररूपले बदलिँदै गएको समाजमा तिनीहरूको भावनाबाट प्रेरित र उत्साहित बल र बुद्धिको क्षमताले जवाफ दिएकोमा दोष कसलाई दिने ? दास युगमा वैज्ञानिक समाजवादको कल्पना गर्न सकिन्न, सामन्तवादी समाजले आजको विज्ञान र प्रविधिबाट जेलिएको समाजको हल निकाल्न सक्दैनथ्यो । प्रजालाई राजनैतिक आन्दोलनको अनुभव नै नभएको, वर्गसङ्घर्षको समुचित ज्ञान नै नभएको र पछि आउँदै जाने जटिल राजनैतिक समस्याहरूको सङ्गठनात्मक हल नै नसुल्झिसकेको कम्युनिस्ट पार्टी र त्यसका नेताहरूबाट सफल क्रान्तिको कल्पनामात्र गर्नसकिन्थ्यो र यति छिटो आशा गर्न सकिन्नथ्यो ।

त्यस्तो परिवेश र वर्गबाट आएका नेताहरूलाई अनेक लाञ्छनाहरू लगाउँदा र बदनाम गर्न खोज्दा र पूर्णरूपले नकार्दा त्यसको विकल्पमा एक 'जन्म जात नेता' र नेतृत्वको वकालत हुन पुग्नेछ । त्यस प्रकारको देश र जनताको 'एकमात्र नेता' र 'प्राणभन्दा प्यारो' नेताको सिद्धान्तले पञ्चायती सामन्तवादलाई मात्र सेवा पुग्नेछ । अहङ्कार होइन, आत्मगौरव भएका नेताहरूकै कारण नेपाल कम्युनिस्ट आन्दोलनले सामन्तवादको अगाडि घुँडा टेक्न नपरेको कुरा बिर्सनु हुन्न ।

२७ वर्षसम्म तल्लोवर्गको बिचमा निरन्तर, अनेक कठिनाइसँग जुझेका नेताहरू जरुर पनि २७ वर्षदेखि सरकारी सहुलियत लिएर ऐश-आराम, देश-विदेशको यात्रा गर्न पाएका प्राध्यापक र बुद्धिजीवीहरूको लवाइ-खवाइ, प्राविधिक ज्ञान, भ्रमणको अनुभव र भाषामा जरुरै भिन्नता होला तर लगनशील, इमानदारी, त्याग, देश र जनताप्रतिको भक्तिमा कसैभन्दा कम होइन होला !

५) कम्युनिस्ट पार्टीको स्थापना भएको ३८ वर्ष भइसक्दा पनि पुराना सबै कम्युनिस्ट नेताहरू देश र जनताको नेतृत्व गर्न अयोग्य, बेइमान र गद्दार हुने भए नेपालको राजनैतिक डबुलीमा अन्य दुई राजनैतिक शक्ति बाँकी रहनेछन् - नेपाली काङ्ग्रेस र पञ्चायत ।

नेपाली काङ्ग्रेसले पनि हतियार छोड्यो, विदेशको भूमि त्याग्यो, सङ्घर्षको बदला 'राष्ट्रिय मेलमिलाप' को बाटो लियो, 'न सङ्घर्ष न आत्मसमर्पण' को नीतिबाट फेरि सत्याग्रहको राजनीति गऱ्यो, अचानक फेरि निर्वाचनलाई उपयोग गर्ने नीतिमा फड्को माऱ्यो । एकपछि अर्को असफलता भोग्दै, पछि हट्दै आफ्नो अस्तित्व कायम गर्न सम्झौता गर्नुपर्ने स्थितिमा पुगेको राजनीति र नेताहरू पनि सफल मान्न सकिदैन । फेरि कम्युनिस्ट पार्टी र कम्युनिस्ट नेताहरूभन्दा काङ्ग्रेस पार्टी र काङ्ग्रेसी नेताहरू नै सही छन् भन्न खोजिएको हो भने त्यसको उद्देश्य नबताए पनि बुझिनेछ ।

त्यसो होइन भने २७ वर्षसम्म एकछत्र शासन गर्ने पञ्चायत र पञ्चायती नेताहरू नै योग्य, इमानदार, निःस्वार्थी र विश्वासिला भए । तर, एकचौथाइ शताब्दी शासन गर्दा पनि खानेपानी, औषधि उपचार, खाद्यान्न, लत्ताकपडाजस्ता जनताका अति सामान्य दैनिक आवश्यकताका वस्तुहरूसमेत सुपथ र सुलभ गर्न नसक्ने पञ्चायत र पञ्च नेताहरूलाई कसरी योग्य भन्ने ? २५ वर्षसम्म भ्रष्टाचार, व्यक्तिवाद, कालोबजारी, तस्करी, विदेशी थिचोमिचो र प्रजातान्त्रिक अधिकारहरूसमेत फिर्ता नदिने पञ्चायत र त्यस्ता नेताहरूलाई कसरी इमानदार, निःस्वार्थी र विश्वासिलो भन्ने ?

तर, त्यसको ठीकविपरीत नेपाल कम्युनिस्ट आन्दोलनका बहुमत नेताहरूले जनताको प्रजातान्त्रिक अधिकारको निम्ति सुरुदेखि नै सङ्घर्ष गर्दै आएका छन् । तिनीहरूले नेपाली जनमानसमा साम्यवादी सिद्धान्तको बीउलाई छरिदिए । तिनीहरूले समाजमा वर्गसङ्घर्ष, पार्टीमा सैद्धान्तिक सङ्घर्ष र देशमा राजनैतिक सङ्घर्षको एक जग बसालिदिए । सामन्तवाद र सबै प्रकारका ठुलो राष्ट्र अहङ्कारवादको अगाडि घुँडा नटेक्ने धैर्यपूर्वक सङ्घर्ष गर्दै जाने एक उदाहरण पनि दिए । सबभन्दा महत्त्वपूर्ण कुरा पुराना अग्रदूतहरूले हामीलाई आफ्ना जीवनमा सफलता र असफलता, सकारात्मक र नकारात्मक शिक्षा र अनुभवहरू छोडेका छन् । त्यही नै हाम्रा अग्रदूतहरूको योगदान हो । यसलाई अस्वीकार गर्नु कृतघ्नता हो । त्यसकै लेखाजोखा र जगमा नेपाल कम्युनिस्ट आन्दोलनलाई नयाँ पुस्ताले अगाडि बढाउँदै लैजानेछ ।

सन्दर्भ : भारतमा 'एसआईआर' विरूद्ध प्रदर्शन

साम्राज्यवादीहरूको 'छद्म युद्ध' अध्ययन – ४५

✍ रामरतन चौधरी

२०२६ नोभेम्बर १ को दिन भारतीय राष्ट्रिय काङ्ग्रेसलगायत विपक्षी दलहरूको इन्डिया गठबन्धनले भारतको नयाँ दिल्लीस्थित मिंटो मार्गबाट रामलिला मैदानसम्म 'चलोदिल्ली' च्याली आयोजना गऱ्यो । आयोजकहरूले भारतीय निर्वाचन आयोगका अध्यक्ष ज्ञानेश कुमारको राजीनामा माग गर्दै गरिएको उक्त च्यालीमा लाखौँ मानिस सहभागी भएको दावी गरे । गठबन्धनमा भारतीय राष्ट्रिय काङ्ग्रेस, समाजवादी पार्टी, अखिल भारतीय तृणमूल कङ्ग्रेस, राष्ट्रिय जनता दल, जम्मु र कश्मीर राष्ट्रिय सम्मेलन, राष्ट्रवादी काङ्ग्रेस पार्टी, भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी), भारतीय कम्युनिस्ट पार्टी, भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) लिबरेसन लगायत राजनीतिक दलहरू रहेका छन् ।

भाजपाको प्रतिरोध आन्दोलन

यसको जवाफमा सत्तारुढ भारतीय जनता पार्टीले पनि देशव्यापी प्रतिरोध आन्दोलनको घोषणा गऱ्यो । भाजपा 'लोकतन्त्र बचाओ, अराजकता हटाओ' (Save Democracy, Remove Anarhy) भन्दै प्रतिरोध आन्दोलन गर्दै छ । भाजपाले नोभेम्बर ११ देखि नोभेम्बर ३० सम्म भारतका १२६ स्थानमा ८ सयभन्दा बढी पदयात्रा, च्याली तथा सभा गर्ने घोषणा गरेको छ । उसले नोभेम्बर १ कै दिन पनि पश्चिम दिल्लीको हरिनगर, हरियाणाको रोहतक, मुम्बई लगायतका ठाउँमा काउन्टर मार्च गऱ्यो ।

गृहमन्त्री अमित साहले अक्टोबर ३१ मा लखनउमा आयोजित एउटा कार्यक्रममा भने, "उत्तर प्रदेशमा बीजेपी सरकार अंगदको खुट्टा हो, जसलाई कसैले हटाउन सक्दैन । २०२७ को निर्वाचनमा भाजपा फेरि एकपटक ठुलो बहुमतका साथ विजयी हुनेछ ।"

विदेशी हस्तक्षेपको आरोप

भारतीय गुप्तचर विभाग 'रअ' का पूर्वसदस्य लक्की विष्ट भन्छन्, "अमेरिकाको डोनाल्ड ट्रम्प, उनका ज्वाइँ जेरेड कुस्नेर (Jared Kushner) र एलन मस्क हिन्दुस्तानमा आफ्नो पकड जमाउन चाहन्छन् । एलन मस्क हिन्दुस्तानमा आफ्नो स्टारलिङ्कलगायतको सञ्जाल ल्याउन चाहन्छ । अहिलेको सरकारले ल्याउन दिएको छैन । यसकारण, सरकार परिवर्तन गराएर आफ्नो इसारामा चल्ने सरकार बनाउनको निम्ति भारतमा भद्रगोल गराइरहेको हो ।"

अमेरिकी सांसद तथा विपक्षी नेता बर्नी स्यान्डर्स (Bernie Sanders) ले २०२६ अक्टोबर १२ मा लेखे, "एलन मस्कले ट्रम्पलाई जिताउन २९० मिलियन अमेरिकी डलर खर्च गरे भने निर्वाचनपछि उनले ६९६ बिलियन अमेरिकी डलर कमाएर विश्वकै पहिलो ट्रिलेनियर बने । त्यतिले नपुगेर रिपब्लिकन पार्टीलाई नियन्त्रणमा राख्न ३३६ मिलियन अमेरिकी डलर खर्च गर्दै छन् । मस्कलाई रोकौँ ।" (India.com) विश्लेषकहरू यो उदाहरण देखाएर व्यापारको निम्ति भारतमा पनि मस्कको चलखेल बढेको बताउँछन् ।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले २०२६ अक्टोबर ३१ को दिन गुजरातमा सरदार वल्लभभाइ पटेलेको १५१ औँ जन्मदिवसको अवसरमा आयोजित राष्ट्रिय एकता दिवस समारोहलाई सम्बोधन गदै भने, "को को व्यक्तिहरू विदेशीसँग गुप्त रूपमा भेट्दै छन् । भारतविरोधी शक्तिले कसलाई समर्थन गर्दै छ । क-कसले भारतको दुश्मनको भाषा बोल्दै छन् । क-कसले भारतको छविलाई धुमिल बनाउन सामाजिक सञ्जाललाई हतियार बनाएर हल्ला फैलाउँदै छन् । सबै देशवासी मिलेर यिनीहरूको सामना गर्नुपर्दछ ।" उनको सङ्केत अहिलेको आन्दोलनमा भएको विदेशी चलखेलतर्फ हो ।

नेपाल, श्रीलङ्का र बङ्गलादेशजस्तो !

लद्दाखका जलवायु अभियन्ता मानिने सोनम वाङ्चुकले शान्तिपूर्ण प्रदर्शन दबाउन खोजे भारतमा नेपाल, श्रीलङ्का र बङ्गलादेशजस्तो परिणाम आउन सक्ने चेतावनी दिए । उनले भारत सरकारलाई प्रदर्शनकारीका माग सुन्न, पूर्वअनुमति अनिवार्य नगर्न र सडकमा शान्तिपूर्ण प्रदर्शनलाई संवैधानिक अधिकारका रूपमा मान्न सुझाव दिए । वाङ्चुकले प्रदर्शनकारी नियन्त्रणमा अर्धसैनिक बल प्रयोग गर्नुको सट्टा सीमासुरक्षामा ध्यान दिन र लद्दाखको शासनमा स्थानीयको निर्णायक भूमिका सुनिश्चित गर्न माग गरे । (The Hindu, 2026 Oct 11)

वाङ्चुकलाई सन् २०२५ सेप्टेम्बरमा लद्दाखमा भएका हिंसात्मक प्रदर्शनपछि राष्ट्रिय सुरक्षा कानुन (एनएसए) अन्तर्गत हिरासतमा राखिएको थियो । उनी सन् २०२६ मार्चमा रिहा भएका थिए । उनले लद्दाखको स्वायत्तता, स्थानीय अधिकार र वातावरणीय संरक्षणका विषयमा आवाज उठाउँदै आएका छन् । संरा अमेरिकाले उनलाई 'रेमन म्याग्सेसे' पुरस्कार प्रदान गरेको थियो ।

सिजेपीको मार्गदर्शक मानिएका वातावरणविद् तथा अभियन्ता सोनम वाङ्चुकले भारतको नयाँ शिक्षा नीति २०२०, सही भएको तर यसलाई सरकारले सही तरिकाबाट कार्यान्वयन नगरेको ठान्छन् । वास्तवमा उक्त शिक्षा नीतिले गरिबको पहुँचमा शिक्षालाई विस्तार गर्न सकेको छैन । भारतका कामदार जनता यो शिक्षा नीतिको विरोध गर्दै छन् । शिक्षाको निजीकरणलाई रोकेर सबैलाई प्राथमिकदेखि उच्च शिक्षासम्म निःशुल्क पाउने एउटा सार्वजनिक शिक्षा व्यवस्थाको माग हुनुपर्ने थियो । तर, यस्तो माग अहिले भारतमा भइरहेको ठुल्ठुला आन्दोलनहरूमा उठेको देखिन्न ।

मूल मुद्दा ओझेलमा

प्रश्नपत्र चुहावटविरुद्धको आन्दोलनमा 'इनक्लाब जिन्दावाद', 'भारत माताकी जय', 'जय भीम', 'धर्मेन्द्र प्रधान राजीनामा दो' जस्ता नारा घन्किएका थिए । यी नारामा भारतको वामपन्थी विद्यार्थी सङ्गठन 'आइसा' को पनि समर्थन थियो । आन्दोलनमा भारतीय जनताका मूल मुद्दाले ठाउँ नै पाएन ।

दोस्रो पटक एसआईआरविरुद्धको आन्दोलनमा 'वोट चोर गद्दी छोड', 'वोट बचाओ देश बचाओ', 'वोटका अधिकार बचाने बैलेट सत्याग्रह', 'ज्ञानेशकुमार राजीनामा दे !', 'गोड्सेवादी मुर्दावाद, गान्धीवादी जिन्दावाद' लेखिएका नारा तथा पोस्टरहरू देखिए । यो आन्दोलनमा पनि भारतीय कामदार जनताको मुद्दा उठेन ।

विद्यार्थी आन्दोलनभन्दा पहिले नै २०२६ को सुरुमै सूरत, पानीपत, बरौनी, फरिदावाद, मानेसर, नोयडालगायतका ठाउँमा कम ज्याला, ओभरटाइमलगायतका विषय उठाएर मजदुरहरूले आन्दोलन सुरु गरिसकेका थिए । तर, पछिल्ला आन्दोलनहरूमा मजदुर किसानका समस्याबारे कुनै कुरा उठेन । मजदुरहरूको आन्दोलन तथा माग छायामा पऱ्यो । अहिले पनि भारतका विभिन्न क्षेत्रमा मजदुर र किसानहरूले आफ्ना समस्यालाई लिएर आवाज उठाइरहेका छन् ।

भारतका विभिन्न क्षेत्रमा देखिएका आन्दोलनहरू पनि वैश्विक पुँजीवादी सङ्कटका उपज हुन् । सीजेपी, भारतीय काङ्ग्रेस पुँजीवादी व्यवस्थाभित्र केही सुधारमात्रै खोज्ने राजनीतिक दलहरू हुन् । यसले भारतीय जनताको समस्या समाधान गर्दैन । यही समय भारतमा एउटा छद्म वाम अवसरवादी राजनीति पनि देखा पऱ्यो । सीपीआई (एमएल) लिबरेसन र उसको विद्यार्थी सङ्गठन 'आइसा' को राजनीतिलाई विश्लेषकहरू वाम अवसरवादी राजनीति भन्छन् ।

भारतीय राष्ट्रिय काङ्ग्रेसलगायत इन्डिया गठबन्धनले गरेको आन्दोलन र त्यसको विरुद्धमा उठेको भाजपाको प्रतिरोध आन्दोलनले अन्ततः पुँजीपति र फासीवादीहरूकै संरक्षण गर्ने निश्चित छ । स्वस्फुर्त उठेको तथा सरकार परिवर्तनको उद्देश्य राखेर पुँजीवादी पार्टीहरूले गरेको कुनै आन्दोलनले निकास दिन सक्दैन । शोषित पीडितहरूमा राजनीतिक सचेतना जागेर क्रान्तिकारी नेतृत्वका साथ उठेको आन्दोलनले मात्र भारतीय जनताको समस्या समाधान गर्नसक्नेछ । भारतीय कामदार जनतामा पुँजीवादी व्यवस्थाविरुद्ध एकमत र एकमनको आवश्यकता छ ।

२०८३ कार्तिक १५ गते

चिनियाँ...

कार्यान्वयन गर्नुपर्छ र शिक्षा, हुर्काइ, छनोट, नियुक्ति, व्यवस्थापन र अधिकारीहरूको निरीक्षणमा कडा मापदण्डहरू लागू गर्नुपर्छ । यस आधारमा, हामी दृढ राजनीतिक प्रतिबद्धता, उत्कृष्ट व्यावसायिक क्षमता, उत्कृष्ट कार्य आचरण र कडा अनुशासनका साथ उच्च क्षमताका अधिकारीहरूको श्रेणी निर्माण गर्नेछौँ । अधिकारी नियुक्तिमा ठोस दिशानिर्देशहरू पछ्याउँदै, हामीले अधिकारीहरूको छनोट र नियुक्ति गर्न लक्षित, राम्ररी डिजाइन गरिएका उपायहरू अपनाउनुपर्छ, कार्यसम्पादनको सही दृष्टिकोणमा पालनपोषण गर्न र कार्य गर्न अधिकारीहरूलाई प्रेरित गर्न, आफ्नो कर्तव्य पूरा गर्न र नयाँ आधार तोड्न अधिकारीहरूको क्षमता अभिवृद्धि गर्न, उत्कृष्ट युवा अधिकारीहरूको प्रशिक्षण र छनोटमा सुधार गर्न र अधिकारीहरूको व्यवस्थापन तथा निरीक्षणलाई सुदृढ गर्न, प्रशिक्षण र पुनरुत्थानको दृष्टिकोणले सिङ्गो पार्टी सञ्चालन गर्नुपर्छ ।

पूर्ण र कठोर पार्टी स्वशासनको अभ्यासमा सबै तहका पार्टी सङ्गठनहरूले प्रमुख भूमिका खेल्ने उल्लेख गरिएको थियो । त्यसैले राजनीतिक र सङ्गठनात्मक कार्यलाई सुदृढ गर्न सबै तह र सबै क्षेत्रमा पार्टी सङ्गठनको विकासलाई व्यवस्थित रूपमा अगाडि बढाउन आवश्यक छ । यसले पार्टीको कार्यदिशा, सिद्धान्त र नीतिका साथै पार्टी केन्द्रीय समितिका निर्णय र योजनाहरू सुसङ्गत, लक्षित र प्रभावकारी प्रयासबाट कार्यान्वयन हुने सुनिश्चित गर्न मद्दत गर्नेछ । अझ विशेषगरी, हामीले केन्द्रीय पार्टी र राज्य अङ्गहरूको पार्टी सङ्गठनहरूको उदाहरणीय भूमिका खेल्ने, स्थानीय पार्टी समितिहरूको कार्यलाई सुदृढ गर्ने, प्राथमिक तहका पार्टी सङ्गठनहरूलाई सबै क्षेत्रहरूमा सुधार गर्न समन्वयात्मक कदम चाल्ने, उदीयमान क्षेत्रमा पार्टी निर्माणलाई प्रवर्द्धन गर्ने, पार्टी सदस्यहरूको बलियो दल निर्माण गर्ने र विभिन्न तहहरूमा पार्टी सङ्गठनको पङ्क्तिबद्धता सुनिश्चित गर्ने संयन्त्रलाई परिष्कृत गर्नुपर्छ ।

पूर्ण र कठोर पार्टी स्वशासनलाई अगाडि बढाउनको लागि आचरण सुधार र अनुशासनलाई कडा पार्नु प्रभावकारी उपायहरू हुन् भनी औँल्याइयो । हामीले पार्टी भावनालाई अभिवृद्धि गर्न, पार्टी आचरण सुधार गर्न र पार्टी अनुशासनलाई कडा बनाउन र भ्रष्टाचारविरोधी उपायहरूसँग आचरण सुधार र अनुशासन कार्यान्वयनलाई एकीकृत गर्न एकजुट भएर काम गर्नुपर्छ । आचरण सुधार प्रयासहरूमार्फत पूर्ण र कठोर पार्टी स्वशासनलाई अगाडि बढाउने अनुभवलाई आकर्षित गर्दै, हामी हाम्रो आचरणमा स्थिर सुधार सुनिश्चित गर्नेछौँ, कडा अनुशासनका साथ पार्टीको सुपरिवेक्षण र स्वशासन गर्नेछौँ र सकारात्मक छविको साथ पूर्ण समर्थन र बल प्रदान गर्नेछौँ । व्यवहारमा हामी नयाँ युगमा पार्टीको जनरेखालाई पछ्याउनेछौँ, कार्य आचरण सुधार गर्न केन्द्रीय पार्टी नेतृत्वको आठबुँदे निर्णयलाई दृढतापूर्वक कार्यान्वयन गर्नेछौँ, आचरण सुधार गर्न निरन्तर एवम् दिगो प्रयास गर्नेछौँ, थप कठोर अनुशासन कार्यान्वयन सुनिश्चित गर्नेछौँ र अनुशासनलाई मार्गदर्शक, संयम, सुनिश्चितता र प्रोत्साहनको रूपमा पूरा गर्नेछौँ ।

अधिकारीहरूमा भ्रष्टाचार गर्ने साहस, अवसर वा चाहना नहुने कुरा सुनिश्चित गर्न एकीकृत कदम चाल्नु पूर्ण र कठोर पार्टी स्वशासनका लागि महत्त्वपूर्ण रणनीति र भ्रष्टाचारविरुद्धको हाम्रो लडाइँको आधारभूत दिशानिर्देश दुवै हो भन्ने उल्लेख गरिएको छ । पार्टीले कुनै पनि भ्रष्टाचार सहने छैन, किनकि यसको श्रमिक वर्ग र जनताको अधिकतम बहुसङ्ख्यकको हितबाहेक आफ्नो कुनै विशेष स्वार्थ छैन । यसलाई दृढताका साथ मनमा राख्दै हामीले भ्रष्टाचारविरोधी चीनको विशिष्ट मार्गलाई दृढतापूर्वक पछ्याउनुपर्दछ र भ्रष्टाचारविरोधी कार्यमा पार्टी केन्द्रीय समितिको केन्द्रीकृत, एकीकृत नेतृत्वलाई बलियो बनाउनुपर्छ । हामीले भ्रष्टाचारका लक्षणहरू र मूल कारणहरू दुवैलाई सम्बोधन गर्न व्यवस्थित कदम चाल्नुपर्छ र यस लडाइँलाई अन्त्यसम्म लैजाने गरी गम्भीर सजाय, लक्षित उपचार र प्रभावकारी रोकथामको संयोजन गर्ने समग्र दृष्टिकोण अपनाउनुपर्छ । भ्रष्टाचारविरुद्ध कठोर अडान कायम राख्दै, हामीले शक्तिको प्रयोगको जाँच र निरीक्षणलाई पनि बलियो बनाउनुपर्छ, सत्यनिष्ठता कायम राख्न र भ्रष्टाचारलाई तिरस्कार गर्नका लागि सांस्कृतिक-नैतिक आधारहरू बलियो बनाउनुपर्छ र दुस्साहस, अवसर एवम् इच्छालाई जरैबाट उखेल्दै भ्रष्टाचार रोक्नको लागि समन्वयात्मक प्रयासहरू बढाउनुपर्छ ।

पार्टीको नियमन र संस्थाहरूलाई सुदृढ पार्नुले पूर्ण र कठोर पार्टी स्वशासन सुनिश्चित गर्नका लागि दीर्घकालीन, आधारभूत रणनीतिलाई प्रतिनिधित्व गर्छ भन्ने उल्लेख गरिएको थियो । हामीले पार्टीको संविधानलाई सबै पार्टी सदस्यहरूका लागि आधारभूत आचारसंहिताको रूपमा कायम राख्नुपर्छ, पार्टी निर्माणसँग सम्बन्धित संस्थागत सुधारलाई गहिरो बनाउनुपर्छ, र देशको कानूनमा आधारित शासन र पार्टीको नियमनमा आधारित स्वशासनलाई एकीकृत गर्नुपर्दछ, यसरी पूर्ण एवम् कठोर पार्टी स्वशासनको लागि दृढ संस्थागत समर्थन प्रदान गर्नुपर्दछ । यस उद्देश्यका लागि, पार्टी नियम र संस्थाहरूको रूपरेखा सुधार गर्न, संस्थाहरूको कार्यान्वयन सुनिश्चित गर्न र लुकेका नियमहरू हटाउन बलियो कदम चालिनेछ ।

पूर्ण र कठोर पार्टी स्वशासनका साथ अडिग रहँदा पार्टी र राज्यको निरीक्षण प्रणालीमा थप सुधार हुन्छ भनी उल्लेख गरिएको छ । यसलाई ध्यानमा राखेर, हामीले पार्टी समितिहरू (पार्टी सदस्य समूहहरू) ले सामान्य निरीक्षण गर्ने, अनुशासन निरीक्षण र पर्यवेक्षणको लागि दोहोरो नेतृत्व प्रणालीमा सुधार गर्ने, अन्तरपार्टी निरीक्षण र निरीक्षणका अन्य माध्यमहरूबिच थप एकीकरण र प्रभावकारी सहकार्यलाई पछ्याउन र निरीक्षणको भूमिकालाई व्यापक रूपमा शक्तिशाली औजारको रूपमा खेल्ने सुनिश्चित गर्नुपर्छ ।

पूर्ण र कठोर पार्टी स्वशासनलाई निरन्तरता दिनु सबै पार्टीका सदस्यहरूको साझा राजनीतिक दायित्व भएकोमा जोड दिइएको छ । पार्टीको आत्म-निरीक्षण र स्वशासनको लागि जिम्मेवारी प्रणालीलाई अधिक महत्त्व दिँदै, हामी एक बलियो, एकीकृत प्रणाली स्थापना गर्नेछौँ जहाँ सबै पक्षहरूले नजिकको सहकार्यमा आ-आफ्नो जिम्मेवारीहरू पूरा गर्नेछन् । यसबाहेक, सान्दर्भिक कार्यसम्पादन मूल्याङ्कन संयन्त्रलाई सुधार गरिनेछ, जसले गर्दा पार्टीको स्व-निरीक्षण एवम् स्वशासनलाई प्रभावकारी रूपमा सञ्चालन गर्न असफल भएका र यस सम्बन्धमा गम्भीर समस्या उत्पन्न गर्नेहरूलाई कडाइका साथ कारबाही गरिनेछ ।

यस पूर्ण अधिवेशनबाट निर्देशित सिद्धान्तहरू अध्ययन गरी कार्यान्वयन गर्नु वर्तमान र आगामी अवधिमा सिंगो पार्टीका लागि प्रमुख राजनीतिक कार्य हो भनी औँल्याइयो । यो कुरालाई ध्यानमा राखी बैठकबाट प्राप्त मार्गदर्शन सिद्धान्तलाई पूर्णरूपमा आत्मसात गर्दै सङ्गठन र नेतृत्वलाई सुदृढ गर्दै प्रमुख समस्या समाधानका लागि अथक प्रयास गर्नुपर्छ ।

वर्षको अन्त्यमा हाम्रो कार्य एजेन्डाका सबै पक्षहरूलाई निरन्तर अगाडि बढाउनुपर्नेमा जोड दिइएको छ । यस वर्षको आर्थिक र सामाजिक विकासका मुख्य लक्ष्य र कार्यहरू पूरा गर्न र १५औँ पञ्चवर्षीय योजना अवधिको राम्रो सुरुवात सुनिश्चित गर्न, स्थायित्व सुनिश्चित गर्दै प्रगति पछ्याउने सामान्य सिद्धान्तलाई पालना गर्नेछौँ; नयाँ विकास दर्शनलाई पूर्णतया र इमान्दारीपूर्वक सबै मोर्चाहरूमा लागू गर्ने; विकासको नयाँ ढाँचालाई बढावा दिन छिटो अघि बढ्नेछौँ, व्यापक नीतिहरूको पूर्ण एवम् उचित प्रयोग गर्नेछौँ; आन्तरिक मागको सम्भाव्यतामा गहिरो अनुसरण गर्नेछौँ; सुधार एवम् खुलापनलाई थप गहिरो बनाउने छौँ; र अन्वेषणद्वारा सञ्चालित दिगो एवम् उच्च गुणस्तरीय आर्थिक वृद्धिलाई पछ्याउने छौँ । विकासलाई पछ्याउँदै सुरक्षा सुनिश्चित गर्ने प्रयासमा हामी सार्वजनिक सेवाहरू समावेशी बनाउने छौँ, अत्यावश्यक आवश्यकताहरू पूरा गर्ने र सबैभन्दा बढी आवश्यकतामा परेका मानिसहरूका लागि कुशन उपलब्ध गराउने र कार्यस्थल सुरक्षा, विपद् रोकथाम, न्यूनीकरण र राहत, खाद्य र औषधि सुरक्षा, साथै सामाजिक स्थिरतासम्बन्धी हाम्रो काममा अझ राम्रो नतिजा दिने पहलका साथ अगाडि बढ्नेछौँ । कार्यसम्पादनको सही दृष्टिकोण स्थापित गर्ने र अभ्यास गर्ने अध्ययन अभियानमा भएको प्रगतिलाई सुदृढ एवम् विस्तार गर्ने हाम्रो प्रयासको रूपमा, हामी सबै तहमा नयाँ चरणको निर्वाचनको बीचमा नेतृत्व टोलीका नयाँ सदस्यहरू, विशेषगरी उनीहरूका प्रमुखहरूलाई कार्यसम्पादनको दृष्टिकोणबाट प्रेरित एवम् मार्गदर्शन गर्न तालिमलाई तीव्रता दिनेछौँ र ठोस निर्णयहरू एवम् तल-जमिनी कार्यहरू गर्नेछौँ ।

केन्द्रीय समितिले पार्टीले सन् २०२७ को दोस्रो अर्धवार्षिकमा पेइचिङमा २१औँ राष्ट्रिय महाधिवेशन गर्ने निर्णय गरेको छ र समाजवादी आधुनिकीकरणलाई मूलरूपमा साकार पार्न र दोस्रो शताब्दीको लक्ष्यतर्फको नयाँ यात्रामा महत्त्वपूर्ण चरणमा हुन लागेको यो महाधिवेशन अत्यन्त महत्वपूर्ण बैठक र पार्टी दुवै देशका लागि ठुलो राजनीतिक महत्त्वको घटना हुने बताएको छ । मूलतः समाजवादी आधुनिकीकरणलाई साकार पार्ने लक्ष्य हासिल गर्न र चिनियाँ आधुनिकीकरणद्वारा सबै मोर्चामा राष्ट्रिय पुनर्जागरणलाई अगाडि बढाउने लक्ष्य हासिल गर्न सम्पूर्ण पार्टीले चिनियाँ जनतालाई एकताबद्ध एवम् अगुवाइ गर्नुपर्छ । ठोस कार्यहरू गरेर हामी यो महाधिवेशनलाई सफल बनाउने चरण तय गर्नेछौँ ।

बैठकबाट झाङ शेङमिन केन्द्रीय समितिको राजनीतिक ब्यूरो स्थायी समितिको सदस्यमा निर्वाचित हुनुभयो ।

पार्टीको संविधानबमोजिम केन्द्रीय समितिका रिक्त सिटहरूमा वैकल्पिक सदस्यहरू लु डोङ्लियाङ, बाओ गाङ, सिङ शानपिङ, क्यू यिङपु, लभ जुन, झु तियान्सु, झु गुओक्सियान, लिउ जुन, लिउ जि र लिउ छ्याङलाई चयन गर्ने निर्णय भएको थियो ।

सत्रमा, अनुशासन निरीक्षणका लागि केन्द्रीय आयोगको अनुशासन र कानुनको गम्भीर उल्लङ्घनको प्रतिवेदनमा सिङ्गरुई, लान तियान्ली, लिउ जियानचाओ, वाङ लिक्सिया, जिन झुआङलोङ, लेई फ्यानपेई, यी हुइमान, वाङ सियाङसी, सुन शाओचेङ, ली डी युन्जुङ, वुङ जूङ, वुङ चीन, वुङ फेउ, युन फ्यान जी, झाङ झोंग्याङ, वेन ग्याङ, जिन डोङहान र फाङ होङवेईलाई विचार-विमर्श गरी पारित गरियो । केन्द्रीय सैन्य आयोगको अनुशासन र कानुनको गम्भीर उल्लङ्घनको बारेमा झाङ यूक्सिया, लिउ झेन्ली, वाङ रेन्हुआ, लिउ छिङ्सङ, हुवाङ मिङ, ली छ्याओमिङ, ली वेई, झाङ होङबिङ, वाङ हाइजियाङ, झाङ लिन, वाङ पेङ, लिउ फकिङ, झ्याङ छ्याङ, फ्याङ छ्याङ र फ्याङको प्रतिवेदनमा उल्लेख छ । योङ्सिआङलाई पनि विचार-विमर्श गरी अपनाइयो । राजनीतिक ब्यूरोले मा सिङ्गरुई, झाङ युक्सिया, लिउ झेन्ली, लान तियानली, लिउ जियानचाओ, वाङ लिक्सिया, जिन झुआङलोङ, लेई फ्यानपेई, यी हुइमान, वाङ सियाङसी, सुन शाओचेङ, वाङ रेन्हुआ, लिउ छिङ्सोङ, हुवाङ जिङम, हुवाङ मिङ, हुवाङ, हुवाङ, हुवाङ, हुवाङ, हुवाङ, लिउ फ्यानपेईलाई निष्कासन गर्ने यसअघिका निर्णयहरू तथा वाङ हाईज्याङ, झाङ लिन, वाङ पेङ, लिउ फकिङ, याङ चेङ, झोङ शाओजुन, झाओ सियाओझे, फेई डोङबिन, वु सेङहुआ, यु जियानफेङ, युआन जे, झाङ झोङ्याङ, वेन गाङ, जिन डोङहान, फाङ होङवेई र फ्याङ योङजेलाई पार्टीभित्रको पदबाट हटाउने र पार्टीको सदस्यबाट हटाउने पुष्टि गरिएको छ ।

अधिवेशनमा पार्टीका सबै सदस्यहरूलाई पार्टी केन्द्रीय समितिको केन्द्रबिन्दुमा रहेको कमरेड सी चिनफिङको वरिपरि अझ घनिष्ठ रूपमा लामबद्ध हुन तथा नयाँ युगका लागि चिनियाँ विशेषतासहितको समाजवादमा सी चिनफिङ विचारधारालाई पूर्ण रूपमा कार्यान्वयन गर्न आह्वान गरिएको छ । समर्पण र मेहनतका साथ अगाडि बढौँ, पूर्ण र कठोर पार्टी स्वशासनका साथ अडिग रहौँ र पार्टीको पर्यवेक्षण, शासन, विकास र सुदृढीकरणमा निरन्तर नयाँ आधार निर्माण गरौँ र चीनलाई सबै हिसाबले एक महान आधुनिक समाजवादी राष्ट्रमा निर्माण गर्न र चिनियाँ आधुनिकीकरणको माध्यमबाट सबै मोर्चामा राष्ट्रिय पुनर्जागरणलाई अगाडि बढाउने अथक प्रयासमा सबै जातीय समूहका चिनियाँ जनतालाई एकताबद्ध र नेतृत्व गरौँ ।

जीवनयापनको खर्च र सार्वजनिक सेवाको अवस्थालाई लिएर युरोपभर प्रदर्शन

म्याड्रिड, १ नोभेम्बर (सिन्हुवा)। जीवनयापनको बढ्दो खर्च, आवास समस्या, सार्वजनिक सेवाको अवस्था र राजनीतिक विवादलाई लिएर शनिबार युरोपका विभिन्न प्रमुख सहरमा विरोध प्रदर्शन भएका छन्। सामाजिक सञ्जालमार्फत प्रदर्शनका लागि आह्वान गरिएपछि विभिन्न देशमा प्रहरीले सुरक्षा व्यवस्था कडा पारेको थियो।

फ्रान्सको गृह मन्त्रालयका अनुसार शनिबार देशभर भएका प्रदर्शनमा करिब तीन लाख २० हजार मानिस सहभागी भए। तीमध्ये ७० हजार पेरिसमा थिए। आयोजकहरूले भने देशभर पाँच लाख र राजधानीमा दुई लाख मानिस सहभागी भएको दाबी गरेका छन्।

प्रदर्शनलाई ध्यानमा राख्दै देशभर करिब ७० हजार सुरक्षाकर्मी परिचालन गरिएको थियो। अधिकांश प्रदर्शन शान्तिपूर्ण भए पनि केही स्थानमा प्रहरीसँग झडप भएको थियो। फ्रान्सका गृहमन्त्री लरेन्ट नुनेजका अनुसार प्रदर्शनको क्रममा ४२२ जना पक्राउ परेका छन्।

जर्मनीका ३० भन्दा बढी सहरमा भएका प्रदर्शनमा सार्वजनिक सेवामा लगानी बढाउन, महँगी नियन्त्रण गर्न र अनिवार्य सैन्य सेवाको व्यवस्था हटाउन माग गरिएको थियो। आयोजकहरूका अनुसार १२ सहरको तथ्याङ्कमा मात्रै ६८ हजारभन्दा बढी सहभागी भएका थिए।

फ्राङ्कफर्टमा प्रहरी अधिकारी घाइते भएका थिए भने ह्याम्बर्गमा अवरोधका लागि राखिएका बारमा आगजनी गरिएको थियो। ब्रेमेनमा पनि प्रहरीमाथि आक्रमण भएको जर्मन समाचार संस्था डीपीएले जनाएको छ।

इटालीमा सार्वजनिक सेवा र जीवनयापनको खर्चलाई लिएर शुक्रबार ६० भन्दा बढी सहरमा प्रदर्शन भएका थिए। युनियनको अनुमानमा १५ लाख मानिस सहभागी भए पनि गृह मन्त्रालयले सहभागी सङ्ख्या दुई लाख ५५ हजार रहेको जनाएको छ। शनिबार पनि रोमस्थित कोलोसियम नजिक प्रदर्शनकारी भेला भएका थिए।

पोर्चुगलको लिस्बन र पोर्टोमा आवासको समस्या समाधान गर्न माग गर्दै एक हजारभन्दा बढी मानिसले प्रदर्शन गरेका थिए। लिस्बनमा प्रदर्शनकारीले रोसियो स्क्वायरमा रात बिताउने तयारी गरेका थिए।



यसैबिच, अल्बानियाको राजधानी तिरानामा प्रधानमन्त्री एदी रामाको राजीनामालगायत माग राखेर भइरहेको प्रदर्शन शनिबार १९ औँ दिन पनि जारी रह्यो। प्रदर्शनको क्रममा प्रहरीमाथि पेट्रोल बम र ढुङ्गा प्रहार भएपछि प्रहरीले अश्रुग्यास र पानीको फोहोरा प्रयोग गरेको थियो।

पोल्यान्डको वार्सामा संवैधानिक न्यायाधीकरणको संरचना र नेतृत्वलाई लिएर प्रदर्शन भएको थियो। यता नेदरल्यान्ड्सको द हेगमा सामाजिक सञ्जालबाट भएको आह्वानपछि भेला भएका भिडलाई प्रहरीले तितरबितर पारेको थियो। प्रहरीले दिनभर ३४ जनालाई पक्राउ गरेको जनाएको छ।

स्पेनको म्याड्रिड, बार्सिलोना र भ्यालेन्सियामा पनि सम्भावित अशान्ति रोक्न सुरक्षा व्यवस्था कडा पारिएको थियो। अघिल्लो सप्ताहन्त बार्सिलोनामा भएको झडपमा १५ प्रहरी अधिकारी घाइते भएका र १२८ जना पक्राउ परेका थिए। स्पेनी समाचार संस्था ईएफईका अनुसार अनलाइनमार्फत हिंसा भड्काएको आशङ्कामा प्रहरीले देशभर १० जनालाई पक्राउ गरेको थियो।

चाडपर्वमा उपभोक्ता थप ठगिए ठगी नियन्त्रण कसले गर्ने ?

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकारले संयुक्त राष्ट्रसङ्घमा असोज ८ गते सम्बोधन गर्ने क्रममा 'जब घरमा आगो लागेको हुन्छ, हामी परिवारलाई ५० ओटा फाराम भर्न लगाउँदैनौं, हामी गछौं" भनेको थियो। रसुवाको भोटेकोसी नदीमा भदौ १० गते हिमपहिरो आएको दुई महिना पुग्न लाग्यो। यतिबेला हिमपहिरोमा ज्यान गुमाउनेहरूको शव पहिचानका लागि डीएनए परीक्षण गर्न अझै एक महिना लाग्ने सार्वजनिक भयो। हिमपहिरोमा ५ हजार २८५ जना बेपत्ता भएको र १ हजार ४५७ वटा शव भेटिएको विवरण सार्वजनिक भएको थियो। तीमध्ये ११२ वटा शवको मात्र सनाखत भएको हो। बेपत्ता व्यक्तिका परिवारका २ हजार ६६ जनाको डीएनए परीक्षणका लागि रगतको नमुना लिइएको थियो। यतिबेला डीएनए परीक्षणमा समेत भ्रष्टाचार हुने आशङ्का गर्नेहरू बढेको सार्वजनिक भयो।

दसैँको अवधिमा सडक दुर्घटनामा १२४ जनाले ज्यान गुमाएको र २ हजार ९८८ जना घाइते भएको सार्वजनिक भयो। यति धेरैको मृत्यु र घाइते हुने घटनाले सम्बन्धित परिवारका लागि दसैँमा थप सङ्कट निम्त्यायो। सरकारले दसैँमा सङ्घीय राजधानी र प्रदेश राजधानीबाट लामो दूरी पार गरेर घर जानुपर्ने बाध्यता हटाउन सम्बन्धित जिल्लाका कर्मचारीलाई नजिकका जिल्लासम्म रोजगारी र सरुवाको व्यवस्था गर्नु उपयुक्त हुनेछ। विद्यालय, कलेज र अस्पतालको व्यवस्था सङ्घीय तथा प्रदेश राजधानीमा केन्द्रित गरिएकोले अधिकांश मानिस यतैतिर आउने र दसैँमा फर्कने हुँदा जनधनको क्षति भएको हो। सरकारले देशको सन्तुलित विकास गरी जनतालाई आ-आफ्नै थातथलोमा रोजगारी दिएमा दुर्घटनामा कमी आउनेछ।

दसैँको बेला सङ्घीय राजधानी सुनसानजस्तै थियो। दसैँलगत्तै काठमाडौँमा पुनः भिडभाड बढ्यो। देशमा रोजगारी नपाएर बिदेसिनेको सङ्ख्या बढेसँगै काठमाडौँमा भिडभाड बढेको देखिन्छ। पुराना शासकहरूले स्वदेशमा रोजगारी दिन नसकेको दाबी गर्दै नयाँ शासकहरू आए। उनीहरूले पनि स्वदेशमा रोजगारी दिने बन्दोबस्त गरेनन्। वैदेशिक रोजगारीमा जान लागेकाहरू र उनीहरूलाई बिदाइ गर्न आएकाहरूको भिड काठमाडौँ विमानस्थलमा पुनः बढ्यो। यसरी सरकारमा पुऱ्याउनेहरूले नै नयाँ दाबी गर्नेहरूलाई झूटा कुरा गर्न सिकाएको पुष्टि भयो। अब नेपाली जनता मिलेर पुराना र नयाँलाई पालैपालो सरकारमा पठाउने को को हुन्, खोजी गर्नुपर्ने भयो।

चाडपर्वका बेला नेपाली जनता थरीथरीका मारमा पर्छन्। उपभोग्य सामानको मूल्य वृद्धि हुँदा नेपाली जनता दसैँमा पनि थला पर्छन्। अधिकांश सामानको मूल्य ४० प्रतिशतदेखि ३०० प्रतिशतसम्म बढ्यो। चाडपर्वको बेला बजारमा मनपरी मूल्य असुल्ने व्यापारीहरू पनि थुप्रै देखिए। चाडपर्वमा उपभोक्ताले सामान किन्नैपर्ने बाध्यता हुने भएकाले व्यापारीहरूले सामान्य नाफा मात्र नभई ठगी नै गरेको गुनासो बढेको बताउनेहरू पनि छन्।

आजसम्मका सरकारले चाडपर्वमा र अन्य समयमा पनि बजार अनुगमन गरेको दाबी गरे। तर, बजारमा अचाक्ली मूल्यवृद्धि, मिसावट र म्याद गुज्रिएका सामग्रीको बिक्रीसमेत बढ्यो। कतिपय पसलमा मूल्यसूची नै राखिएन। दसैँपछि भारतीय बिस्कुटमा गाईवस्तुको दाना राखेर बनाइएको सामग्री नेपाली बजारमा भेटिएको सार्वजनिक भयो। सरकारहरूले नेपालमा एउटा गुणस्तरीय बिस्कुट कम्पनीसमेत स्थापना गर्न सकेनन्। केही गर्न नसक्ने सरकारहरू सिंहदरबारमा किन बस्ने ? प्रश्न उठ्नु स्वाभाविक हो।

चाडपर्वमा बिक्रीमा राखिएका खाद्यान्नमा स्वच्छता नहुँदा धेरै नेपाली बिरामी हुन्छन्। खाद्यवस्तुको वैज्ञानिक परीक्षण गर्ने बन्दोबस्त सरकारले गर्न चाहेन। उपभोक्ता अधिकार संरक्षणको लागि कानुन पनि बन्यो तर प्रभावकारी कार्यान्वयन गरिएन। चाडपर्व सकिएपछि सरकारको अनुगमन झन् फितलो हुने निश्चित छ। खाद्य सामग्रीको उत्पादन र वितरण सरकारी निकायबाटै हुने व्यवस्था भए जनताको स्वास्थ्यमा भइरहेको खेलबाड नियन्त्रण हुनेछ। उपभोक्ताले सामान खरिद गर्दा बिल लिने र गुणस्तरहीन सामग्री बिक्री गरेको पाइएमा सम्बन्धित उत्पादक तथा बिक्रेतालाई कडा कारबाही हुने कानुनी व्यवस्था आवश्यक छ। यस्तो व्यवस्था गर्न आजसम्मका सरकारहरू तयार किन भएनन् ?

आजको...

निःस्वार्थ सेवा नगरेको सेना, प्रहरी, गुप्तचर, निजामति कर्मचारीलाई आफ्नो मातहतमा राख्न नसकेको हुँदा गतवर्ष भदौ २३ र २४ को उपद्रव मच्चाउनेहरूलाई मौका मिलेको पुष्टि भयो।

संरा अमेरिकी खोज पत्रकार किट क्लारेनवर्गले 'दि ग्रेजोन' सञ्चार माध्यममा नेपालमा उपद्रव मच्चाउन ८-१० वर्ष अगाडिदेखि नै संरा अमेरिकाको केन्द्रीय गुप्तचर संस्था सीआईएअन्तर्गतका नेड, आइआरआई, सीईपीपीएस, एनडीआईलगायत अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामार्फत करोडौँ डलर पठाई 'नीति संवाद' कार्यक्रममको नाममा तोडफोड र आगजनी समेतको तालिम दिएको खुलासा गरे। अहिले संसद्मा पुगेका कतिपयको नाम 'दि ग्रेजोन' मा उल्लेख भएको सार्वजनिक भयो। तर, उनीहरूले यसको खण्डन गरेनन्। एक विश्लेषकले देश जलाउनेहरूको सात पुस्तासम्म पिरोलिने र मुक्ति नपाउने पनि उल्लेख गरेको बाहिरियो।

संरा अमेरिकी सरकारले इराक र लिबियामा राष्ट्रपतिहरूको हत्या गरी तेल कब्जा गऱ्यो। प्यालेस्टिनी जनताको आमसंहार गरी तेल कब्जा गऱ्यो, भेनेजुयलाका राष्ट्रपति मादुरो दम्पत्तिलाई अपहरण गरी तेल कब्जा गऱ्यो, युक्रेनको दुर्लभ खनिज कब्जा गर्न रुसविरुद्ध आक्रमण गरायो तर रुसले आफ्नो छिमेकी युक्रेनको दुर्लभ खनिज कब्जा गर्न नदिने अडान लियो। दुर्लभ खनिज कब्जा गर्न नपाउने भएपछि संरा अमेरिकाले युक्रेनलाई सहयोग नगर्ने बतायो। जेलेन्स्कीले युक्रेनलाई संरा अमेरिकी सहयोग नहुने भए युरोपेली देशबाट सहयोग हुनुपर्ने, त्यसो नभए युक्रेनका मानिसहरूलाई युरोपका देशहरूमा शरणार्थी बनाएर पठाउने 'घुर्की' देखाएको सार्वजनिक भयो। अर्काको भरमा देश ध्वंस पारी सरकारमा पुगेकाहरू जेलेन्स्कीकै अवस्थामा पुग्ने पनि सत्य हो।

यतिबेला संरा अमेरिकी सरकारले इरानमा आक्रमण गर्न 'आमा बम' (Mother Bomb) आक्रमण गर्ने दाबी गऱ्यो भने इरानले विश्वमै सङ्कट हुने गरी प्रतिरोध गर्ने भनी हतियार प्रदर्शनसमेत गऱ्यो। विश्वका न्यायप्रेमी जनताले हतियार उत्पादन र बिक्री तथा युद्धको विरोध गरी संरा अमेरिकी सरकारको खबरदारी गर्दै छन्। हतियार र युद्धमा भइरहेको खर्बौं डलर मानव जातिको हितमा खर्च गराउनुपर्ने विषय नेमकिपाले उठाउँदै आएको छ।

(भक्तपुरको गोमारी, याता टोलमा कात्तिक ६ र ७ गते सम्पन्न ४६ औँ नेपालभाषा साहित्य तःमुंज्यामा कार्तिक ७ गते प्रेम सुवालले राख्नुभएको मन्तव्यको सारःसं)

संरा...

कब्जामा राखिएको छ भने नेपाली युवालाई भाडाको सिपाही बनाउने सन् १९४७ को गोर्खा भर्तीमा भारत र बेलायत संलग्न छ। रास्वपालाई सरकारको नेतृत्वमा पुऱ्याउन संरा अमेरिकी साम्राज्यवाद र भारतीय एकाधिकार पुँजीको हात रहेको खुलिरहेकै हो।

संरा अमेरिकी सरकार संसारमा आफ्नो प्रतिकूलको सरकारलाई उखेल्न नाकाबन्दी र युद्धमा लागिरहेको पुरानो हो। यसकारण, संरा अमेरिकी सरकारको सार्वजनिक ऋण ४०० खर्ब ४७ अर्ब डलरभन्दा बढी पुगेको सार्वजनिक भयो। पछिल्लो १० वर्षयता संरा अमेरिकी सरकारको ऋण दुई गुणा पुगेको पनि बाहिरियो भने वर्षको ब्याज ११ खर्बभन्दा बढी तिर्दै आएको पनि सार्वजनिक भयो। यो आर्थिक तस्बिर बुझेका विदेशी लगानीकर्ताहरू संरा अमेरिकामा लगानीबाट पछि हटिरहेका छन्। ट्रम्पको दोस्रो राष्ट्रपति कार्यकालसँगै विदेशी लगानी उत्साहित पनि गरिएको हो। तर, इतिहासमै ठुलो ऋणमा डुबिरहेको संरा अमेरिकामा वैदेशिक लगानी आकर्षित भइरहेको छैन।

नेपालमा पनि बहुदल पुनःस्थापना यता सरकारमा गएका दल र तिनका नेताहरूले ऋण ल्याउँदै सडक निर्माणको नाउँमा भ्रष्टाचार बढाएको एकपछि अर्को घटनाबाट पुष्टि भइरहेको छ। यतिखेर सर्वोच्च अदालतका न्यायाधीशहरूसमेतको बिचौलियाहरूसँग सूचना आदान प्रदान भइरहेको सार्वजनिक भयो। नेपालका कानुनका कतिपय विद्यार्थीहरूले 'वकिल घुस खुवाउँछन्, न्यायाधीश घुस खान्छन्' भनी सार्वजनिक रूपमै बोलेका थिए। तर, सरकारमा गएका कुनै पनि पार्टीले यसलाई रोक्ने काम गरेनन्।

ट्रम्पको दोस्रो कार्यकालसँगै उनले क्यानडालाई संरा अमेरिकाको ५१ औँ राज्य बनाउने र ग्रीनलैन्ड कब्जा गर्ने धम्की दिएका थिए। इरानसँग युद्ध गरेका ट्रम्पले इरानलाई खरानी बनाउने पनि धम्की दिए भने इजरायलमार्फत प्यालेस्टिनमा नरसंहार गर्न लगाएका ट्रम्पले प्यालेस्टिनलाई युरोपेली र अमेरिकी धनाढ्यहरूको 'आराम स्थल' बनाउने दाबी पनि गरे। तर, इरानी र प्यालेस्टिनी जनता जस्तोसुकै कष्ट भोग्नु परे पनि संरा अमेरिकी युद्धको प्रतिकार गर्दै छन् भने विश्वका न्यायप्रेमी जनताले साथ पनि दिँदै छन्।

नेपालको...

लिएर विश्व बैङ्क, एडीबी र आईएमएफको ऋण तिर्ने षड्यन्त्रसमेत गरेको कुरा त्यतिबेलै सार्वजनिक भएको थियो। यही गलत नीति रास्वपा नेतृत्वको सरकारले पनि पछ्याउँदै छ। यसकारण, सरकारमा गएका सबै दलको आर्थिक तथा विदेश मामिलासम्बन्धी नीतिमा मौलिक भिन्नता देखिएन। आर्थिक तथा विदेश मामिलासम्बन्धी नीति एउटै भएका दलहरूको अलग अस्तित्वको औचित्य रहँदैन।

गत आर्थिक वर्षमा सरकारले ५३ अर्ब ४४ करोड ६९ लाख रुपैयाँ वैदेशिक अनुदान प्राप्त हुने अनुमान गरेको थियो। महालेखा नियन्त्रक कार्यालयको प्रतिवेदनमा वैदेशिक अनुदानबापत ३१ अर्ब २६ करोड ४१ लाख रुपैयाँ प्राप्त भएको उल्लेख छ भने अर्थ मन्त्रालयका अनुसार २१ अर्ब ६१ करोड रुपैयाँ मात्र प्राप्त भएको छ। सरकारले वैदेशिक अनुदानसम्बन्धी तथ्याङ्कमा १० अर्ब रुपैयाँभन्दा बढीको फरक पर्ने गरी विवरण किन सार्वजनिक गऱ्यो ? गत आर्थिक वर्षमा सरकारले २ खर्ब ३३ अर्ब ६६ करोड रुपैयाँ वैदेशिक ऋण लिने लक्ष्य राखेको थियो। तर, यसमध्ये १ खर्ब ९ अर्ब ४७ करोड रुपैयाँ मात्र प्राप्त भयो।

कविता

देश जलेको क्लिप

● प्रीति

हिजो,
बिचौलिया न्यायाधीश भेट्थे
आज,
न्यायाधीश बिचौलिया भेट्छन्
घुस खुवाउने र खानु
कारोवार त एउटै हो
किनभने,
यो जेन्जीको सरकार हो
हिजो,
सिंहदरबार सम्पदा थियो
आज,
सिंहदरबार खरानी भयो
किनभने,
सुरक्षा निकाय मौन थियो
'वी डिड इट' बोलेकै थियो
देश जलेको क्लिप
सञ्जालमा राखेकै थियो
आतङ्कमा चुनाव गराएर
सरकारमा पुगेकै हो।
(२०८३ कार्तिक १६ गते)

जुवातास खेल्नु र खेलाउनु कानूनी अपराध हो

जुवातास खेले वा खेलाएमा, मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ मा

- पहिलो पटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीस हजारसम्म जरिवाना,
- दोश्रो पटकमा एक वर्षसम्म कैद र पचास हजार रुपैंयासम्म जरिवाना,
- त्यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दश हजार रुपैंयासम्म जरिवाना,
- जुवा खेल्न प्रयोग भएको साधन, जुवाखालमा प्राप्त सम्पूर्ण चल अचल सम्पति जफत हुनेलगायतका कानूनी व्यवस्था छ।



त्यसैले जुवातास नखेलौं-नखेलाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

कार्तिक २३ गते न्हुदँ ११४७ च्यालीमा सहभागी हुन तः मुंज्याको आग्रह



भक्तपुर । ४६ औं नेपालभाषा साहित्य तःमुंज्या आयोजक समितिको आयोजनामा कार्तिक १५ गते ने.सं. ११४७ को न्हुदँ (नयाँ वर्ष) च्याली आयोजना गर्नेसम्बन्धी आवश्यक तयारीका लागि भक्तपुर नगरका विभिन्न दाफा, भजन, बाजा खलः, गुथि तथा सहकारी संस्थाहरूका प्रतिनिधिहरूसँग छलफल गरियो ।

उक्त छलफल कार्यक्रममा नेमकिपाका सचिव प्रेम सुवालले नेपाललाई संयुक्त राष्ट्र सङ्घमा सदस्यता दिलाउन नेपालभाषाको रञ्जना लिपि पेस गरिएको उल्लेख गर्दै नेपाल संवत् नेपालीहरूले सुरुआत गरेको संवत् भएको बताउनुभयो ।

उहाँले नेपालभाषालाई व्यवहारमा ल्याउन सबै नेपालीको योगदान जरुरी भएकोमा जोड दिँदै नेपाल संवत् ११४७ न्हुदँको कार्यक्रममा नयाँ पुस्तालाई समेत साथमा लिएर सहभागी हुनुपर्ने विचार राख्नुभयो ।

नेपालभाषा साहित्य तःमुंज्याका अध्यक्ष आशाकुमार चिकंबञ्जारले 'जनता म्वासा भाषा म्वाई' भन्ने उद्घोष नेपालको वर्तमान परिस्थितिअनुसार झन्झन् प्रमाणित हुँदै गएको बताउनुभयो ।

नेपालभाषा साहित्य तःमुंज्याले आफ्नो दबुमा प्रबुद्ध व्यक्तित्वहरूको सम्मान गर्दै उहाँले आएको उल्लेख गर्दै समाजका विभिन्न बाजागाजालगायत संस्कार संस्कृतिमा सिद्धहस्तहरूलाई सम्मान गर्दै जाने कुरामा जोड दिनुभयो ।

४६ औं नेपालभाषा साहित्य तःमुंज्याको आयोजक समितिका अध्यक्ष उकेश कवांले नेपालभाषा र नेवार संस्कार-संस्कृतिसमेत बचाइराख्न तःमुंज्याले साहित्य र सांस्कृतिक अभियान चलाइरहेको बताउनुभयो ।

कार्तिक २२, २३ र २४ गते क्रमशः लक्ष्मीपूजा, म्हपूजा, किजापूजा गर्ने निर्णय भनपाले गरिसकेको हुँदा सोहीअनुसार गर्न आग्रह गर्दै उहाँले कार्तिक २३ गते बिहान हुने न्हुदँ च्यालीमा दाफा, भजन, गुठी, सांस्कृतिक समूहहरू, सहकारी संस्थाहरूले सहभागिता जनाउन अनुरोध गर्नुभयो । भेलामा नारायणप्रसाद मचामसीले पनि बोल्नुभएको थियो ।

के...

प्रवृत्तिमा मौलिक भिन्नता भएन । पुराना र नयाँ दाबी गरेका पार्टीहरूको ध्यान सिंहदरबारमा सयर गर्नुमै सीमित भयो । नेकपा एमालेका एक केन्द्रीय सदस्यले एक दैनिक अखबारमा लेखे - "२०८२ भदौको जेनजी विद्रोह.. एउटा महत्त्वपूर्ण मोड र राजनीतिक नेतृत्वप्रतिको असन्तुष्टिले युवालाई सडकमा उतारेको थियो । आन्दोलनको चर्को दबाबपछि प्रधानमन्त्री ओलीले राजीनामा दिएर सेनाको हेलिकप्टरमार्फत बालुवाटार छोड्नुपरेको थियो ।"

यो भनाइअनुसार एमालेका केन्द्रीय सदस्यहरूमा जेनजी प्रदर्शनबारे स्पष्ट दृष्टिकोण देखिएन । सेनाको सुरक्षाभित्रको सङ्घीय संसद् भवन, सिंहदरबार, बालुवाटार, शीतल निवास के देशभक्त नेपालीबाट आगजनी हुन सक्छ ? अहँ, हुन सक्दैन । संरा अमेरिकी खोज पत्रकार किट क्लारेनवर्गले 'दि ग्रेजोन' मा संरा अमेरिकी सरकारको केन्द्रीय गुप्तचर आयोग (सीआईए) अन्तर्गतका निकायहरूमार्फत नेपालमा 'नीति संवाद' को नाममा धेरै अगाडिदेखि २ करोडभन्दा बढी डलर पठाएर गत वर्ष भदौमा उपद्रव गराएको सार्वजनिक भएको हो । यसकारण, एमालेका केपी ओली संरा अमेरिकी साम्राज्यवादसँग डराएर भागेका थिए । ओलीलाई चिलीका राष्ट्रपति ययेन्डेले विदेशी सेनासँग अन्तिम सास रहेसम्म लडेको कसरी थाहा भएन ? ओलीलाई वि.सं. १९९७ सालमा गंगालाल, धर्मभक्त, शुक्रराज र दशरथ चन्दजस्ता सहिदहरूले जहानियाँ राणा शासनअगाडि नुझकी देश र जनताको लागि बलिदान हुनुभएको कसरी थाहा भएन ? एमालेले जेनजी उपद्रवलाई 'महत्त्वपूर्ण मोड' कसरी भन्न सक्यो ? जेनजीको दबाबमा ओलीले राजीनामा दिएको हो र ? यो विषय ओलीले स्वीकार गरेका हुन् ? ओली राजीनामा दिएर १२ दिन गुमनाम किन भए ? के यो देश र जनताप्रति विश्वासघात होइन ?

लु...

'चिनियाँ मित्रहरू भक्तपुरमा' पुस्तक नेपालीमा प्रकाशित गरेको विषय अवगत गराउनुभयो ।

नेपाल सधैँ एक चीन नीतिको पक्षमा रहेको स्पष्ट पार्दै प्रमुख प्रजापतिले चीनले गरिरहेको तीव्र आर्थिक विकासले चिनियाँ विशेषतासहितको समाजवादको निर्माण चीनमा सफलतापूर्वक अगाडि बढिरहेको बताउनुभयो । उहाँले चीनले गरेको भौतिक विकास र आर्थिक प्रगति देखेर विश्वका जनता आश्चर्यमा परेको बताउँदै छिमेकी देश चीनले गरेको विकास र समृद्धिबाट नेपाल र नेपालीलाई पनि फाइदा पुग्ने अपेक्षा व्यक्त गर्नुभयो ।

लु सुन एकेडेमीसँग भक्तपुरका साहित्यिक संस्थाहरूले सम्बन्ध बढाउन पाए राम्रो हुने आशा व्यक्त गर्दै लु सुनको जन्मजयन्ती मनाउने क्रममा पञ्चायती शासनकालमा प्रहरी हस्तक्षेप भएको तितो अनुभव सुनाउनुभयो ।

लु सुन सांस्कृतिक प्रतिष्ठानका महासचिव चउ लिङफेइले सन् २०१५ मा आफूले नेपाल भ्रमण गरेको स्मरण गर्दै लु सुन सांस्कृतिक प्रतिष्ठान स्थापना भएको १५ वर्ष भइसकेको जानकारी दिनुभयो ।

प्रतिष्ठानको मुख्य उद्देश्य साहित्यका माध्यमबाट दुई देशबिचको सम्बन्धलाई अझ सुदृढ बनाउनु रहेको बताउँदै उहाँले लु सुन चिनियाँ आधुनिक साहित्यका शिखर व्यक्तित्व भएको उल्लेख गर्नुभयो ।

लु सुनको जन्मको १४० औं वार्षिकोत्सवका अवसरमा चीनमा विभिन्न साहित्यिक गतिविधि सञ्चालन भइरहेको जानकारी दिँदै उहाँले लु सुन चीनका मात्र नभई विश्वकै प्रसिद्ध साहित्यकार भएको बताउनुभयो ।

लु सुनका रचनाबाट सङ्घर्षशीलता र निर्णय क्षमता विकास गर्न सिक्न सकिने उल्लेख गर्दै उहाँले विदेशी मित्रहरूले समेत लु सुनका साहित्य पढेर आफूलाई बुझ्ने र आत्ममूल्याङ्कन गर्ने गरेको बताउनुभयो । भक्तपुरमा लु सुनसम्बन्धी गतिविधिहरू हुँदै आएको जानकारी पाउँदा खुसी लागेको बताउँदै उहाँले लु सुनकै कारण आजको भेट सम्भव भएको उल्लेख गर्दै आगामी दिनमा पनि सहकार्यलाई निरन्तरता दिँदै भक्तपुरका साहित्यकारहरूसँग सम्बन्ध विस्तार गर्ने इच्छा व्यक्त गर्नुभयो ।

सोही क्रममा देवकोटा लु सुन एकेडेमी अध्यक्ष सुनिलकुमार पौडेलले भक्तपुरसँगको पुरानो सम्बन्ध स्मरण गर्दै उहाँले २०६८ सालमा स्थापित देवकोटा-लु सुन एकेडेमीले साहित्यका माध्यमबाट नेपालमा लु सुन र चीनमा देवकोटालाई चिनाउने कार्य गर्दै आएको बताउनुभयो ।

देवकोटा र लु सुनका साहित्यिक कृतिहरू अनुवाद गर्ने अनुवादकहरूलाई समेत पुरस्कृत गर्दै आएको उल्लेख गर्दै उहाँले एकेडेमी भक्तपुरसँग सहकार्य गरी अघि बढ्न तयार रहेको बताउनुभयो ।

भेटमा लु सुन सांस्कृतिक प्रतिष्ठानका उपमहासचिव छयु जियाङलिङ र सहायक झोउ जिङसुआन, चिनियाँ सामाजिक विज्ञान प्रतिष्ठानअन्तर्गत साहित्य संस्थानका उपनिर्देशक झाङ झोङगाङ, अनुसन्धान अध्येताहरू छेङ काई, तान जिया र ली ना, सहप्राध्यापक अनुसन्धान अध्येता झेङ हाइजुआन तथा अनुसन्धानकर्ता छाओ वेइपिङको उपस्थिति रहेको थियो ।

त्यसैगरी, शाओशिङ विश्वविद्यालयको अन्तर्राष्ट्रिय आदानप्रदान तथा सहकार्य कार्यालयका निर्देशक लिङहु वेन्शेङ, लु सुन मानविकी विश्वविद्यालयका प्राध्यापक गु दायोङ र याङ सिन, शाओशिङ स्टोमाटोलोजिकल अस्पतालका चिकित्सक झुओ जोङलियाङ, वरिष्ठ साझेदार लु लिपिङ, व्यवस्थापक जियाङ छाओ तथा वरिष्ठ साझेदार छेन छेन र छाओ फाङयुआन पनि भेटमा सहभागी हुनुहुन्छ । साथै उक्त भेटघाट कार्यक्रममा देवकोटा- लु सुन एकेडेमीका प्रतिनिधिहरूको पनि उपस्थिति रहेको थियो ।

नगर प्रमुख प्रजापतिले लु सुन सांस्कृतिक प्रतिष्ठानका महासचिव चउ लिङफेईसहितको टोलीलाई मयुरको भ्यूपाल र नपाका प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभयो ।

प्रतिनिधिमण्डलले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित खप इन्जिनियरिङ कलेज, खप कलेज अफ इन्जिनियरिङ र खप अस्पतालको अवलोकन भ्रमण तथा भक्तपुरका सांस्कृतिक तथा ऐतिहासिक विश्व सम्पदा स्थलहरूको अवलोकन भ्रमण गऱ्यो ।

विपत्को पूर्व तयारीमा जुटौं



- आपतकालिन सामग्री (खानेपानी, औषधि, टर्च, कागजात, आदि) सधैं तयार राखौं,
- जोखिमयुक्त ठाउँमा बसोबास नगरी सुरक्षित स्थान रोजौं,
- घर निर्माण गर्दा प्राविधिक मापदण्ड पालना गरौं,
- विद्यालय, कार्यालय र समुदायमा विपत् व्यवस्थापन योजना बनाऔं,
- अफबाहको पछि नलागौं - आधिकारिक जानकारीमा मात्र भर परौं ।

विपत् रोक्न सकिँदैन, तर क्षति घटाउन सकिन्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

भक्तपुरमा...

रोटरी पुस्तक प्रदर्शनी २०८३ सम्पन्न

यसैबिच रोटरी क्लब अफ भक्तपुरको आयोजनामा भएको चारदिने रोटरी पुस्तक प्रदर्शनी २०८३ कार्तिक १५ गते सम्पन्न भयो ।

कार्यक्रममा डिस्ट्रिक्ट गभर्नर अफ रोटरीका डीजी विष्णुबहादुर कार्कीले भक्तपुर रोटरी क्लबको पुस्तक प्रदर्शनी विशेष, नौलो र सिर्जनात्मक कार्यक्रम भएको बताउँदै रोटरीको इतिहासमै पुस्तक प्रदर्शनी पहिलो र सफल कार्यक्रम भएको जानकारी दिनुभयो ।

दुई दिन मौसमले साथ नदिए पनि पुस्तकप्रेमीहरूले देखाएको विश्वास, सद्भाव, उदारता र सहयोगले कार्यक्रम सफल बनाउन सम्भव भएको उहाँले बताउनुभयो ।

पुस्तक ज्ञानको स्रोत मात्र नभई समाज परिवर्तन र सभ्य भविष्य निर्माणको आधारसमेत भएको धारणा राख्दै उहाँले पुस्तक प्रदर्शनीमार्फत पठन संस्कृतिको विकास, नयाँ पुस्तामा पुस्तकप्रतिको रूचि अभिवृद्धि तथा भक्तपुरको कला, संस्कृति र साहित्यको प्रवर्द्धनमा सकारात्मक योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेंले बीस वर्षअघि भक्तपुरमा आयोजित पुस्तक प्रदर्शनीको स्मरण गर्दै पुस्तक प्रदर्शनीले विद्यार्थी तथा सिक्नेहरूलाई थप अध्ययन गर्न प्रेरणा दिने बताउनुभयो ।

उहाँले रोटरी क्लबको निःस्वार्थ सेवा, शिक्षा, स्वास्थ्य र विश्व शान्तिका लागि कार्यरत रहने उद्देश्य तथा अभियानको सराहना गर्नुभयो ।

उहाँले सन् २००० मा सिङ्गापुरमा गरेको शैक्षिक अध्ययन भ्रमणको अनुभव सुनाउँदै भन्नुभयो, "सिङ्गापुरका चारै कुनामा क्षेत्रीय पुस्तकालयको व्यवस्था गरिएको तथा सुपरमार्केटनजिकै पुस्तकालय स्थापना गरेर पठन संस्कृतिको विकासका लागि सरकारले गरेको प्रयास सराहनीय छ । आजका दिनमा पनि सिङ्गापुर सरकारले पठन संस्कृतिको विकासका लागि नयाँ नयाँ कार्यक्रम ल्याइरहेको छ ।"

कार्यक्रमका सभापति तथा रोटरी क्लब अफ भक्तपुरका अध्यक्ष दशरथ प्रजापतिले धेरै साथीहरूको सहयोगमा पुस्तक प्रदर्शनी सफल भएको बताउनुभयो ।

तीन दिनसम्मको झरी हुँदाहुँदै पनि पुस्तक मेलामा चौथो दिनसम्ममा आठ हजारभन्दा बढी पाठक सहभागी भएका आयोजकले दाबी गरेको छ ।

एकक्षण — प्रधान

विदेशी हस्तक्षेपले नेपाल सङ्कटग्रस्त

बीस - तीस वर्षसम्म नेपाल विभिन्न विदेशी गैरसरकारी संस्थाहरूको सल्लाह, छलफल र प्रत्यक्ष र अप्रत्यक्ष संरक्षणमा रह्यो । तिनीहरूले नेपाली बुद्धिजीवी र युवा विद्यार्थीहरूलाई दुइटा खुला मन्त्र सुनाए - अब समाजमा 'महिला' र कम उमेरका 'युवाहरूलाई अगाडि' ल्याउनुपर्छ । त्यसबारे प्रश्न उठाएका थिए- महिला भन्नाले 'धनी महिला कि गरिब महिला ? पढेलेखेका कि कम पढेलेखेका ?' तथा युवाको अर्थ २०-३० वर्षका वा ४०-५० वर्षका ? आदि । किनभने, त्यसबेला युवा सङ्गठनहरूका सङ्गठनमा १६ देखि झन्डै ४०-५० का लाई पनि युवामा राखिएका थिए ।

परिणाम देखियो- कुनै महिला सांसद रक्सी खाएर सडकमा सुतेकी, केहीले सिडियोलाई अफिसमै चड्कन हानेका, कुनै कुनै महिला मन्त्रीले लाउड काण्ड, सुडान काण्ड र पासपोर्ट काण्ड आदि गरे । तर, वर्तमान सरकारकै द्वारमा सिंहदरबार, संसद् भवन, प्रधानमन्त्री, राष्ट्रपति भवन एवं सर्वोच्च अदालतसहित देशभर सरकारी कार्यालयहरूमा आगो लाग्दै गर्दा एक महिला सुशीला कार्की प्रधानमन्त्री भइन् र बन्दुककै नालबाट पुरानै राष्ट्रपतिसमेत आए ।

अहिले युवाहरूको अत्यधिक प्रभाव भएको संसद्भित्र र बाहिर संसदीय प्रश्न उठ्दै छ, 'संसदीय दलको नेता नरहे प्रधानमन्त्रीको हैसियत के ?' (नागरिक, दैनिक, १६ कार्तिक २०८३)

ज्ञानका स्रोतहरू दुइटा बताउँछन्- एक, आफ्नै अनुभवको सार, दोस्रो अरूको अनुभव वा अध्ययनबाट । के कुनै निर्दोष बालकलाई युवा भन्दै प्रधानमन्त्री बनाएर के समस्या समाधान होला ?

समाचार आयो- सिर्सिया नदी प्रदूषणमुक्त बनाउन प्रधानमन्त्रीले खटाए टोली ।'

'समिति', 'आयोग' र 'अभियान' को नाम दिँदैमा नदी र खोला सफा हुने भए राजधानीका वाग्मती, विष्णुमती र मनोहर नदी अर्बौं अर्ब खर्च गर्दा पनि किन ढलमती बने ? काठमाडौँ किन फोहरको पोखरी बन्यो ?

फोहर पानी फाल्ने कारखानाहरूको ढललाई उपचार पोखरी बनाउने योजना के कुनै सरकारले गरेको छ ? वा ठुला ठुला सहरहरूको चर्पीका ढलहरूलाई 'उपचार पोखरी' पछि निष्कासन गर्ने के कुनै मेयर र प्रधानमन्त्रीहरूले ल्याएका छन् ?

के नगर योजनाको अर्थ केटाकेटीले खाली कापीमा धर्को तान्ने हो ? राणाकालमा बनाएका नगर 'राजविराज' र पञ्चायतकालको खड्गबहादुर सिंहको पालाको 'नगर योजनाबारे' कहिले सोच्यो ?

कैयौं पटक 'कृष्ण भिर' मा मर्मतको निम्ति खनाएको रकमले अर्को सडक बनाउन सक्थ्यो र बिगारेको पुरानै सुरुङ मार्गलाई चालू गरेको र अर्को पनि सुरुङ मार्ग बनाएको भए देश र जनताको अर्बौं अर्ब रकम खेर जाने थिएन । के ती प्राविधिकहरूले सधैं सोचेर योजनाको कापीमा कलम चलाएका हुन् ? वा ती अनिच्छाको दस्ताबेज मात्र हुन् !

योजना सुरु गर्नुभन्दा १० पटक सोचौं र छलफल गरौं, 'कहिले जाला घाम नगरौं' भन्ने उखान सम्झौं भन्ने जनताको मत हो ।

देश के हो ?

हिमाल, पहाड, तराई र भौतिक वस्तु, जङ्गलका पशुपन्छी, नदीनाला नै देश होइन । बरु देशको चिन्ता गर्ने जनता, कर्मचारी, प्राविधिक व्यक्तिहरू, सरकार (सांसद, मन्त्री, न्यायाधीशहरू-सेना, प्रहरी, गुप्तचर विभागलगायत) विश्वविद्यालय, राजनैतिक दलहरू नै देशका अङ्गहरू हुन् ।

हामी कस्ता छौं ? हेरौं !

१) 'किसानको १२ करोड कर्मचारीका खातामा' (नागरिक, दैनिक १६ कार्तिक, २०८३)

२) 'न्यायालयमा छानबिन, संसद्मा महाभियोगको तयारी' (दैनिक समाचारपत्र-१६ कार्तिक २०८३) ।

३) 'पीएचपी' मा सुरक्षा त्रुटि, हजारौं वेबसाइट बन्द' (कान्तिपुर, ८ कार्तिक २०८३) ।

सामन्तवादी संस्कारहरू (जाति, धर्म, क्षेत्र, प्राथमिकता व्यक्तिगत र सङ्कीर्ण स्वार्थ, नातावाद आदि) बाट आफूलाई मुक्त नगरेका बुद्धिजीवीहरू अगाडि बढेर जनतामा नगएसम्म देशलाई कम समयमा आफ्नै खुट्टामा उभ्याउन समय लाग्नेछ ।

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३